विर्तामोड नगरपालिका

स्थानीय राजपत्र

खण्ड ६ संख्या ५ मिति २०८२/०८/०५

# भाग -२

# बिर्तामोड नगरपालिका

# सार्वजनिक निजी साझेदारी कार्यविधि २०८२"

**प्रस्तावनाः** नगरपालिकाहरूले स्थानीय सरकारको हैसियतमा स्थानीय स्तरमा आ-आफ्ना क्षेत्रका विकास निर्माण तथा सेवा प्रवाह सम्बन्धी कार्य गर्दा आ-आफ्नो क्षेत्र भित्रका उपभोक्ता, निजी क्षेत्र, सामुदायिक संघ संस्था , सहकारी संस्था तथा गैरसरकारी क्षेत्रको परिचालन र समन्वय प्रवर्द्धनलाई प्रोत्साहन गर्नु पर्ने साथै आ-आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा आवधिक , वार्षिक , रणनीतिगतसाथै विषय क्षेत्रगत मध्य मकालीन तथा दीर्घकालिन योजना बनाई कार्यान्वयन गर्नु पर्ने व्यवस्था भए बमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (१५) र दफा (२४)को (८) साथै सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन , २०७५ को दफा ४ को क. र दफा ५१ मा भएको व्यवस्था समेतका आधारमा विर्तामोड नगरपालिकाले सञ्चालन गर्ने विकास निर्माण र सेवा प्रवाहका योजनाहरूलाई सार्वजनिक निजी साझेदारी को माध्यमबाट कार्यान्वयन गर्न वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन , २०७४ को दफा १०२ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी विर्तामोड नगरपालिकाको कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १ (एक)
## परिभाषा र व्याख्या

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम **"सार्वजनिक निजी साझेदारी कार्यविधि, २०८२"** रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिकाले स्वीकृत/पारित गरी राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ।

**२. परिभाषा**ः विषय वा प्रशङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **"नगरपालिका"** भन्नाले विर्तामोड नगरपालिकालाई जनाउँछ।

(ख) **"कार्यपालिका"** भन्नाले विर्तामोड नगरपालिकाको नगर कार्यपालिकालाई जनाउँछ।

(ग) **"प्रमुख"** भन्नाले विर्तामोड नगरपालिकाको नगर प्रमुखलाई जनाउँछ।

(घ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले विर्तामोड नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ।

(ङ) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४, सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन २०७५,समेतका सार्वजनिक निजी साझेदारी सम्बन्धी सङ्घीय तथा प्रदेश सरकार साथै विर्तामोड नगरपालिकाकाऐन कानुनहरू समेतलाई जनाउँछ।

(च) **"सार्वजनिक निजी साझेदारी"** भन्नाले सम्बन्धित सार्वजनिक निकाय/कार्यालय र निजी क्षेत्रका लगानीकर्ता बीचसार्वजनिक निर्माण र सेवा प्रवाह संग सम्बन्धित कुनै योजनाको वित्तीय लगानी तथा स्रोत साधनमा आंशिक वा पूर्ण रुपमा निजी क्षेत्रलाई सम्लग्न गराउने गरी स्रोत र प्रतिफल बाँडफाँड गर्ने, जोखिम व्यहोर्ने वा मुनाफा रहित सेवा प्रवाह गर्ने गरी आपसी सहकार्य तथा साझेदारीमा पूर्वाधार संरचना निर्माण, सञ्चालन, पुनर्स्थापना वा सार्वजनिक सेवा प्रवाह गर्ने विभिन्न विषय क्षेत्र तथा उपक्षेत्र संग सम्बन्धितयोजना कार्यान्वयन गर्ने प्रवन्धलाई जनाउँछ।

(छ) **"सार्वजनिक निकाय /कार्यालय"** भन्नाले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको कार्यालय, नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्वमा वा नियन्त्रणमा रहेको संस्था, कम्पनी वा प्रचलित कानून बमोजिम सार्वजनिक स्तरमा स्थापित वा गठित अन्य संगठित

संस्था वा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नेपाल सरकारले सार्वजनिक निकाय भनी तोकिदिएको सार्वजनिक निकाय वा संस्थालाई जनाउँछ ।

(ज) **“निजी क्षेत्र”** भन्नाले प्रचलित कानून बमोजिम विकास निर्माण र सेवा प्रवाह सम्बन्धीका योजनाको(पूर्वाधार संरचनाको सम्भाव्यता अध्ययन,सर्वेक्षण,विस्तृत परियोजना प्रस्ताव तयारी ,डिजाइन, निर्माण, पुनःर्निर्माण, पुनर्स्थापना, मर्मत संभार,सञ्चालन व्यवस्थापन, विकास साथै सेवा प्रवाहसंग सम्बन्धित समेत आदी) कार्यान्वनय गर्ने वा सञ्चालन व्यवस्थापन गर्ने सार्वजनिक निकाय बाहेकका मान्यता प्राप्त व्यक्ति,उपभोक्ता,समूह, फर्म, कम्पनी,बैंक तथा वित्तीय संस्था ,सहकारी संस्था, स्थानीय सामुदायिक संघ संस्था वा गैर सरकारी संस्थालाई जनाउँछ ।

(झ) **“कम्पनी”** भन्नाले सरकारी, अर्ध सरकारी ,सार्वजनिक, निजी, बैदेशिक, संयुक्त लगायत प्रचलित कम्पनी ऐन कानून बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयमा वा सो मातहतका कार्यालयमा तोकिए बमोजिमका प्रकृया पुरा गरी दर्ता भएको पब्लिक लिमिटेड वा प्राइभेट लिमिटेड कम्पनीलाई जनाउँछ ।

(ञ) **“योजना”** भन्नाले सार्वजनिक निजी साझेदारीमा सञ्चालन गर्ने भनी नगरपालिकाले सूचीकृत गरेका वा स्वीकृत गरेका वा पहिचान गरी प्राथमिकता निर्धारण गरेका साथै आवधिक,वार्षिक तथा मध्यमकालीन योजना वा आयोजना बैंकमा समावेश भएका योजनाहरूलाई जनाउँछ ।

(ट) **“योजनाको लागत”** भन्नाले कानून बमोजिम सम्बन्धित पक्षबाट अध्ययन अनुसन्धान गरी वा विस्तृतआयोजना प्रतिवेदन (डिपिआर) तयार गरी वा परियोजना प्रस्ताव तयार गरी प्रचलित ऐन कानून बमोजिम यकिन गरिएको कुल लागतलाई जनाउनेछ ।

(ठ) **“पूर्वाधार संरचना”** यसै कार्यविधिको दफा ३को (१) मा उल्लेख भएका विषयहरूलाई जनाउँछ । यस शब्दले यस्तै प्रकृतिका अन्य पूर्वाधार संरचनालाई समेत जनाउनेछ ।

(ड) **“आर्थिक विकास तथा सार्वजनिक सेवा”** भन्नाले यसै कार्यविधिको दफा ३ को (२) मा उल्लेख भएका विषयहरूको

माध्यमबाट पुर्याउने सेवा तथा कार्यक्रमहरूलाई जनाउँछ। यस शब्दले यस्तै प्रकृतिका अन्य कार्य तथा कार्यक्रमहरूलाई समेत जनाउनेछ।

(ढ) **"समिति/इकाई/कार्यदल"** भन्नाले यसै कार्यविधिमा भएको व्यवस्था बमोजिम नगरपालिका तथा सार्वजनिक निजी साझेदारी समन्वय समितिलेगठन गरेका समिति/उपसमिति/इकाई/कार्यदललाई जनाउँछ। यस शब्दले आवश्यकताका आधारमा यसै कार्यविधि बमोजिम दिगो रुपमा वा योजनागत रुपमा निश्चित अवधिका लागि गठन भएका वा गरिएका हुने समिति/उपसमिति/इकाई/कार्यदललाई समेतलाई जनाउनेछ।

(ण) **"लगानीकर्ता"** भन्नाले सार्वजनिक निजी साझेदारी अन्तर्गतसूचीकृत भएका योजनाहरूको कार्यान्वयनमा लगानी गरेको वा लगानी गर्न ईच्छा व्यक्त गर्ने वा गरेको व्यक्ति, उपभोक्ता, समूह, फर्म, कम्पनी, बैंक तथा वित्तीय संस्था, सहकारी संस्था, स्थानीय सामुदायिक संघ संस्था वा गैर सरकारी संस्था वा निकाय वा समुदायलाई जनाउँछ।

(त) **"लगानी"** भन्नाले सार्वजनिक निजी साझेदारी अन्तर्गतका योजनामा भएको वा गरिएको वा हुने लगानीलाई जनाउँछ।

(थ) **"निजी लगानी"** भन्नाले व्यक्ति, कम्पनी वा संघ संस्था लगायतका निजी क्षेत्र बाट गरिने एकल वा संयुक्त लगानीलाई जनाउँछ।

(द) **"प्रस्ताव"** भन्नाले सार्वजनिक निजी साझेदारी अन्तर्गतस्वीकृत, सूचीकृत वा वर्गिकृत भएका योजनाहरूको कार्यान्वयनका लागि कुनै पनि लगानीकर्ताले कुनै पनि समयमा सोझै वा नगरपालिकाबाट माग भए बमोजिम तोकिएको समय सीमा भित्र सार्वजनिक निजी साझेदारी अन्तर्गत कार्यान्वयन हुने योजनाका लागि पेश गरेको प्राविधक तथा आर्थिक प्रस्तावलाई जनाउँछ।

(ध) **"संझौता"** भन्नाले सार्वजनिक निजी साझेदारी अन्तर्गतका योजनाको कार्यान्वयनका लागि नगरपालिका र लगानीकर्ताबीच भएको वा गरिएको परियोजना लगानी सम्झौता वा सुविधा सम्झौता वा अन्य यस्तै प्रकारका सम्झौतालाई जनाउँछ।

(न) **"सेवा शुल्क/महशुल/कर"** भन्नाले सार्वजनिक निजी साझेदारी अन्तर्गतका योजनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन वा सेवा प्रवाह गरे गराए वापत नगरपालिकाले निर्धारण वा तोके बमोजिम वा सम्झौतामा उल्लेख भए बमोजिमको सम्बन्धित सञ्चालकले

उपभोक्तासंग लिने इजाजत शुल्क, प्रवेश शुल्क, सरसफाई तथा वातावरण शुल्क, खानेपानी तथा विद्युत महशुल लगायतका सेवा शुल्क वा महशुल साथै जग्गा जमिन, भवन समेतका संरचना साथै मेसिन, यन्त्र तथा उपकरणहरूप्रयोग गरे वा गराए वापतको भाडा वा बहाल रकम, घर बहाल कर, ठेक्का कर लगायतका अन्य सेवा शुल्कलाई जनाउँछ ।

(प) **"कोष"** भन्नाले सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५ साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम सार्वजनिक निजी साझेदारी अन्तर्गत सञ्चालन हुने योजनाहरूको सञ्चालन व्यवस्थापनका लागि स्थापना गरिएको कोष लाई जनाउँछ ।

## परिच्छेद २ (दुई)

## योजना, आवश्यकताको पहिचान र छनौट, सम्भाव्यता अध्ययन, प्राथमिकीकरण साथै योजना र लगानीको ढाँचा सम्बन्धी व्यवस्था

### ३. योजनाः

(१) नगरपालिकाको कार्य क्षेत्र तथा जिम्मेवारी भित्र रहेका वा रहने आर्थिक, सामाजिक, पूर्वाधार, वन तथा वातावरण र संस्थागत विकास समेतका सार्वजनिक निजी साझेदारीमा सञ्चालन गर्न सकिने पूर्वाधार संरचना संग सम्बन्धित योजनाहरूको क्षेत्र देहाय बमोजिम हुनेछन् ।

१. **यातायात तथा ढुवानी व्यवस्थापनः** यातायात तथा ढुवानी व्यवस्थापनमा आधारित स्थानीय सडक ,पुल (आकासे/फ्लाईओभर समेत) तथा कलभर्ट, रेलवे तथा ट्रलिवस लाईन , मोनो/मेट्रो/स्काई रेल, जलमार्ग , केवुलकार, यातायात तथा ढुवानीका साधनका लागि विश्राम/पार्किङ/टर्मिनल स्थल, विमानस्थल,विद्युतीय सवारी साधन चार्जिङ स्टेशन लगायतका संरचना निर्माण, सञ्चालन तथा व्यवस्थापन ।

२. **उर्जा उत्पादन तथा विकासः** उर्जा उत्पादन तथा विकासमा आधारित जलस्रोत युक्त विद्युतीय, जैविक तथा बायो, वायू तथा सौर्य लगायतका तापीय तथा भूतापीयबैकल्पिक उर्जाको उत्पादन , प्रशारण तथा वितरण लगायतका संरचना निर्माण, सञ्चालन तथा व्यवस्थापन ।

३. **सिंचाई व्यवस्थापनः** सिंचाइ पूर्वाधार विकास अन्तर्गतबाँध, सतह तथा सुरुङमा आधारित नहर, लिफ्ट इरिगेसन,कुलो/पैनी, भूमिगत तथा वर्षातको

पानी संरक्षणमा आधारित सिंचाइ पूर्वाधारयुक्त संरचनाकोनिर्माण, सञ्चालन तथा व्यवस्थापन।

४. **स्वास्थ्य सेवा प्रवाह तथा व्यवस्थापनः** स्वास्थ्य सेवा प्रवाह तथा व्यवस्थापन अन्तर्गतका अस्पताल , स्वास्थ्य केन्द्र , स्वास्थ्य चौकी , ट्रमा सेण्टर, प्राकृतिक चिकित्सा प द्धतिमा आधारित आयुर्वेद केन्द्र तथा आयुर्वेदिक औषधालय , होमियोपेथिक औषधालय ,व्यायामशाला, खानेपानी, सार्वजनिक शौचालय,लगायतका संरचना निर्माण, सञ्चालन तथा व्यवस्थापन ।

५. **पर्यटकीय स्थल तथा मनोरञ्जनकेन्द्रः** पर्यटकीय स्थल तथामनोरञ्जन केन्द्र अन्तर्गतका पार्क , पोखरी, जल विहार, वाटर पार्क, बोटिङ स्थल, स्वीमिङ पुल, रङ्गशाला/खेलमैदान , होमस्टे, परम्परागत पहिरन, परिकार तथा संग्रहालय,कन्सर्ट, सिनेमा हल/मनोरञ्जन केन्द्र/गृह,भ्यूटावर, धार्मिक, सांस्कृतिक तथा सांगीतिक केन्द्र, र्याफ्टिङ लगायतका सम्भाव्य साहसिक खेलमा आधारित संरचना लगायतका संरचना निर्माण, सञ्चालन तथा व्यवस्थापन ।

६. **भवनः** भवन अन्तर्गतआवासीय भवन तथा अपार्टमेण्ट, एकीकृत जग्गा विकास आयोजना, आवासीय कोलोनी, एकीकृत वस्तिविकास,सार्वजनिक सभा गृह तथा सम्मेलन केन्द्रलगायतका संरचना निर्माण, सञ्चालन तथा व्यवस्थापन ।

७. **व्यापार व्यवसायः** व्यापार व्यवसायअन्तर्गतका व्यवसायिक भवन/कम्प्लेक्स, सपिङ सेण्टर, ट्रेड सेण्टर, वित्तीय पूर्वाधार केन्द्र, कृषि तथा पशुपक्षीमा आधारित हाट बजार केन्द्र, शीतभण्डार, गोदाम घर, प्रशोधन केन्द्र (कृषि तथा पशुपक्षी जन्य उत्पादनमा आधारित समेत), विशेष आर्थिक तथा व्यापारिक केन्द्र, सुख्खा बन्दरगाह, औद्योगिक क्षेत्र/ग्राम, पशु बधशाला (स्वास्थ्य व्यवस्थापन अन्तर्गत समेत समेट्न सकिने), होटल तथा पर्यटन क्षेत्र, कृषि तथा पशुपालन क्षेत्र, सूचना तथा सञ्चार गृह लगायतका संरचना निर्माण, सञ्चालन तथा व्यवस्थापन ।

८. **शैक्षिक क्षेत्रः** शैक्षिक क्षेत्रअन्तर्गत विद्यालय तथा शिक्षालय, पुस्तकालय, व्यवसायिक तथा प्राविधिक शिक्षालय, सिप विकास तथा व्यवसायिकतालिम केन्द्र, शिक्षण अस्पताल, नर्सिङ कलेज लगायतका संरचना निर्माण, सञ्चालन तथा व्यवस्थापन ।

९. **फोहोरमैला व्यवस्थापनः** फोहोरमैला व्यवस्थापनअन्तर्गत ढल, सतह तथा भूमिगत नाला, फोहोरमैला सङ्कलन केन्द्र तथा डम्पिङ साइट, फोहोरमैला प्रशोधन ( परम्परागत तथा आधुनिक प्रविधिमा आधारित समेतका सम्भाव्य सवै) केन्द्र, सडक तथा सार्वजनिक स्थल सफाई, फोहोरमैला व्यवस्थापन/डम्पिङ वा ल्याण्डफिल स्थल, सवदाह स्थल तथा गृह लगायतका संरचना निर्माण, सञ्चालन तथा व्यवस्थापन।

१०. **वन तथा वातावरण संरक्षण र प्रवर्ध्दनः** यस अन्तर्गतवन जङ्गल, जलाधार क्षेत्र तथा जलासय, वन्यजन्तु, चराचुरुङ्गी लगायत जैविक विविधताको संरक्षण, प्रवर्द्धन तथा व्यवस्थापनका क्षेत्रका संरचना निर्माण, सञ्चालन तथा व्यवस्थापन।

११. सङ्घीय तथा प्रदेश कानूनले निर्धारण गरेका साथै नगरपालिकाले तोकेका अन्य क्षेत्र।

**(२)** विर्तामोडनगरपालिकाले सञ्चालन गर्ने आर्थिक विकास तथा सार्वजनिक सेवा प्रवाह संग सम्बन्धित देहाय बमोजिमका योजनाहरूलाई सार्वजनिक निजी साझेदारी मार्फत सञ्चालन तथा व्यवस्थापन गर्न सकिनेछ।

१. **कृषि तथापशुपक्षी पालन व्यवसायः** यस अन्तर्गतअन्नबाली, तरकारी, फलफूल, नगदेवाली, जडिबुटी खेती, गाई, भैंसी, भेडा/बाख्रा, सुंगुर/बङ्गुर, कुखुरा/हाँस/परेवा, कानूनी रुपमा पालन गर्न सकिने वन्यजन्तु लगायतको पकेट क्षेत्र/कन्ट्रयाक्ट फार्मिङ/सामुहिक खेती प्रणाली लगायतको विकास, सञ्चालन तथा व्यवस्थापन।

२. **पर्यटन व्यवसाय तथा क्षेत्रः** यस अन्तर्गत होटल, होमस्टे, पार्क, पोखरी, धार्मिक स्थल, मनोरञ्जन केन्द्र तथा स्थल, मेला, उत्सव तथा जात्राहरूको आयोजना, सांगीतिक तथा धार्मिक कार्यक्रम, साहसिक खेलमा आधारित क्षेत्र लगायतका पर्यटकीय स्थल/क्षेत्रहरूको सञ्चालन तथा व्यवस्थापन।

३. **औद्योगिक विकास तथा व्यवसायः** यस अन्तर्गतलघु तथा घरेलु उद्योग, औध्योगिक ग्राम, लगायतको सञ्चालन तथा व्यवस्थापन।

४. **व्यापार व्यवसायः** यस अन्तर्गतव्यवसायिक भवन/कम्पलेक्स, सपिङ्ग मल, ट्रेड सेण्टर, सार्वजनिक गोदाम घर, चिस्यान केन्द्र, कृषि तथा पशुपक्षीहाटबजार लगायतका व्यापार व्यवसायमा आधारित क्षेत्रको सञ्चालन तथा व्यवस्थापन।

५. **सार्वजनिक सभाहल तथा केन्द्रः** यस अन्तर्गतसभा सम्मेलन केन्द्र, सामुदायिक भवन, सिनेमा हल/मनोरञ्जन केन्द्र तथा स्थल, खेलमैदान, स्विमिङ पुल लगायतको सञ्चालन तथा व्यवस्थापन।

६. **यातायात तथा ढुवानीः** यस अन्तर्गत मेट्रो रेल/मोनो रेल, ट्रलीबस, विध्युतीय वस सेवा, केवलकार, यातायात तथा ढुवानीका साधनहरूको पार्किङ्ग स्थल, विद्युतीय सवारी साधन चार्जिङ स्टेसन लगायतको सञ्चालन व्यवस्थापन।

७. **शिक्षाः** यस अन्तर्गत शैक्षिक परामर्श सेवा केन्द्र, सिप विकास तथा क्षमता विकास तालिम केन्द्र,सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार,साक्षरता अभियान, वित्तीय साक्षरता, शैक्षिक जागरण तथा जनचेतना अभिबृद्धि लगायतका कार्यक्रमको सञ्चालन तथा व्यवस्थापन साथै विद्यालय जाने अवसर नपाएका, बिचैमा विद्यालय छाडेका, मौसमी बसाईसराईका कारण पठन पाठनमा बाधा पुगेका र अपाङ्गता भएका बालबालिकाको शिक्षा, स्वास्थ्य र सरसफाई व्यवस्थापन सम्बन्धिका कार्यक्रमहरूको सञ्चालन तथा व्यवस्थापन।

८. **स्वास्थ्य सेवा प्रवाहः** यस अन्तर्गतनगर अस्पताल, स्वास्थ्य परामर्श सेवा केन्द्र, गर्भवती तथा नवजात शिशु स्याहार केन्द्र, पोषण सहयोग, पूर्ण सरसफाई अभियान, उपचार तथा खोपसेवा केन्द्र, पशुपक्षी स्वास्थ्य परिक्षण, मानव तथा पशुपक्षी स्वास्थ्य सेवा घुम्ति शिविर साथै जनचेतना अभिबृध्दि अभियान, खानेपानी वितरण, सार्वजनिक शौचालय, लगायतका योजना तथा कार्यक्रमहरूको सञ्चालन तथा व्यवस्थापन।

९. **वन तथा वातावरणः** यस अन्तर्गत बनजङ्गलको संरक्षण; बृक्षारोपण; प्राकृतिक तथा जैविक विविधताको संरक्षण तथा प्रवर्द्धन; सरसफाई तथा फोहोरमैला सङ्कलन, प्रशोधन तथा व्यवस्थापन; ध्वनी तथा वायु प्रदुषण न्यूनीकरण; नागरिक कर्तव्य र जिम्मेवारी सम्बन्धी जनचेतना अभिबृद्धिलगायतका कार्यक्रमहरूको सञ्चालन तथा व्यवस्थापन।

१०. **सामाजिक सुरक्षा, प्राकृतिक प्रकोपतथा विपद् व्यवस्थापनः** यस अन्तर्गत दमकल, एम्बुलेन्स, शववाहन, पानी पोखरी संरक्षण, खुला क्षेत्रको प्रवन्ध, सीसी क्यामरा जडान, विपद् व्यवस्थापन केन्द्र, विपद् व्यवस्थापन कोष, अपाङ्ग तथा बालबालिका मैत्री पूर्वाधार, फरक क्षमता भएका, जेष्ठ

नागरिक तथा असहाय व्यक्तिहरूको हेरचाह तथा संरक्षण लगायतका कार्यक्रमहरूको सञ्चालन व्यवस्थापन।

११. **राजस्व तथा सेवा शुल्क सङ्कलनः** यस अन्तर्गत नगरपालिकाले निर्धारण गरेको कर तथा राजस्वको दायरा भित्र रही कर तथा राजस्व सङ्कलन, खानेपानी तथा विद्युत महशुल सङ्कलन, राजस्व तथा सेवा शुल्कका सम्भाव्य स्रोतहरूको पहिचान तथा विश्लेषण लगायतका कार्यक्रमहरूको सञ्चालन व्यवस्थापन।

(३) उपदफा (१) र (२) मा समावेश भए बाहेकका सङ्घीय सरकार, प्रदेश सरकार साथै नगरपालिकाले सार्वजनिक निजी साझेदारीमा सञ्चालन तथा व्यवस्थापन गर्ने भनीस्वीकृत तथा उल्लेख/सूचीकृत गरेका स्थानीय तहको कार्य क्षेत्र भित्र पर्ने भौतिक पूर्वाधारयुक्त संरचना तथा आर्थिक विकास र सेवा प्रवाहसंग सम्बन्धित योजनाहरूसमेत उल्लेखित शीर्षक अन्तर्गत समेटेर कार्यान्वयनमाल्याउन सकिनेछ।

(४) उपदफा (१)देखि (३) सम्मका योजनाहरूको सार्वजनिक निजी साझेदारीको ढाँचा यसै कार्यविधिको दफा ६ मा उल्लेखभए बमोजिम हुनेछन्।

(५) उपदफा (४) मा उल्लेख भएका साझेदारीका ढाँचा प्रचलित ऐन कानून बमोजिम तथा कार्यपालिकाको निर्णय बमोजिम यस कार्यविधिमा थपसंशोधन तथा परिमार्जन गरी कार्यान्वयनमा ल्याउन सकिनेछ।

## ४. आवश्यकताको पहिचान र छनौट

(१) दफा ३ मा उल्लेख गरिएका सार्वजनिक निजी साझेदारीमा कार्यान्वयनमा लैजान सकिने सम्बन्धित विषय तथा उपविषय गत क्षेत्रका योजनाहरू मध्येबाट नगरपालिकाको स्रोत तथा कार्य क्षमताको विश्लेषणका आधारमा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनले निर्धारण गरेको मापदण्ड भित्र रहीस्थानीयबासिन्दाको आवश्यकता, नगरपालिकाको नीति कार्यक्रममा आधारित आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण र संस्थागत क्षेत्रको दिगो विकास र दिगो विकास लक्ष्यमा योगदान पुर्याउनेप्रकृतिका आवधिक, मध्य मकालीन, वार्षिक योजना तथा योजना बैंकमा समावेस भएका साथै नगर कार्यपालिकाले उपयुक्त ठानेकाअन्य बहुवर्षिय, मध्यमकालीन,

वार्षिक तथा अल्पकालीन योजनाहरूको पहिचान र छनौट गरी सूची तयार गरिनेछ।

(२) पहिचान तथा छनौट गरेका योजनाहरूलाई **सार्वजनिक निजी साझेदारी समन्वय समितिले** नगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति, निजी क्षेत्र, विषयगत विज्ञ, प्राज्ञिक बर्ग लगायत सम्बन्धित सरोकारवाला साथै स्थानीय उपभोक्ताहरू समेतको भेला, अन्तर्क्रिया वा गोष्ठी गरी कार्यान्वयनको बलियो आधार तयार गर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम प्रारम्भिक रुपमा पहिचान तथा छनौट भएका योजनाहरूलाई प्राथमिकताका आधारमा सार्वजनिक निजी साझेदारी समन्वय समिति मार्फत सम्भाव्यता अध्ययन/परियोजना प्रस्ताव तयारीको सहमतिका लागि कार्यपालिकाको बैठकमा पेश गरिनेछ।

(४) उपदफा (३) बमोजिम कार्यपालिकाको बैठकबाट सम्भाव्यता अध्ययनका लागि सहमति प्राप्त भएका योजनाहरूको सम्भाव्यता अध्ययन/परियोजना प्रस्ताव तयार गरिनेछ।

(५) उपदफा (४) बमोजिमसम्भाव्यता अध्ययन तथा परियोजना प्रस्ताव तयार गर्दा नतिजामुखी योजनाहरूको मात्र कार्यान्वयनका लागि न्यूनतम रुपमा अनुसूची२ मा उल्लेख भएको प्रकृया/फर्मेट /टेम्प्लेट बमोजिम न्यूनतम रुपमा सम्बन्धित योजनाको वर्तमान अवस्थाको विश्लेषण सहितको पृष्ठभूमि, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति, सम्भावित लगानीको मात्रा,स्रोतको सम्भावना, साथै यस योजनाको कार्यान्वयन बाट प्राप्त हुने नतिजा, असर र प्रभावका बारेमा स्पष्ट उल्लेख गरिनेछ।

(६) उपदफा (५) बमोजिम सम्भाव्यता अध्ययन/परियोजना प्रस्ताव समेतबाट छनौट भएका प्राथमिकता प्राप्त योजनाहरूनगरपालिकाको नीति, कार्यक्रम र बजेटमा समावेस गर्न बजेटतथा कार्यक्रम तर्जुमा समिति मार्फत कार्यपालिकामा साथै कार्यपालिका मार्फत स्वीकृतिका लागि नगर सभामा पेशगरिनेछ।

(७) उपदफा (६) बमोजिम कार्यपालिका तथा नगर सभाबाट सहमति/स्वीकृत प्राप्त योजनाहरूलाई नगरपालिकाको आयोजना बैङ्कमा समेत समावेश गरिनेछ।

(८) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भएतापनि सम्भाव्यता अध्ययन गरी परियोजना प्रस्ताव सहित आकस्मिक रुपमा कुनै योजनाको कार्यान्वयनको प्रस्ताव प्राप्त हुन आएमा योजनाले पार्ने सकारात्मक प्रभाव साथै साझेदार, लगानी र प्रतिफलको सुनिश्चितता भएको पाईएमा यस प्रकारका योजना तत्काल कार्यान्वयन गर्नु पर्ने अवस्था रहेमा वा देखिएमा सार्वजनिक निजी साझेदारी समन्वय समितिको सिफारिसमा आगामीनगरसभाबाट अनुमोदन हुने गरी कार्यपालिकाको स्वीकृतमा कार्यान्वयन गर्न कुनै बाधा पुगेको मानिने छैन।

**५. योजनाको प्राथमिकिकरणः**

(१) सम्भाव्यता अध्ययन तथा परियोजना प्रस्ताव तयार भएका वा नभएका तर छनौट भई सम्भावना भित्र परेकायोजनाहरू दुई वा दुई भन्दा बढी भएमा सम्बन्धितयोजनाहरूलाई विषयगत क्षेत्रका आधारमा अनुसूची३ मा उल्लेख भएको विधिको प्रयोग गरी प्राथमिकता क्रम निर्धारण गरिनेछ।

(२) सम्भाव्यता अध्ययन/परियोजना प्रस्ताव तयार भईसकेका तर कार्यान्वयनमा आउन बाँकी रहेकोयोजना एक मात्र भएमा साथै उक्तयोजनाले सम्बन्धित क्षेत्रमा सकारात्मक नतिजा दिने तथा प्रभाव पार्ने देखिएमा सार्वजनिक निजी साझेदारी समन्वय समितिको सिफारिस वा प्रस्तावका आधारमा आगामी नगरसभाबाट अनुमोदन गराउने गरी स्रोतको सुनिश्चितता सहित नगर कार्यपालिकाले निर्णय गरी सोझै कार्यन्वयनमा लैजान सक्नेछ।

(३) योजनाहरूलाई कार्यान्विनयमा लैजादा प्रथम प्राथमिकता प्राप्त योजनाको कार्यान्वयनलाई सबैभन्दा बढी महत्व दिनु पर्नेछ। प्रथम वा दोस्रो प्राथिमकतामा रहेका योजनाहरूबाट प्राप्त हुने प्रतिफल तथा प्रभावका आधारमा सम्बन्धित प्राथमिकताको रोलक्रम निर्धारण गर्न भने सकिनेछ।

(४) प्रथम प्राथमिकताका योजनाहरू कार्यान्वयन गर्न बाँकी रहदा रहदै दोस्रो प्राथमिकता क्रममा रहेका योजनाहरूको कार्यान्वयन गर्नु पर्ने अवस्था सिर्जना भएमाउक्त योजना कार्यान्वयनमा ल्याउनु वा लैजानु

पर्नाको पर्याप्त पुष्ट्याई सहितका कारणहरू उल्लेख गर्न अनिवार्य हुनेछ ।

(५) लगानीकर्ताको सुनिश्चितता रहेका र परियोजना प्रस्ताव समेत तयार भएका योजनाहरूलाई उपदफा (४)बमोजिम कार्यान्वयनमा लैजान कुनै बाधा पुगेको मानिने छैन ।

**६. साझेदारीका ढाँचा:**

(१) आर्थिक,सामाजिक, भौतकि पूर्वाधार, वन तथा वातावरण र संस्थागत विकास र सेवा प्रवाह संग सम्बन्धित योजनाहरूको कार्यान्वयनका लागि सार्वजनिक निजी साझेदारीको ढाँचा (मोडेल) अनुसूची १ मा उल्लेख भएकामध्ये कुनै एक वा एक भन्दा बढी वा प्रचलित ऐन कानून र सम्भावना समेतका आधारमा निर्धारण भएका ढाँचा बमोजिम हुनेछन् ।

(२) उपदफा (१) मा उल्लेख भएका अतिरिक्त प्रचलित ऐन कानूनको अधिनमा रहि भविश्यमा संघीय तथा प्रदेश सरकार साथै नगरपालिकाले समय समयमा तोक्ने अन्य प्रकारका उपयुक्त ढाँचाहरू समेत यसै कार्यविधि बमोजिम व्यवस्था भएका वा निर्धारण गरिएका ढाँचाको रुपमा मानिनेछ ।

**७. लगानीको ढाँचा:**

(१) सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गरिने योजनाहरू समान्यतया निजी क्षेत्रको एकल लगानीमा कार्यान्वयन गर्ने कार्यलाई प्रथम प्राथमिकता दिनु पर्नेछ ।

**(२)** उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाको प्राथमिकतामा परेको कुनै पनि योजनामा नगरपालिका र निजी क्षेत्रको संयुक्त लगानीमा कार्यान्वयन गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिमका कुनै योजनामा संघीय वा प्रदेश सरकार वा अन्य स्थानीय तहको एकल वा संयुक्त लगानी साझेदारीमा कार्यान्वयन गर्न सकिने अवस्था रहेमा सोहि बमोजिम गर्न सकिनेछ ।

(४) उपदफा (३) बमोजिमका योजनामा नगरपालिका तथा अन्य सार्वजनिक निकायबाट गरिने लगानी तथा साझेदारीको हिस्सा योजनाको प्रकृति अनुसार आपसी सहमति र क्षमताका आधारमा फरक फरक हुन सक्नेछ ।

(५) उपदफा (३) र (४) बमोजिम कार्यान्वयनमा आउने योजनाहरूको प्रस्ताव तथा सम्झौतामा सम्बन्धित निकाय समेतको आधिकारिक हस्ताक्षर तथा छाप अनिवार्य रहनेछ।

**८. सार्वजनिक निजी साझेदारी नमानिनेः**

(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै योजनामा वित्तीय, प्राविधिक, सञ्चालन वा व्यवस्थापन, जोखिम व्यवस्थापन सम्बन्धमा नगरपालिका र निजी क्षेत्र दुवैको सहभागिता वा साझेदारी नरहि नगरपालिकाले निजी क्षेत्रबाट मात्र कुनै काम वा सेवा प्राप्त गर्ने उद्देश्यबाट सञ्चालन भएका तथा हुने योजनालाई सार्वजनिक निजी साझेदारी बमोजिमको कार्यान्वयन वा प्रवन्ध भएको मानिने छैन।

**(२)** उपदफा (१) बमोजिम सञ्चालन वा कार्यान्वयनमा आएका वा आउने योजना सञ्चालन गर्दैजाँदा नगरपालिका र सम्बन्धित कार्यान्वयन कर्ता निजी क्षेत्र बीच आपसी सहमति भई नगरपालिकाको समेत सहभागिता वा साझेदारीको व्यवस्था गरी उक्त योजनालाई सार्वजनिक निजी साझेदारीमा परिवर्तन गर्न कुनै बाधा पुगेको मानिने छैन।

**९. सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन नगरिने योजनाः**

**(१)** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहाय बमोजिमका योजना सार्वजनिक निजी साझेदारीको माध्यमबाट कार्यान्वयन गरिने छैन।

क. योजना सम्बन्धी वित्तीय, प्राविधिक, सञ्चालन वा व्यवस्थापन अन्तर्गत पर्ने जोखिम निजी क्षेत्रलाई हस्तान्तरण नगरी निजी क्षेत्रबाट कुनै काम वा सेवा प्राप्त गर्ने उद्देश्यबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरू।

ख. सार्वजनिक सम्पति वा दायित्व निजीकरण हुने।

ग. सरकारी स्वामित्वको उद्यमखडा गरी सार्वजनिक कामको व्यापारीकरण हुने।

घ. सार्वजनिक कार्यको लागि निजी क्षेत्रबाट प्रदान गरिएको सहयोग, दान, चन्दा वा उपहार प्राप्त हुने।

ङ. देशको सुरक्षा सम्बन्धिका प्रावधानहरू समावेश वा आकर्षित हुने।

च. सार्वजनिक हितका दृष्टिले सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न नहुने।

छ. नगरपालिकाले सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन नगर्ने भनी निर्णय गरेका वा निर्णय गरी सुचीकरण भएका वा तोकिए बमोजिमका योजनाहरू।

## परिच्छेद ३ (तीन)

## आशय पत्र तथा प्रस्तावकोमाग, प्रस्तावहरूको मूल्याङ्कन, योजनाको स्वीकृति साथैयोजनाको सम्झौता र कार्यान्वयन सम्बन्धी व्यवस्था

### १०. आशय पत्रमाग तथा पेशगर्ने सम्बन्धी व्यवस्था

(१) पहिचानतथा छनौट भएका तथा सम्भाव्यता अध्ययन/योजना प्रस्ताव तयार भएका प्राथमिकता प्राप्तयोजनाहरू मध्ये सार्वजनिक निजी साझेदारीमा सञ्चालन गर्ने तथा गर्न सकिने योजनाहरूको हकमा प्रचलित ऐन कानून बमोजिम सार्वजनिक सूचना मार्फत लगानीकर्ता तथा साझेदारहरूबाट योग्यता क्रम निर्धारणका लागि अनुसूची४ बमोजिम१५ दिनको सार्वजनिक सूचना प्रकाशन गरी आशय पत्र माग गरिनेछ।

(२) उपदफा (१) बमोजिम आशय पत्र माग गर्दा नगरपालिकाको तर्फबाट खुलाउनु पर्ने विवरण सँगै सम्बन्धित आशय पत्र दाताले पेश गर्ने आशय पत्रका साथ न्यूनतम रुपमा समावेश गर्नु पर्ने विवरण समेत समावेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम माग गरिएका प्रस्तावहरूपेश भएको अन्तिम मितिले बढीमा २१ दिन भित्र सार्वजनिक निजी साझैदारी इकाईले सम्बन्धित आशय पत्र दाताको योग्यता मूल्याङ्कन गर्नेछ।

(४) उपदफा (३) बमोजिमको कार्य सम्पन्न भएको मितिले ३ दिन भित्र छनौट भएका आशय पत्र दाताहरूको सूची सार्वजनिक निजी साझेदारी इकाईले सार्वजनिक निजी साझेदारी समन्वय समिति समक्ष स्वीकृतिका लागि पेश गर्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त भएको सूची सार्वजनिक निजी साझेदारी समन्वय समितिले आवश्यक अध्ययन गरी सूची प्राप्त भएको मितिले बढीमा ७ दिन भित्र सम्बन्धित सूचीलाई परिमार्जन गरी वा नगरी स्वीकृत गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिम स्वीकृत भएको आशय पत्रको सूची अभिलेखीकरण गरी स्वीकृत भएको मितिले बढिमा ५ दिन भित्र नगरपालिकाको वेभसाइट तथा अन्य सार्वजनिक सूचना वा पत्राचारका माध्यमबाट सम्बन्धित पक्षलाई जानकारी गराउनु पर्नेछ।

(७) सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गरिने योजनाको सफल कार्यान्वयनका लागि अपेक्षा गरे बमोजिम आशय पत्र पेश हुन नआएमा पुन १० दिनको समय उपलब्ध हुने गरी प्राप्त भएका आशय पत्र यथावत रहने गरी थप आशय पत्र माग गर्न सकिनेछ।

(८) दोस्रो पटक आशय  पत्र माग गर्दा समेत पर्याप्त आशय पत्र पेश नभएमा, पेश भएका आशय पत्र सम्बन्धित योजनाको प्रकृति र प्रकारका आधारमा उपयुक्त नदेखिएमा वा माग भएको योग्यता बमोजिम नरहेमा पेश हुन आएका आशय पत्र स्वीकृत गर्न तथा अभिलेखीकरण गर्न नगरपालिका बाध्य हुनेछैन। तर पेश भएका आशय पत्र स्वीकृत हुन नसकेको कारण भने सार्वजनिक सूचना मार्फत सम्बन्धित सरोकारवाहरूलाई जानकारी गराउनु पर्नेछ।

(९) उपदफा (८) बमोजिमको परिस्थित सिर्जना भई कार्यान्वयनमा लैजानका लागि तयार गरिएको योजनाको कार्यान्वयनको कार्य अनिश्चिगत हुन नदिनका लागि सार्वजनिक निजी साझेदारी समन्वय समितिले सम्भावित साझेदार वा लगानीकर्ताको खोजीगरी वार्ता वा अन्य बैकल्पिक उपाय समेत अवलम्बन गरी सम्भवित साझेदार मार्फत कार्यान्वयन गर्न गराउन कुनै बाधा पुगेको मानिने छैन।

(१०) यस कार्यविधिमा अन्यन्त्र जेसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाको समेत शेयर स्वामित्व रहने गरी प्रचलित कानुन बमोजमकुनै संयुक्त कम्पनी वा संस्था दर्ता भएको साथै उक्त कम्पनी वा संस्थामा नगरपालिकाको शेयर स्वामित्व कायम रहेकोवा रहने सुनिस्चितता भएको अवस्थामा सम्बन्धित संयुक्त कम्पनी वा संस्थाकाअन्य लगानीकर्ता मध्ये कुनै व्यक्ति वा कम्पनी वा संस्थालेनगरपालिकामा सार्वजनिक निजी साझेदारीमा काम गर्ने

प्रयोगजनका लागि सूचिकरण हुन सम्बन्धित योजनाको क्षेत्र वा उपक्षेत्र समेत उल्लेख गरी आसय पत्र/निवेदन पेश गरेको हकमा त्यस प्रकारका व्यक्ति/कम्पनी वा संस्थालाई सोझै सूचिकरण गर्न भने कुनै बाधा पुगेको मानिने छैन ।

**११. प्रस्ताव माग तथा पेशगर्ने सम्बन्धी व्यवस्थाः**

(१) कार्यविधिको दफा १० बमोजिम सूचीकृत/अभिलेख भएका इच्छुक लगानिकर्ताहरूबाट सम्बन्धित योजनाका लागि न्यूनतम ३० दिनको समय उपलब्ध हुने गरी सार्वजनिक सूचना मार्फत सिलबन्दी प्राविधिक तथा आर्थिक प्रस्ताव एकै पटक वा अलग अलग गरी माग गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव माग गर्दा अनुसूची ५ बमोजिमको प्रस्ताव माग गर्ने सूचनाको ढाँचामा उल्लेख भए बमोजिमका विवरण समेत उल्लेख गरी प्रस्ताव माग गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राविधिक तथा आर्थिक प्रस्ताव एकै पटक माग गरिएको अवस्थामा प्रस्तावकले उक्त प्रस्तावहरूलाई अलग अलग खाममा राखि अलग अलग सिलबन्दी गरी पुन एउटै खाममा राखेरसिलबन्दी गरी सार्वजनिक निजी साझेदारी इकाई समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त प्रस्तावहरू खोल्दा सर्बप्रथम प्राविधिक प्रस्ताव खोलेर सम्बन्धित प्रस्तावको मूल्याङ्कन गरी सोको प्रतिवेदन समेत तयार गरी सार्वजनिक निजी साझेदारी समन्वय समितिबाट स्वीकृत गरेपछि मात्र आर्थिक प्रस्ताव खोलेर त्यस्को मूल्याङ्कन गर्नु पर्नेछ ।

(५) प्रस्ताव माग गर्दा प्राविधिक प्रस्ताव मात्र माग गरेको अवस्थामा भने उक्त प्रस्तावको प्राविधिक पक्ष मूल्याङ्कन गरी सो मूल्याङ्कन प्रतिवेदनका आधारमा आर्थिक प्रस्ताव माग गर्नु पर्नेछ । प्राविधिक प्रस्तावको मूल्याङ्कनको नतिजा अनुसार उपल्लो अङ्कभार प्राप्त गर्ने बढीमा ७ जना प्रस्तावकहरूबाट आर्थिक प्रस्ताव माग गर्न सकिनेछ ।

(६) प्रस्ताव दाताले प्रस्ताव पेश गर्दा विर्तामोड नगरपालिकाको यसै कार्यविधि बमोजिम निर्धारण भएका वा तोकिएका सर्तबन्देज सहितका प्रावधानहरू अनिवार्य पालना गर्नु पर्नेछ ।

(७) उपदफा (१) र (५) बमोजिम प्रथम पटक प्रस्ताव माग गर्दा तोकिएको अवधि भित्र पर्याप्त प्रस्ताव पेश हुन नआएमा पेश हुन आएका प्रस्तावहरू जस्ताको तस्तै राखी पुन १५ दिनको सूचना प्रकाशन गरी थप प्रस्ताव माग गर्न सकिनेछ ।

(८) प्रस्ताव पेश गर्ने ढाँचा विर्तामोड नगरपालिकाको यसै कार्यविधिमा तोकिएको अवस्थामा सोहि बमोजिम र नतोकिएको हकमा सार्जनिक निजी साझेदारी समन्वय समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(९) विर्तामोड नगरपालिका भित्र स्थायी बसोबास गर्ने वा स्थायी ठेगाना भएको वा नगरपालिकाको शेयर स्वामित्व कायम रहेको कम्पनी वा संस्थाको कुनै पनि व्यवसायिक व्यक्ति/संस्था/समूहले पूर्वाधार विकास वा सेवा प्रवाहसंग सम्बन्धित योजनामा न्यूनतम ३० प्रतिसत वा सो भन्दा माथिको लगानी साझेदारी गर्ने इच्छा राखिउक्त साझेदारी गर्ने रकमको आधारभूत सुनिश्चिसतता सहित उपदफा (८) बमोजिम सार्वजनिक निजी साझेदारी इकाई समक्ष सिधै प्रस्ताव पेश गर्न सक्नेछन् ।

(१०) प्रचलित ऐन कानून बमोजिम नगरपालिकाले सोझै खरिद गर्न पाउने सीमा सम्मका योजनाहरूको हकमा भने कानून बमोजिम सामान्य प्रकृयागत आधार पुरा गरी कुनै पनि योजनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन साझेदारी गर्न वा सेवा खरिद गर्न सकिनेछ ।

## १२. मूल्याङ्कन सम्बन्धी व्यवस्थाः

(१) दफा ११ को उपदफा (३) बमोजिम पेश हुन आएका प्राविधिक तथा आर्थिक प्रस्तावहरूको मूल्याङ्कनअनुसूची६ बमोजिम सार्वजनिक निजी साझेदारी इकाईले गर्नेछ ।प्रस्तावको प्रकृति र प्रकार अनुसार मूल्यङ्कनको अङ्कभार सार्वजनिक निजी साझेदारी इकाईको सिफारिसमा सार्वजनिक निजी साझेदारी समन्वय समितिले स्वीकृत गरे बमोजिम हुनेछ । मूल्याङ्कनको अङ्कभार कुनै पनि प्रस्ताव खोल्नु भन्दा अगावै निर्धारण गर्न भने अनिवार्य रहने छ ।

(२) सार्वजनिक निजी साझेदारी इकाईले सम्बन्धित प्रस्तावहरूको मूल्यङ्कनको सम्पूर्ण कार्य प्रस्ताव पेशभएको अन्तिम मितिलेबढीमा २१ दिन भित्र सम्पन्न गरी सक्नु पर्नेछ ।

(३) सार्वजनिक निजी साझेदारी इकाईले आवश्यक ठानेमा सम्बन्धित प्रस्तावहरूको मूल्याङ्कनका लागि विज्ञको राय सल्लाह लिन वा

मूल्याङ्कन सम्बन्धी सम्पूर्ण कार्यकालागि सम्बन्धित योजनाको बारेमा जानकार विज्ञ ब्यक्ति सहित बढीमा ३ जनाको एक मूल्याङ्कन कार्यदल गठन समेत गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम गठन भएको कार्यदलले मूल्याङ्कन गरेको अवस्थामा सार्वजनिक निजी साझेदारी इकाईले पुनरावलोकन गरेर आफ्नो राय सहितवा सार्वजनिक निजी साझेदारी इकाईले आफै गरेको हकमासोही बमोजिम मूल्याङ्कन प्रतिवेदन तयार गरी कार्य सम्पन्न गरेको मितिले बढीमा ७ कार्यदिन भित्र सार्वजनिक निजी साझेदारी समन्वय समितिमा पेश गर्नेछ ।

(५) प्रस्ताव मूल्याङ्कन गर्दा न्यूनतम ६० अङ्क प्राप्त गरेका प्रस्ताव मात्र छनौटमा पर्नेछन भने ६० भन्दा कम अङ्क प्राप्त गरी छनौटमा नपरेका प्रस्तावहरूको छुटै सूचि तयार गरी सार्वजनिक निजी साझेदारी समन्वय समितिमा पेश गर्नु पर्नेछ ।

(६) सङ्घीय तथा प्रदेश सरकारका सरोकारवाला निकाय/कार्यालयबाट प्रस्ताव पेश हुन आएमा साथै प्राविधिक तथा आर्थिक क्षमता समेतका आधारमा उपयुक्त देखिएमा जिटुजि ( Government to Government)बमोजिम सोझै खरिद गर्न साथै यसै कार्यविधिको दफा ४३ बमोजिम नगरपालिकाको समेत शेयर स्वामित्व कायम रहेको वा रहने गरी स्थापति भएको वा हुने कम्पनी वा यस प्रकारको संयुक्त कम्पनी वा संस्थामा रहेका अन्य लगानीकर्ता मध्ये रु १ करोड वा सो भन्दा माथि शेयर स्वामित्व रहेको कुनै कम्पनी वा संस्थाले सम्बन्धित विषय क्षेत्रको उद्देश्य प्राप्त गर्ने गरी प्रस्ताव पेश गरेको हकमा सम्बन्धित प्रस्तावक कम्पनी वा संस्था प्राविधिक तथा आर्थिक रुपले सक्षम रहेको, सम्बन्धित योजना कार्यान्वयनमा एकै प्रकारको उद्देश्य रहेको साथैसम्बन्धित संयुक्त कम्पनी वा संस्थाले सम्बन्धित प्रस्तावक कम्पनी वा संस्था प्रस्तावित विषय क्षेत्रको योजना कार्यान्वयनमा प्राविधिक तथा आर्थिक रुपले सक्षम रहेको भन्ने विषय उल्लेख गरी सहमति प्रदान गरेको अवस्थामा सम्बन्धित कम्पनी वा संस्थाले पेश गरेको प्रस्ताव उपयुक्त रहेमा सम्बन्धित कम्पनी वा संस्था संगआवश्यक वार्ता वा छलफल गरी त्रीपक्षीय वा द्वीपक्षीय समझदारीका आधारमा संस्थागत सह साझेदारीको मान्यता बमोजिम सोझै खरिद गर्न कुनै बाधा पुगेको मानिने छैन ।

(७) उपदफा (६) र दफा ११ को (९) बमोजिम पेश हुन आएका प्रस्तावहरू १ भन्दा बढी भएको हकमा भने यसै दफाको उपदफा (२) देखि (५) सम्म भएको व्यवस्था बमोजिमनै मूल्यङ्कन गरी सोही मूल्याङ्कन प्रतिवेदनका आधारमा मात्र कार्यान्वयनमा ल्याउन सकिनेछ।

**१३. प्रस्ताव छनौट तथा स्वीकृतिः**

(१) विर्तामोड नगरपालिकाको यसै कार्यविधिको दफा १२ बमोजिम मूल्याङ्कन सम्बन्धिका सम्पूर्ण प्रकृया पुरा गरी पेश हुन आएको प्रतिवेदनहरू प्राप्त भएको मितिले बढीमा १५ दिन भित्र सार्वजनिक निजी साझेदारी समन्वय समितिले थप अध्ययन गरी प्रस्तावित योजनाहरू मध्येबाट उपयुक्त प्रस्ताव छनौट गर्नेछ। सार्वजनिक निजी साझेदारीसमन्वय समितिले थप अध्ययन गर्न चाहेमा वा गर्नु पर्ने/बुझ्नु पर्ने केही कारण पाएमा कारण सहित छनौट गर्ने कार्य बढीमा ७ दिनका लागि थप गर्न सकिनेछ।

(२) सार्वजनिक निजी साझेदारीसमन्वय समिति (सानिसा) ले उपदफा (१) बमोजिमको कार्य निर्धारित समय सीमा भित्र सम्पन्न गरी सम्बन्धित योजना कार्यान्वयनका लागि मूल्याङ्कनको नतिजा सहित छनौटमा पर्नुको कारण स्पष्ट उल्लेख गरी प्रमुख प्रशासकीय अधिकृत मार्फत स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्नेछ।

(३) उपदफा (२) बमोजिम छनौट भई स्वीकृतिका लागि पेश हुन आएका प्रस्ताव आवश्यक अध्ययन गर्नु पर्ने लागेमा सो समेत गरी बढीमा १५ दिन भित्र कार्यपालिकाले स्वीकृती प्रदान गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम स्वीकृतिका लागि पेश भएका प्रस्तावका बारेमा कार्यपालिकाले केही कुरा बुझ्न वा स्पष्ट हुन चाहेमा सम्बन्धित मूल्याङ्कन कर्ताहरूले थप स्पष्ट पार्नु पर्नेछ।

(५) सङ्घीय तथा प्रदेश सरकार वा तीनका सरोकारवाला निकाय/कार्यालयले सार्वजनिक निजी साझेदारी अन्तर्गतका योजना कार्यान्वयन गर्न इच्छा व्यक्त गरी प्रस्ताव पेशगरेको हकमा भने जीटुजी मार्फत साथै नगरपालिकाको शेयर स्वामित्व कायम रहे को कुनै कम्पनीको कुनै लगानीकर्ता शेयरधनी कम्पनी वा संस्थाले त्रीपक्षिय साझा उद्देश्य पुरा गर्ने गरी प्रस्ताव पेश गरेको हकमा सम्बन्धित प्रस्तावक कम्पनी वा संस्था प्राविधिक तथा आर्थिक रुपले सक्षम

भएकोपाइएमा साथै  दुवै पक्षको  लगानी भएको कम्पनी वा संस्थाले सम्बन्धित प्रस्तावक कम्पनी वा संस्था सम्बन्धित विषय क्षेत्रको योजना कार्यान्वयनमा  सक्षम रहेको भनि सहमति प्रदान  गरेको हकमा संस्थागत सह साझेदारीको मान्यताका आधारमा पेश भएको प्रस्तावका आधारमा सम्बन्धित प्रस्तावकसंगवार्ताको आवश्यकता भए सो समेत गरी यसै कार्यविधिको दफा   १२को ( ६) र  (७) मा उल्लेख भएका व्यवस्था र प्रावधानको अधिनमा रहीसोझै सम्झौता तथा कार्यान्वयन गर्न भने माथि उल्लेखित प्रावधानहरूले बाधा पुगेको मानिने छैन।

(६) प्रचलित ऐन कानून बमोजिम स्थानीय सरकारको हैसियतमा नगरपालिकाले सोझै खरिद गर्न पाउने सीमा सम्मका नगर सभाबाट स्वीकृत भएका वा नगर सभाबाट स्वीकृत भई    आयोजना बैङ्कमा समावेश भएका वा गरिएका योजनाहरूको हकमा भने न्यूनतम आधार पुगेको अवस्थामा कारण सहित कार्यपालिकाले सोझै स्वीकृत गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिम स्वीकृत भएको प्रस्ताव सार्वजनिकनिजी साझेदारी  समन्वय  समितिले स्वीकृत भएको मितिले बढीमा ७ दिन भित्र सम्बन्धितप्रस्तावकलाई लिखित जानकारी दिनु वा गराउनु पर्नेछ।

**१४. वार्ताद्वारा योजना कार्यान्वयन गर्न सक्नेः**

(१) यसै कार्य विधिबमोजिम सार्वजनिक निजी साझेदारी मार्फत सञ्चालन गर्ने भनि निवेदन पेश भई सूचीकृत वा अभिलेख भएका वा गरिएका वा हुन आएका योजनाहरूको देहाय बमोजिमको अवस्था सिर्जना भएमा नगरपालिकाले सम्बन्धित लगानीकर्ता वा साझेदारहरूसंगसोझै वार्ता गरी सवै भन्दा   उपयुक्त प्रस्तावकसंग सम्झौता गरी कार्यान्वयनमा ल्याउन सक्नेछ।

क. सार्वजनिक सूचना मार्फत क्रमश: २ पटकसम्म प्रस्ताव माग गर्दा समेत ईच्छुक लगानीकर्ताहरूबाट सम्बन्धित योजनाको कार्यान्वयनका लागि प्रस्ताव पेशहुन नआएमा।

ख. माग गरिए बमोजिम वा सोझै पेश भएका वा हुन आएका प्रस्तावहरू उपयुक्त नभएका कारण छनौट हुन नसकेमा।

ग. योजनाको प्रकृति, लागत तथा प्रतिफलको कारण प्रतिस्पर्धा हुन सक्ने सम्भावना नभएमा वा हुन सक्ने सम्भावना र अवस्था नदेखिएमा।

घ. नयाँ वा नविन प्रविधि वा अवधारणा भएमा साथै उक्त प्रविधि र अवधारणाको प्रयोगबाट पुष्ट्याई हुनेगरी नगरपालिकालाई प्रत्यक्ष तथा अप्रत्यक्ष लाभ पुग्ने अवस्था देखिएमा।

ङ. स्थानीय व्यक्ति /समूह/संस्थाबाट यसै कार्यविधिको दफा ७ को (९)बमोजिम तोकिएको प्रतिसत बमोजिमको लागत साझेदारी गर्ने गरी लगानी सुनिश्चि त्ता सहित प्रस्ताव पेश गरेमा।

च. सङ्घीय तथा प्रदेश सरकारका निकाय वा कार्यालयबाट जीटुजी मार्फत वा साझा उद्देश्य पुरा गर्ने गरी यसै कार्यविधिको दफा ४३ बमोजिम नगरपालिकाको समेत शेयर स्वामित्व कायम रहेको वा हुनेगरी स्थापित भएको वा हुने संयुक्त कम्पनी वा सम्बन्धित संयुक्त कम्पनीको लगानीकर्ता शेयरधनी समेत रहेको कुनै कम्पनी वा संस्थाले त्रीपक्षिय साझा उद्देश्य पुरा गर्ने गरी प्रस्ताव पेश गरेको वा संघीय तथा प्रदेश लगानी वोर्ड मार्फत लगानी सम्मेलनमा नगरपालिकाको तर्फबाट सोकेसमा राखिएका योजनाहरूको कार्यान्वयनका लागि समझदारी पत्रमा हस्ताक्षर भई निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न प्रस्ताव भई आएका तथा गर्न सकिने योजनाहरू।

(२) सम्बन्धित योजनाको अवस्था उपदफा (१) मा उल्लेख भए बमोजिम कुनै एक वा एक भन्दा बढी भएमा उक्त योजनाको बारेमा सार्वजनिक निजी साझेदारी समन्वय समितिले अध्ययन तथा दफा ८ बमोजिम मूल्याङ्कन गरी सम्बन्धित निवेदनक वा प्रस्तावकसंग सोझै वार्ता गर्न सक्नेछ।

(३) नगरपालिका संग प्रत्यक्ष सरोकार राख्ने कुनै पनि विकास निर्माण वा सेवा प्रवाहका विषयगत क्षेत्र तथा उपक्षेत्रमा काम गर्ने गरी नगरपालिकाको समेत शेयर लगनीमा कुनै कम्पनी दर्ता भई कार्यान्वयनमा रहेको अवस्थामा यस कम्पनीका अन्य लगानी कर्ता शेयर धनी मध्येको कुनै कम्पनीले नगरपालिकाको उद्देश्य बमोजिमको कुनै पनि विकास निर्माण र सेवा प्रवाहका क्षेत्रमा कार्य गर्न इच्छा जाहेर गरी सहमति सिफारिस गरिदिन नगरपालिकाको शेयर स्वामित्व कायम रहेको कम्पनीमा माग गरेको र यस कम्पनीले सार्वजनिक निजी साझेदारीमा सम्बन्धित कम्पनी संग साझेदारी गर्न सकिने निर्णय सिफारिस गरी नगरपालिकामा लेखि पठाएको हकमा सम्बन्धित कम्पनी संग समेत आफ्नो शेयर स्वामित्व रहेको कम्पनी सरह व्यवहार

गर्न, योजनाको कार्यन्वयन  गर्न तथा साझेदारी स्थापित गर्न कुनै बाधा पुगेको मानिने छैन ।

(४) उपदफा (२) बमोजिमको वार्ता गर्दा वा उक्त प्रस्ताव वा निवेदन मागका विषयमा अन्तिम निर्णयमा पुग्नु अगावै सार्वजनिक निजी साझेदारी समन्वय समितिले सम्बन्धित विषयको विज्ञको आवश्यकता वा राय सुझाव आवश्यक रहेको महशुस गरेमा छलफल तथा वार्तामा विज्ञ व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ ।

(५) उपदफा (२) र (४) समेतका प्रकृया अवलम्बन गर्दा प्रस्तावित योजना त्यसको महत्व, लागत, प्राप्त हुने नतिजा र त्यस्ले पार्ने प्रभाव समेत सकारात्मक रहेको कारण सार्वजनिक निजी साझेदारीमा कार्यान्वयनमा ल्याउन उपयुक्त देखिएमा स्वीकृतिका लागि दफा ८ को (२) बमोजिम सार्वजनिक निजी साझेदारीसमन्वय समिति मार्फत कार्यपालिकामा पेश गर्न सकिनेछ ।

(६) उपदफा (  ५)बमोजिम पेश हुन आएको प्रस्तावको स्वीकृति कार्यपालिकाले गर्नेछ ।

**१५. प्रारम्भिक तथा कार्यान्वयन सम्झौता गर्नेः**

(१) यसै कार्यविधि  बमोजिम सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गरिने योजनाहरू   को कार्यान्वयनका लागि      दफा    १४ सम्मका प्रावधानहरू पुरा भएको मितिले बढिमा १५ दिन भित्र  प्रारम्भिक तथा कार्यान्वयन सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा  (१) बमोजिम कार्यान्वयनमा लैजाने योजनाको कार्यान्वयन सम्झौता अघि  उक्त योजनाको  पूर्व तयारिका लागि केहि समय लाग्ने भए सम्बन्धित कार्यान्वयन कर्ताको तर्फबाट निवेदन माग भएको आधारमा सार्वजनिक निजी साझेदारी इकाईको राय सिफारिसमा देहाय बमोजिमका कार्यहरू पुरा भएको अवस्थामापुरा भएको मितिले बढीमा १५ दिन भित्र प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित पक्ष संगकार्यान्वयन सम्झौता गरी कार्यान्वयनमा लैजानु पर्नेछ ।

**प्रारम्भिक सम्झौताका लागि पुरा हुनु पर्ने विषयहरू**

१. कार्यान्वयन गरिने योजनाको प्रारम्भिक सम्झौता अगावै वा सम्झौताका बखत प्रस्तावकले जमानत वापत सम्बन्धित योजनाको कुल लागतको शून्य

दशमलव पाँच (०.५) प्रतिसत भन्दा कम नहुने गरी नगरपालिकाले माग गरे बमोजिमको रकम तथा अन्य कुनै विषय शिर्षक अन्तर्गत रकम जम्मा गर्नु पर्ने भनी प्रस्ताव स्वीकृतका अवस्थामा उल्लेख भएको भए सोहि बमोजिम समेतको रकम नगरपालिकाले तोकेको बैंक खातामा जम्मा गरी सोको सक्कलै भौचर वा तोकिएको अवधि सम्मका लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको बैंकबाट उक्त रकम बराबरको बैंक जमानी सार्वजनिक निजी साझेदारी इकाई समक्ष पेश गर्नु पर्नेछ।

२. प्रस्ताव स्वीकृतिको चरणमा रहँदा सम्बन्धित प्रस्तावकले कुनै आवश्यक विवरणहरूपेश गर्न बाँकी रहेको वा सार्वजनिक निजी साझेदारी इकाईले कुनै विवरण अपुग भएको वा थप गर्नुपर्ने भनि माग गरेको हकमा माग भए बमोजिमका विवरणहरू सम्बन्धित पक्षले पेश गर्नु पर्नेछ।

३. उपदफा (२) को १ बमोजिमको कार्य सम्पन्न गर्न सम्बन्धित पक्षबाट थप समय माग भई आएमा प्रमुख प्रशासकीय अधिकृतको सहमतिमा सार्वजनिक निजी साझेदारी इकाईले बढीमा ७ दिनको थप समय उपलब्ध गराउन सक्नेछ।

४. उपदफा (२) को १ र २ बमोजिमको कार्य सम्बन्धित प्रस्तावकले सम्पन्न नगरेसम्म कार्यान्वयन सम्झौताको कार्य अघि बढाउन तथा सम्झौता गर्न सकिने छैन।

(३) यसै कार्यविधिको दफा १३ र १ ४ बमोजिम कार्यान्वयनका लागि स्वीकृत भएका योजनाहरूयसै दफाको उपदफा (२) समेतका प्रकृया पुरा गरी सम्बन्धित प्रस्तावकले कार्यान्वयनको पूर्वतयारीका लागि समय लाग्ने वा नलाग्ने र लाग्ने भए कति समय लाग्ने साथै पूर्वतयारीका सन्दर्भमा गरिने तथा गर्नु पर्ने कार्यहरूको सूची समेत समावेश गरीआवश्यक सम्झौताका लागि सार्वजनिक निजी साझेदारी इकाई समक्ष निवेदन पेशगर्नु पर्नेछ।

(४) प्रस्तावकको माग बमोजिम योजनाको प्रकृति र योजना कार्यान्वयन स्थल तथा लागत समेतका आधारमा कुल लागत अनुमन योजनाको प्रकार र प्रकृति हेरी रु १ करोड सम्मका योजनाको हकमा बढिमा ३० दिन, १ करोड देखि माथि ५ करोड सम्मको योजनाको हकमा बढिमा ४५ दिन र ५ करोड भन्दा माथिका योजनाको हकमा बढिमा ९० दिन

सम्मको समय सीमा तोकी पूर्व तयारिका लागि समय उपलब्ध गराउन सकिने छ ।

(५) कुल लागत अनुमान ५० लाख भन्दा कम भएका योजनाको कार्यान्वयनका लागि समेत पूर्वतयारीको समय उपलब्ध गराउनु पर्ने भए निवेदकको माग बमोजिम सार्वजनिक निजी साझेदारी इकाईले प्रमुख प्रशासकीय अधिकृतको सहमतिमा समय निर्धारण गरी निर्धारण भएको समय सीमा उपलब्ध गराउन सक्नेछ । तर यस्तो समय २० दिन भन्दा बढी भने हुने छैन ।

(६) उपदफा (३) देखि (५) सम्मका कार्य पुरा भए पछि वा पूर्वतयारीको समय सीमा निर्धारण भए पछिउक्त समय सीमा समेत उल्लेख गरी पूर्वतयारी/प्रारम्भिक सम्झौताका लागि सार्वजनिक निजी साझेदारी इकाईले पूर्वतयारी गर्नु पर्ने समेतका विषय उल्लेख गरी बढीमा ७ दिन भित्र प्रारम्भिक सम्झौताका लागि प्रमुख प्रशासकीय अधिकृत समक्षपेश गर्नेछ ।

(७) उपदफा ( ६) बमोजिम पेश हुन आएका योजनाको हकमा प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित प्रस्तावक वा सझेदारसंग सार्वजनिक निजी साझेदारी समन्वय समितिको संयोजक/सहसंयोजक समेतको समुपस्थितिमा अनुसूची७ मा उल्लेख भएको ढाँचामा प्रारम्भिक सम्झौता गरी सम्बन्धित प्रस्तावकलाई एक प्रति र सार्वजनिक निजी साझेदारी इकाईको संयोजकलाई एक प्रति आवश्यक कार्यान्वयनका लागि उपलब्ध गराउनेछ ।

(८) उपदफा ( ७) बमोजिम प्रारम्भिक सम्झौताको कार्य सम्पन्न भएको मितिले बढीमा ७ दिन भित्र सार्वनिजक निजी साझेदरी इकाईको संयोजकले सम्बन्धित पक्षलाई अनुसूची ८ बमोजिमको ढाँचामा पूर्वतयारी अनुमति पत्र दिनेछ ।

(९) योजना कार्यान्वयन गर्ने गराउने पक्षले निर्धारित समय सीमा भित्र पूर्वतयारीका कार्य सम्पन्न गरी विवरण सहित पेश गर्न नसक्ने अवस्था सिर्जना भएमा सम्बन्धित पक्षलेकार्य सम्पन्न गर्न नसक्नुको पर्याप्त कारण सहितसम्झौतामा उल्लेख भएका तर पुरा हुन बाँकी रहेका विषयहरूको विवरण र तयारीकालागि लाग्ने समय समेत उल्लेख गरी लिखित निवेदन मार्फत केही थप समय माग गर्न सक्नेछ ।

(१०) उपदफा (९) बमोजिमको निवेदन माग आएमा उक्त योजनाको वर्तमान अवस्था र कार्यप्रगतिको स्थलगत अध्ययन गरी माग बमोजिम केही समय उपलब्ध गराउन उपयुक्त देखिएमा प्रमुख प्रशासकीय अधिकृतको सहमतिमा सार्वजनिक निजी साझेदारी इकाईले एकै पटक वा पटक पटक गरी रु १ करोड सम्मका योजनाको हकमा बढिमा १० दिन, १ करोड देखि माथि ५ करोड सम्मको योजनाको हकमा बढिमा २० दिन र ५ करोड भन्दा माथिका योजनाको हकमा बढिमा ३० दिन सम्मको समय सीमा तोकी पूर्व तयारिका लागि समय थप उपलब्ध गराउन सक्नेछ। यस प्रकार थप भएको समय सीमाका बारेमा सार्वजनिक निजी साझेदारी समन्वय समितिलाई लिखित जानकारी गराउनु पर्नेछ।

(११) योजनाको कार्यान्वयनका लागि प्रारम्भिक सम्झौता भएका योजनाहरूको हकमा भने पूर्व तयारीका सम्पूर्ण कार्य तोकिएको समय सीमा भित्र पुरा गरी पुरा भएको यथार्थ विवरण सहितको प्राविधिक प्रतिवेदन सहित सम्बन्धित प्रस्तावकले कार्यान्वयन सम्झौताका लागि सार्वजनिक निजी साझेदारी इकाई समक्ष अनुसूची ९ बमोजिमको ढाँचामा पूर्वतयारीको कार्य सम्पन्न भएको लिखित निवेदन दिनु पर्नेछ। तर पूर्वतयारीको आवश्यकता नरहेका प्रस्तावकहरूसंग भने नगरपालिकाले प्रकृयागत रुपमा सोझै सम्झौता गर्न सक्नेछ।

(१२) उपदफा (११) बमोजिम पूर्वतयारीको सम्झौता गरेको सम्बन्धित पक्षले पेश गरेको विवरणका बारेमा सार्वजनिक निजी साझेदारी इकाईले स्थलगत अध्ययन गरी यथार्थ विवरणको अध्ययन विश्लेषण गर्नेछ।

(१३) उपदफा (१ २) बमोजिम स्थलगत अध्ययन विश्लेषण गर्दा सम्बन्धित पक्षले पेश गरेको विवरण यथार्थपरक रहेको पाईएमा सार्वजनिक निजी साझेदारी इकाईले स्थलगत अध्ययन तथा विश्लेषण गरी अनुसूची१०बमोजिमको ढाँचामा आवश्यक विवरण समेत समावेश गरी बढीमा १५ दिन भित्र कार्य सम्पन्न जाँचबुझ प्रतिवेदन सार्वजनिक निजी साझेदारी समन्वय समिति समक्ष पेश गर्नेछ। यसरी अध्ययन गर्दा अझै केही कार्य बाँकी रहेको पाईएमा बढीमा ७ दिनको म्याद दिई कार्य पुरा गर्न लिखित निर्देशन दिनु पर्नेछ।

(१४) उपदफा (१ ३)बमोजिम पेश भएको योजनाको कार्य सम्पन्न जाँचबुझ प्रतिवेदन सार्वजनिक निजी साझेदारी समन्वय समितिले पुन अध्ययन

गरी कहि कतै केहि सुधार गर्नु पर्ने देखिएमा सो समेत गर्न लगाई बढिमा १५ दिन भित्र स्वीकृत गर्न सक्नेछ। यसरी स्वीकृत भएको योजनाको कार्यान्वयन सम्झौताका लागि सार्वजनिक निजी साझेदारी इकाईले अनुसूची ११ बमोजिमको ढाँचामा सम्बन्धित प्रस्तावकलाई पत्र मार्फत निमन्त्रणा गर्नेछ।

(१५) उपदफा (१ ४) बमोजिम कार्यान्वयन सम्झौताका लागि स्वीकृत योजनाको कार्यान्वयन सम्झौता सार्वजनिक निजी साझेदारी समन्वय समितिको संयोजक/सहसंयोजक सहित तत्काल उपस्थित हुन सक्ने समितिका सदस्यहरू समेतको समुपस्थितिमा अनुसूची १२ को ढाँचामा प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित योजनाको प्रस्तावकसंग कार्यान्वयन सम्झौता गर्नेछ।

(१६) यसै दफामा सम्झौताका लागि सम्बन्धित प्रास्तवाकले पुरा गर्नु पर्ने कार्य थप समय उपलब्ध गराउँदा समेत पुरा गर्न नसकेका कारण सम्बन्धित योजनाको प्रारम्भिक तथा कार्यान्वयन सम्झौता हुन नसकेमा प्रारम्भिक तथा कार्यान्वयन सम्झौता नगरिदिएको भनि सम्बन्धित प्रस्तावकले कहि कतै उजुर बाजुर गर्न वा क्षतिपूर्ति माग गर्न पाउनेछैन। यदि गरेको पाइएमा यसै व्यवस्था बमोजिम उक्त उजुरी तथा क्षतिपूर्ति माग दावी स्वतः बदरभागी हुनेछ।

(१७) योजना कार्यान्वयन गर्ने प्रस्तावकले तोकिएको समयसीमा भित्र प्रारम्भिक सम्झौता बमोजिम पुरा गर्नु पर्ने कार्यको पुरा भएको आवश्यक विवरण सहितको जानकारी सार्वजनिक निजी साझेदारी इकाईलाई नगराएमा वा आलटाल गरेमा वा प्रारम्भिक सम्झौता बमोजिम सम्बन्धित प्रस्तावक उक्त योजना कार्यान्वयनका लागि असक्षम वा अयोग्य देखिएमा वा सम्झौताका लागि जानकारी गराउँदा समेत तोकिएको समय सीमा भित्र नआएमा सम्बन्धित प्रस्तावकलाई पुन एक पटक बढिमा ७ दिनको मौका प्रदान गरी वा नगरी सार्वजनिक निजी साझेदारी इकाईले प्रस्ताव रद्द गर्न सार्वजनिक निजी साझेदारी समन्वय समिति मार्फत प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्न सक्नेछ।

(१८) उपदफा (१ ७) बमोजिम यथार्थ विवरण तथा सिफारिस सहित सम्बन्धित प्रस्ताव रद्द गर्न पेश भएको प्रस्तावको हकमा प्रमुख प्रशासकीय अधिकृतले पुन एक पटक सम्बन्धित प्रस्तावकलाई बढीमा

५ दिनको म्याद दिई स्पष्ट पार्ने मौका प्रदान गरी वा नगरी उक्त प्रस्ताव रद्द गर्न सक्नेछ। यसै दफा बमोजिम सम्बन्धित प्रस्तावकले मौका प्राप्त गरेको अवधि भित्र आफ्ना कमी कमजोरी सच्याएमा उक्त प्रस्ताव सम्झौताका लागि योग्य हुन कुनै बाधा पुगेको मानिने छैन।

(१९) सम्बन्धित पक्षले तोकिए बमोजिमका प्रकृया तथा प्रावधान पुरा नगरेका कारणबाट कुनै प्रस्ताव सम्झौता हुन नसकेमा वा रद्द हुन गएमा सार्वजनिक निजी साझेदारीसमन्वय समिति वा नगरपालिका समक्ष कुनै किसिमको क्षतिपूर्ति दावी गर्न पाउने छैन।

## परिच्छेद ४ (चार)
## योजना कार्यान्वयनको अनुमति पत्र प्रदान गर्ने, सम्झौता रद्द गर्ने तथा हक हस्तान्तरण सम्बन्धी व्यवस्था

### १६. कार्यान्वयन अनुमति पत्र प्रदान गर्ने तथा सम्झौता रद्ध गर्ने

(१) यसै कार्यविधिको दफा १ ५बमोजिमसम्झौता गर्ने कार्य सम्पन्न भएको मितिले बढीमा ७ दिन भित्र अनुसूची१ ३बमोजिमको ढाँचामा सार्वजनिक निजी साझेदारी इकाईको संयोजकले सम्झौता बमोजिमको योजना कार्यान्वयन गर्ने पक्षलाई योजना कार्यान्वयका लागि कार्यान्वयन अनुमति पत्र प्रदान गर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमति पत्र प्राप्त निजी क्षेत्र वा निकायले सम्झौतामा उल्लेख भएको मिति भित्र योजना कार्यान्वयन सुरु गरी तोकिएको समय सीमा भित्र सम्पन्न गरिसक्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम अनुमति पत्र प्राप्त गरेको निजी क्षेत्र बाहेक सम्बन्धित योजनालाई प्रतिकुल असर पर्ने वा पार्ने गरी अन्य निजी क्षेत्र वा निकायलाईअनुमति पत्र प्रदान गरिने छैन।

(४) योजनाको कार्यान्वयन अवधि वा अनुमति सम्बन्धित योजनाको प्रकृति, सम्बन्धित योजनाले नगरपालिकालाई पुर्याउने योगदान साथै आर्थिक, सामाजिक, सास्कृतिक तथा वातावरणीय प्रभाव समेतका आधारमा सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन तथा नियमावलीमा रहेका व्यवस्थालाई समेत केन्द्रमा राखि सम्झौतामा उल्लेख भए बमोजिम एकै पटक वा पटक पटक गरेर जम्मा अवधि

सार्वजनिक निजी साझैदारी समन्वय समितिको सिफारिसमा नगर कार्यपालिकाले तके बमोजिम हुने छ।

(५) कुनै विशेष परिस्थिती वा कारणबस सम्झौताको समयावधि बढाउन सम्बन्धित पक्षले कारण सहित सार्वजनिक निजी साझेदारी समन्वय समितिमा लिखित माग गरेमा उक्त माग र कारणका बारेमा बस्तुगत अध्ययन गरी माग गरिएको विषय उपयुक्त देखिएमा उपयुक्त रहेको पर्याप्त कारण सहित सार्वजनिक निजी साझेदारी समन्वय समितिले प्रमुख प्रशासकीय अधिकृत मार्फत कार्यपालिकामा सिफारिस सहित पेश गर्नेछ।

(६) उपदफा ( ४) बमोजिम को कार्यान्वयन सम्झौताको समयावधिमा सम्बन्धित पक्षको माग वा दुवै पक्षको समझदारीमा थप गर्नु पर्ने परिस्थिति सिर्जना भएमा उक्त अवधि समाप्त हुनु ३ महिना अगावैसार्वजनिक निजी साझेदारी समन्वय समितिबाट प्राप्त विवरण सहितको सिफारिस बमोजिमकार्यपालिकाले एकै पटक वा पटक पटक गरी बढीमा १० बर्षका लागि अनुमति पत्रको समयावधि थप गर्न सक्नेछ। तर यो व्यवस्था कार्यपालिकाका लागि बाध्यकारी भने हुनेछैन।

(७) अनुमति पत्र प्राप्त योजनाको कार्यान्वयन गर्ने निजी क्षेत्र वा निकायले सम्झौता बमोजिम निर्धारण गरेको समय सीमा भित्र योजना कार्यान्वयन नगरेमा, योजनाको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन गरी सम्बन्धित योजनालाई सम्झौता बमोजिम कार्यान्वयन गर्न निश्चिजत अवधि किटान गरी लिखित तथा मौखिक अनुरोध गर्दा समेत नगरेमा/नमानेमा/नटेरेमा सम्ब न्धित योजनाको कार्यान्वयनमा भएकोढिलाईका कारण नगरपालिकालाई पुग्न जाने तथा गएको सम्भावित जोखिम तथा नोक्सानीसमेतको हिसाव किताव गरी सार्वजनिक निजी साझेदारी समन्वय समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले उक्तअनुमति पत्ररद्द गर्न सक्नेछ।यसरी रद्द भएको अनुमति पत्रका बारेमा प्रमुख प्रशासकीय अधिकृतले सार्वजनिक निजी साझेदारी समन्वय समितिको संयोजकलाई तथा संयोजक मार्फत कार्यपालिकालाई जानकारी गराउनु पर्नेछ भने अनुमति पत्र रद्द भएको विषयमा सम्बन्धित पक्षलाई अनुसूची १४ बमोजिमको ढाँचामा पत्र तयार गरी जानकारी गराउनु पर्नेछ। यसै उपदफा बमोजिम

क्षतिपूर्तिको विषयमा दुवै पक्षलाई कुनै पनि हानि नोक्सानी नहोस भन्ने अभिप्रायले दुवै पक्ष बीच हुने सहमति सम्झौता पत्रमा स्पष्ट रुपमा उल्लेख गर्न भने अनिवार्य रहने छ।

(८) उपदफा (७) बमोजिम सार्वजनिक निजी साझेदारी समन्वय समितिले अनुमति पत्र रद्दको सिफारिस गर्नु अघि सम्बन्धित पक्षलाई निश्चितत समय सीमा तोकी सफाईको मौका भने प्रदान गर्नु पर्नेछ।

(९) उपदफा (८) बमोजिम सफाइको मौका प्रदान गर्दा समेत सम्बन्धित पक्षले सफाइ पेश नगरेमा वा पेश गरेको सफाई जायज नदेखिएमा सम्बन्धित अनुमति पत्र रद्द गर्नका लागि सिफारिस गर्न बाधा पुगेको मानिने छैन।

(१०) उपदफा (७) बमोजिम अनुमति पत्ररद्द भईसकेपछि उक्त योजना कार्यान्वयन गर्न गरिएको सम्झौता समेत स्वत:रद्द भएको मानिनेछ।

(११) उपदफा (७) र (१०) बमोजिम अनुमति पत्र वा सम्झौता रद्द भएका कारण नगरपालिकालाई कुनै हानि नोक्सानी भएको रहेछ भने उक्त हानि नोक्सानीको मूल्यङ्कन गरी वा गराई हानि नोक्सानी भए बराबरको रकम क्षतिपूर्ति वापत सम्बन्धित अनुमति पत्र प्राप्त गर्ने निजी क्षेत्र वा निकाय संग निजले राखेको धरौटी वा जमानत वापतको रकम बाट नगरपालिकाले कट्टा गरेर वा सो ले समेत नपुग्ने भएमा निजको घरघरान वा जायजेथा वा सम्पतिबाट असुल उपर गर्न सक्नेछ।

(१२) उपदफा (११) बमोजिमको क्षतिपूर्ति वापतको रकम समुदायको हकमा सम्बन्धित समुदायले राखेको जमानत वा धरौटी वापतको रकमले नपुग्ने भएमा सम्बन्धित समुदायका साझेदार सदस्यहरूबाट दामासाहिले असुल उपर गर्न सकिनेछ।

(१३) सम्झौता रद्द भई सम्बन्धित अनुमति प्राप्त गर्ने पक्षबाट नगरपालिकाले लिनु पर्ने क्षतिपूर्ति बापतको रकम तथा जिन्सी असुल उपर भई सम्बन्धित पक्षले पाउन सक्ने गरी रकम वा जिन्सी बचत रहेमा सम्झौतामा गरिएको व्यवस्थाका साथै प्रचलित कानुन बमोजिम फिर्ता भुक्तानी दिन सकिनेछ।

(१४) उपदफा (१०) बमोजिम सम्झौता रद्दभई कार्यान्वयन रोकिएका योजनाहरूको हकमा आवश्यक प्रकृया पुरा गरी अन्य उपयुक्त साझेदार मार्फत कार्यान्वयनमा लान सकिनेछ।

(१५) नगर कार्यपालिकाबाट सम्बन्धित प्रस्तावकको प्रस्ताव स्वीकृत भएको अवस्थामा नगरपालिकाको तर्फबाट सम्झौता नगरी आलटाल गरेमा वा सम्झौता भए पस्चात कार्यान्वयनका समयमा सम्बन्धित पक्षलाई पर्याप्त प्रमाण सहितका कुनै लिखित जानकारी नदिइकन एक पक्षीय रुपमा सम्झौता रद्ध गर्ने निर्णय गरेमा वा रद्ध गरेमा सम्बन्धित कार्यान्वयन कर्ता निजी क्षेत्र वा पक्षलाई उक्त कारणले पुग्न गएको क्षतिको मूल्याङ्कन गरी आपसी सहमतिमा सो बराबरको क्षतिपूर्ति दिनु पर्नेछ। कारणबस आपसी सहमति हुन नसकेमा प्राविधिक सहितको क्षति मूल्याङ्कन उपसमितिको व्यवस्था गरी सो उपसमितिले पेश गरेको मूल्याङ्कन प्रतिवेदनका आधारमा मूल्याङ्कन प्रतिवेदन प्राप्त भएको मितिले बढीमा ३५ दनि भित्र सो बराबरको क्षति नगरपालिकाले सम्बन्धित पक्षलाई उपलब्ध गराउनु पर्नेछ।

**१७. योजनाको हक हस्तान्तरण तथा स्वामित्व**

(१) योजना कार्यान्वयन/सञ्चालन व्यवस्थापनको अनुमति प्राप्त निजी क्षेत्र वा निकायले सम्झौतामा उल्लेख भएको समय सीमा भित्र नगरपालिकालाई हक हस्तान्तरण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सम्बन्धित अनुमति पत्र प्राप्त निजी क्षेत्र वा निकायले सम्झौता बमोजिम नगरपालिकालाई हक हस्तानतरण गर्दानगरपालिकाको स्वामित्व कायम हुने भनि सम्झौतामा उल्लेख भए बमोजिमका सम्बन्धित योजना स्थलमा रहेका जग्गा जमिन, पूर्वाधार संरचना, मेसिन तथा उपकरण, विद्युत तथा खानेपानी समेतका सम्पूर्ण पूर्वाधार तथा जिन्सी सामान समेतको हक स्वतः नगरपालिकाको हुनेछ।

(३) योजना कार्यान्वयनको अन्तिम मिति वा हक हस्तान्तरण गर्नु पर्ने मितिले एक बर्ष अघिबाट सम्बन्धित अनुमति प्राप्त निजी क्षेत्र वा निकायले सार्वजनिक निजी साझेदारी इकाईको वा सार्वजनिक निजी साझेदारी इकाईले खटाएको प्रतिनिधिको राय सुझाव बमोजिम पूर्वाधार संरचना, मेसिन तथा उपकरण(सम्बन्धित कम्पनीको मापदण्ड बमोजिम आयु समाप्त भए बाहेकका )को मर्मत सम्भार गरी योजनालाई दुरुस्ततथा चालु अवस्थामा राख्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम योजनाकोहक हस्तान्तरणका समयमा सम्बन्धित योजनामा जडित मेसिनरी तथा उपरकण, पूर्वाधार संरचना साथै सम्झौतामा उल्लेख भए बमोजिमको अवस्था समेत दुरुस्त रहेको हुनुपर्नेछ।

(५) सम्बन्धित योजनाको अवस्था सम्झौतामा उल्लेख भए बमोजिम वा उपदफा (४) बमोजिम भए नभएको बारे सार्वजनिक निजी साझेदारी इकाईले स्थलगत अध्ययन गरी योजना कार्यान्वयन गर्दा कही कतै क्षति भएको भए सोको प्राविधिक तथा आर्थिक भार समेतको मूल्याङ्कन गरी सार्वजनिक निजी साझेदारी समन्वय समिति समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ।

(६) योजना कार्यान्वयन गर्ने वा सञ्चालन व्यवस्थापन गर्ने पक्षले उपदफा (२) र (३) मा भएको व्यवस्था तथा सम्झौतामा उल्लेख भएको व्यवस्था विपरितका कार्य गरी वा गराई योजना विचैमा छाडेमा वा सम्झौता अवधि नपुग्दै योजना छाडेमा वा अलपत्र पारेमा यसका कारण नगरपालिकालाई पुग्न गएको क्षति वा नोक्सानिको हिसाव किताव गरी उक्त क्षति वा नोक्सानि भए वापतको रकम सम्बन्धित योजनाको कार्यान्वयनकर्ताको जमानत रकमबाट असुल उपर गरिनेछ। यसरी जमानत रकमबाट समेत उक्त क्षति वा नोक्सानि पुर्ताल नहुने परिस्थिति रहेमा सरकारी बाँकी सरह निजको घरघराना तथा जायजेथाबाट असुल उपर गरिने छ। यस्ता प्रकृतिका योजनाहरूसमुदायसंग सम्झौता गरिएको भए सम्बन्धित समुदायका साझेदार सदस्यबाट दामासाहिले र जिटुजीको माध्यम बाट निर्माण, सञ्चालन तथा व्यवस्थापन गरिएको भए सम्बन्धित कार्यान्वयनकर्ता निकायबाट असुल उपर गरिनेछ।

(७) योजना कार्यान्वयनको अनुमति प्राप्त निजी क्षेत्र वा निकायले योजना निर्माण गरी नगरपालिकालाई हस्तान्तरण गर्ने गरी वा योजनामा गरेको लगानीको प्रतिफल पाउने गरी सम्झौता गरिएको भए उक्त सम्झौताको आधारमा सार्वजनिक निजी साझेदारी समन्वय समितिको सिफारिसमा कार्यपालिकाले एकमुष्ठ रुपमा वा सम्बन्धित योजनाबाट प्राप्तहुने प्रतिफलको मात्राका आधारमा निश्चिनत अवधि भित्र किस्तावन्दीमा त्यस्तो रकम भुक्तानी पाउने गरी थप सम्झौता गर्न सक्नेछ।

(८) सम्बन्धित योजनाको कार्यान्वयनको अनुमति प्राप्त निजी क्षेत्र वा निकायसंग नगरपालिकाले रोयल्टी वा प्रतिफल पाउने गरी सम्झौता

गरिएको भए सो रोयल्टी वा प्रतिफल वापतको रकम सम्झौतामा उल्लेख भएको प्रावधान वा तरिकाबाट वा पुरक सम्झौता गरी पुरक सम्झौतमा उल्लेख भएको प्रावधान बमोजिम नियमित रुपमा नगरपालिकालाई बुझाउनु पर्नेछ।

## परिच्छेद ५ (पाँच)
## नगद तथा जिन्सी कोष र कोषको उपयोगसम्बन्धी व्यवस्था

**१८. नगद कोषको व्यवस्थाः**

(१) विर्तामोड नगरपालिका लेसार्वजनिक निजी साझेदारीमा सञ्चालन गरिने योजनाहरूको सञ्चालन व्यवस्थापनलाई सहज र प्रभावकारी बनाउन सार्वजनिक निजी साझेदारीकोषको व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको स्रोतबाट प्राप्त रकम जम्मा हुनेछ।

क. संङ्घीय तथा प्रदेश सरकार साथै नेपाल भित्रका दाता वा विकस साझेदारबाट सार्वजनिक निजी साझेदारी मार्फत निर्माण, सञ्चालन तथा व्यवस्थापन हुने योजनाको लागि प्रदान गरिएको सशर्त वा निसर्तअनुदान वापतको रकम साथै यसै शिर्षक अन्तरगत खर्च गर्ने गरी नगरपालिकाबाट विनियोजित रकम।

ख. सार्वजनिक निजी साझेदारीमा सञ्चालन गरिने योजनाको कार्यान्वयनका लागि कुनैपनि विदेशी विकास साझेदार वा दातृ निकायबाट नेपाल सरकारको स्वीकृति तथा सहमतिमा सशर्त वा निसर्त अनुदान वा सहयोग तथा ऋण वापतको प्राप्त रकम।

ग. सार्वजनिक निजी साझेदारीमा योजना कार्यान्वयन गर्ने वा सञ्चालन व्यवस्थापन गर्ने पक्षबाट सम्बन्धित योजना कार्यान्वयनका लागि अनुमति पत्र प्राप्त गर्नु अघि वा पछी सम्झौतामा उल्लेख भए बमोजिम एक पटक वा किस्ताको रुपमा पटक पटक बुझाएको धरौटी/जमानत वा रोयल्टी/प्रतिफल वा साझेदारी वापतको रकम।

घ. सार्वजनिक निजी साझेदारीमा सञ्चालन भएका योजनाहरूबाट सम्बन्धित योजनाको सञ्चालन तथा व्यवस्थापन गर्ने निजी क्षेत्र वा

निकाय साथै सम्बन्धित योजनाको भौतिक संरचना/उपकरण/सेवा सुविधा प्रयोग गरे वापतको सम्झौतामा उल्लेख भए बमोजिमको वा सम्झौतामा उल्लेख नभएको तर नगरपालिकाकोआर्थिक ऐनमा तोके बमोजिमको सम्बन्धित सञ्चालक तथा उपभोक्ताले बुझाउने भाडा, शुल्क, कर तथा राजश्व बापतको रकम।

ङ. नगरपालिका तथा अन्य विकास साझेदार साथै सङ्घीय/प्रदेश सरकारले कुनै योजनाको कार्यान्वयन गर्दा सम्भाव्य आयको तुलनामा लागत बढी हुने देखिएको अवस्थामा त्यस्ता योजनाको सञ्चालन व्यवस्थापनको दिगो आधार तयार पार्नका लागि नपुग हुने न्यून रकम पुर्तालका लागि प्रदान गर्ने अनुदान रकम।

च. कानूनत नगरपालिकालाई सार्वजनिक निजी साझेदारीका योजना कार्यान्वयनमा ल्याउन प्राप्त हुने अन्य प्रकार र प्रकृति वा शिर्षकहरूबाट प्राप्त रकम।

(३) उपदफा (१) बमोजिमकोकोषकोसञ्चालनका लागि नगरपालिकाले आफूलाई पायक पर्ने नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त (क) वर्गको कुनै बैङ्कमा खाता खोली सञ्चालनमा ल्याउनेछ।

(४) यस कोषको बैङ्क खाता स्थानीय सरकार सञ्चालन ऐन, २०७४ साथै प्रचिलत ऐन कानून बमोजिम प्रमुख प्रशासकीय अधिकृत र नगरपालिकाको लेखा हेर्ने अधिकृत स्तरको कर्मचारी वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारीको एकल वा संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(५) कोषको सञ्चालन व्यवस्थापन सम्बन्धी अन्य कार्य नगरपालिकाको आर्थिक कार्यविधि तथा प्रचलित ऐन कानून बमोजिम हुनेछ।

(६) नगद कोषको उपयोग यसै कार्यविधिको दफा २०बमोजिम हुनेछ।

(७) यसै कोषबाट खर्च वा लगानी हुने गरी सञ्चालनमा रहेका योजनाको कार्यान्वयनको सिलसिलामा कार्यान्वयन कर्तालाई कामको प्रगतिको आधारमा सम्झौता बमोजिम भुक्तानी गर्नु पर्नेभए निजले कामको प्रगति विवरण सहित माग गरेको मितिले बढीमा १५ दिन भित्र प्राविधिक मूल्याङ्कन समेत गरी गराई उक्त मूल्याङ्कनका आधारमा भुक्तानी दिनु पर्नेछ।

(८) यस कोषको आय व्यय विवरण नगरपालिकाको सम्बन्धित शाखाले ३-३ महिनामा सार्वजनिक निजी साझेदारी समन्वय समितिमा पेश गर्नु पर्नेछ ।

(९) सञ्चालनमा रहेका योजनाको नियमित कार्यान्वयनका लागि कोषमा जम्मा भएको रकमले तत्कालका लागि अभाव हुने अवस्था सिर्जना भएमा सम्भाव्य स्रोतको खोजी गर्ने, अन्य कुनै कोष वा खाताबाट निश्चितअवधिको लागि कानूनत सापटी लिने लगायतका बैकल्पिक उपायहरूको खोजी र व्यवस्थापन गर्ने कार्यको जिम्मेवारी कार्यपालिका,साझेदार संस्था वा कार्यान्वयन कर्ता तथा कोष सञ्चालकको रहनेछ ।

(१०) योजनाको कार्यान्वयन गर्ने अनुमति प्राप्त निजी क्षेत्र वा निकायले सम्बन्धित योजनाको कार्यान्वयनको लागि यस कोषमा जम्मा गरेको रकमअन्य कुनैपनि योजना वा शिर्षकमा खर्च गर्न वा लेख्न पाईने छैन ।

**१९. जिन्सी कोषको व्यवस्था:**

(१) सार्वजनिक निजी साझेदारीमा सञ्चालन हुने योजनाको कार्यान्वयनका लागि स्वदेशी तथा विदेशी दातृ निकाय वा विकास साझेदार वा व्यक्तिबाट कुनै जिन्सी सामान प्राप्त गरेमा वा नगरपालिकाले यस अन्तर्गतका सम्बन्धित योजनाका लागि स्वयं खरिद गरेमा यस प्रकारका जिन्सी सामानको मूल्य एकिन गरी नगरपालिकाले एक छुट्टै जिन्सी खाता प्रयोगमा ल्याउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको जिन्सी सामान जुन योजनाको प्रयोजनका लागि प्राप्त भएको हो वा खरिद भएको हो सोही योजनामा मात्र प्रयोगमा ल्याउनु पर्नेछ ।

(३) कोषमा जम्मा भएको जिन्सी समानको लगत विवरण बस्तुको प्रकृतिको आधारमा छुट्टै भण्डारणको व्यवस्था गर्नु पर्नेछ ।

(४) सार्वजनिक निजी साझेदारी इकाईले सार्वजनिक निजी साझेदारी अन्तर्गतको जिन्सी खाताको अभिलेख दुरुष्त राख्न नगरपालिकाको सम्बन्धित शाखा/उपशाखा/इकाईलाईसहजीकरण र समन्वय गर्नुपर्नेछ ।

(५) सार्वजनिक निजी साझेदारीमा सञ्चालनमा रहेका वा कार्यान्वयन भइरहेका योजनाहरूका लागि प्राप्त भएका तथा खरिद गरिएका जिन्सी

सामाग्रिहरूको आम्दानी र खर्च विवरण प्रत्येक ३-३ महिनामा सार्वजनिक निजी साझेदारी समन्वय समितिमा पेश गर्नु पर्नेछ ।

(६) जिन्सी कोषमा रहेका जिन्सी सामाग्री खर्च वा उपयोग गर्दा यसै कार्यविधिको दफा २० बमोजिमका अतिरिक्त प्रचलित ऐन कानूनमा भएको व्यवस्था बमोजिम गरिनेछ ।

(७) सम्झौता भई कार्यान्वयनमा रहेका वा हुने योजनाको अनुमति प्राप्त निजी क्षेत्र वा व्यक्ति/संस्था/निकाय/समुदायले योजनाको कार्यान्वयनको सिलसिलामा आवश्यक पर्ने जिन्सी सामानको खरिद तथा जिन्सी खाता तथा भण्डारणको व्यवस्थापन निज स्वयंले गर्नु पर्नेछ ।

**२०. नगद कोष तथा जिन्सी सामग्रीको उपयोगः**

(१) सार्वजनिक निजी साझेदारी अन्तर्गत जुन योजनाको निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि नगद वा जिन्सी प्राप्त भएको हो सोहीयोजनाको लागि मात्र उक्त नगद तथा जिन्सीको उपयोग/प्रयोग/खर्च/लगानी गर्न पाईनेछ ।

(२) उपदफा (१) मा भएको व्यवस्था बाहेक कुनै पनि योजनाको किटानी नगरी सार्वजनिक निजी साझेदारी कोषमा जम्मा हुन आएको नगद तथा जिन्सी सामानको उपयोग/प्रयोग/खर्च/लगानीको हकमा भने नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम बमोजिम नगरसभाबाट स्वीकृत योजना, कार्यक्रम तथा बजेट बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिम नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटमा समावेश नभएको तर कुनै दाता वा विकास साझेदारबाट तत्काले कार्यान्वयनमा ल्याउने गरी प्राप्त भएको नगद तथा जिन्सी समान नगरपालिकाको आर्थिक, सामाजिक, पूर्वाधार संरचना, वन वातावरण तथा संस्थागत सुदृढीकरणमा आधारित योजनाको कार्यान्वयनमा ल्याउनु पर्ने अवस्थाको सिर्जना भएमा यस प्रकार र प्रकृतिका योजना कार्यपालिकाको निर्णय बमोजिम कार्यान्वयनमा ल्याउन सकिने तथा उक्तयोजनाहरूमा कोषमा जम्मा हुन आएको यस वापतको रकम तथा जिन्सी सोही बमोजिम खर्च वा लगानी गर्न सकिनेछ । तर यसरी कार्यान्वयनमा ल्याईएका योजना तथा सम्बन्धित

योजनामा भएको नगद तथा जिन्सी सामानको खर्च समेत आगामी नगरसभाबाट अनुमोदन गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमका योजना कार्यान्वयनमा ल्याउदा नगरपालिकाको तर्फबाट समेत लागत साझेदारी गर्नु पर्ने अवस्था सिर्जना भएमा उ क्त रकमको व्यवस्थापन समेत यसै कोषमा जम्मा रहेको रकम बाट वा ऐन कानूनको प्रावधान भित्र रहि रकमान्तर तथा भुक्तानीगर्न सकिनेछ । सार्वजनिक निजी साझेदारी कोषमा जम्मा भएको भाडा/शुल्क बापतको रकम नगरपालिकाले अन्य खातामा सार्न तथा सशर्त प्राप्त भएको रकम सम्बन्धित साझेदार संस्था वा निकायलाई सम्झौताकासर्त बमोजिम फिर्ता गर्न बाधा पुगेको मानिनेछैन ।

(५) सङ्घीय तथा प्रदेश कानुन बमोजिम स्थानीय स्तरमा कार्यान्वयन हुने योजनाको सम्भाव्यता न्यून परिपूर्ति वापतको सुविधा पाउने अवस्थामा सोही बमोजिम सम्बन्धित योजनालाई अनुदान उपलब्ध गराउन सकिनेछ।

(६) योजना कार्यान्वयनका लागि गरिएको सम्झौता बमोजिम सम्बन्धित साझेदार वा लगानी कर्ताले जम्मा गरेको जमानत वा धरौटी वापतको रकम वा प्रयोगमा आएका जिन्सि सामान फिर्ता भुक्तानी दिन वा प्रतिफल बाँडफाँट हुने गरी यस कोषमा जम्मा हुन आएको प्रतिफल वापतको रकम बाँडफाँट गरी सम्बन्धित पक्षलाई भुक्तानी दिन सकिनेछ ।

(७) योजना सञ्चालनका लागि कही कतै बाट निश्चिलत समयका लागि लिएको सापटी वापतको रकम फिर्ता भुक्तानी गर्न तथा नगरपालिकाको सञ्चित कोषमा फिर्ता जम्मा गर्नु पर्ने रकम फिर्ता जम्मा गर्न सकिनेछ ।

(८) काम तथा योजनाको प्रकृतिका आधारमा सार्वजनिक निजी साझेदारी समन्वय समितिले आवश्यक मापदण्ड तयार गरी सोहीमापदण्ड बमोजिम कोषको उपयोग गर्न कार्यपालिकालाई सिफारिस गरेमा उक्त सिफारिस समेतका आधारमा ऐन कानुन बमोजिम माथि उल्लेखित दफा उपदफामा भएका व्यवस्थाहरूलाई नकारात्मक असर नपर्ने गरी कार्यपालिकाले निर्धारण गरे बमोजिम कोषको उपयोग गर्न सकिनेछ ।

(९) यस भन्दा माथि जुनसुकै कुरा लेखिएको भए तापनि दातृ निकाय, सङ्घीय तथा प्रदेश सरकार, अन्य संघ संस्था वा व्यक्तिबाट कुनै पनि सार्वजनिक निजी साझेदारीमा सञ्चालित योजनाकार्यान्वयनका लागि अनुदान स्वरुप उपलब्ध गराएको नगद तथा जिन्सी सामान सार्वजनिक निजी साझेदारी कोषमा आम्दानी बाँधी सकेपछि उक्त नगद तथा जिन्सी

सामान स्वतः नगरपालिकाको हुनेछ । यस व्यवस्था बमोजिम प्राप्त नगद तथा जिन्सी सामानमा निजी क्षेत्र वा सम्बन्धित योजना कार्यान्वयन गर्ने पक्षको भागेदारी हिस्सा हुने छैन ।

(१०) उपदफा (९) बमोजिम नगरपालिकाको स्वामित्वमा आउने नगद तथा जिन्सी समेतको कुल मात्रा हिसाव गरी नगरपालिकाको तर्फको कुल लागत साझेदारीमा गणना गरी सोही बमोजिम सम्बन्धित योजनाको कार्यान्वयन गरे गराए वापत नगरपालिकाले प्राप्त गर्ने रोयल्टी/प्रतिफल साथै भाडा तथा शुल्क बृद्धि हुने भएबाट सम्बन्धित कार्यान्वयनकर्तासंग पुरक सम्झौता गर्नसकिने छ वा पर्नेछ ।

**२१. कोषको लेखा परीक्षणः**

(१) सार्वजनिक निजी साझेदारीको नगद तथा जिन्सी कोषको आन्तरिक तथा बाह्य लेखा परीक्षण प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

**(२)** यस कोषको लेखा प्रणाली लेखा मापन विधिमा आधारित हुनेछ ।

## परिच्छेद ६ (छ)
## अनुमति प्राप्त निजी क्षेत्रको
## अधिकार तथा सुविधा सम्बन्धी व्यवस्था

**२२. व्यक्ति/संस्था/निकाय संग सम्झौता गर्न पाउनेः**

(१) सार्वजनिक निजी साझेदारी अन्तर्गत योजनाको कार्यान्वयन गर्न अनुमति प्राप्त निजी क्षेत्र वा निकायले सम्झौता बमोजिमको सम्बन्धित योजनाको सफल कार्यान्वयका लागि सवै काम वा कुनै कामको केही भाग अन्य कुनै विश्वासिलो र भरपर्दो स्वदेशी वा विदेशी व्यक्ति/कम्पनी/संस्था/निकायसंग लिखित सम्झौता गरी कार्यान्वयनमा ल्याउन सक्नेछ ।

(२) सम्बन्धित अनुमति प्राप्त निजी क्षेत्र वा निकाय ले उपदफा (१) बमोजिमको सम्झौताका लागि साझेदारसंग गरिने सम्झौताका न्यूनतम मापदण्ड निर्धारण गरी सार्वजनिक निजी साझेदारीइकाई मार्फत सार्वजनिक निजी साझेदारीसमन्वय समितिबाट अनुमोदन गराउनु पर्नेछ

। यसरी मापदण्ड निर्धारण गर्दा सरकारी काम कारबाहीमा हानि नोक्सानी गरी कालो सूचीमा परेको, कुनै किसिमको फौजदारी अभियोग प्रमाणित भई कारबाहीको अवधि पुरा नगरेको साथै प्राविधिक तथा आर्थिक पक्ष सवल रहेको जस्ता आधारभूत प्रावधान मापदण्डमा समेट्न अनिवार्य रहनेछ ।

(३) उपदफा (१) बमोजिम कुनै निजी क्षेत्र वा निकाय संग सम्झौता गर्नु अघि सम्झौता गर्न खोजिएको पक्ष सम्झौताका लागि आर्थिक, सामाजिक तथा नैतिक हिसावले योग्य रहेको पुष्टि सहितको विवरण सार्वजनिक निजी साझेदारी समन्वय समितिलाई गराई यस समितिबाट प्रारम्भिक सहमति लिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त प्रारम्भिक सहमतिका आधारमा सम्बन्धित पक्षसंग सम्झौता गरिएमा सम्झौता भएको मितिले बढीमा १५ दिन भित्र सम्झौता गर्नुको कारण र सम्झौता गरिएको निजी क्षेत्रको कार्य अनुभव सहितको उपदफा (२) बमोजिमका मापदण्डमा उल्लेख भएका विवरणहरूको स्पष्ट पहिचान खुल्ने कागजात सहित उक्त सम्झौता पत्रको प्रतिलिपि सहित सार्वजनिक निजी साझेदारी इकाई समक्ष पेश गर्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम सम्झौता गरिएको कारणबाट सम्बन्धित योजनाको कार्यान्वयन गर्न नगरपालिकाको तर्फबाट अनुमति प्राप्त गरेको निजी क्षेत्र वा निकाय सम्बन्धित योजना कार्यान्वयका लागि नगरपालिकासंग गरिएको सम्झौताको दायित्वबाट मुक्त भएको वा छुटकारा पाएकोभने मानिने छैन ।

(६) योजना कार्यान्वयन गर्ने अनुमति प्राप्त निजी क्षेत्र वा निकाय संग भएको सम्झौता बमोजिमको समायवधि भित्र वा सम्झौता रद्ध हुनु अगावै उक्त योजना स्थालमा रहेको जग्गा जमिन, भौतिक संरचना साथै मेसिन उपकरणहरूस्थानीयकरण गर्न भने पाइने छैन ।

(७) सम्बन्धित योजनाको कार्यान्वयन गर्ने पक्षलाई प्रदान गरिएको योजना कार्यान्वयनको अनुमति पत्र यसै कार्यविधिको दफा १ ६ को उपदफा (७) बमोजिम रद्द हुन गएमा उक्त योजनाको कार्यान्वयनको लागि गरिएको सम्झौता समेत सोही दफाको उपदफा (१०) बमोजिम स्वतःरद्द हुने भएबाट सम्बन्धित योजनाको योजना स्थलमा रहेको जग्गा जमिन

तथा भौतिक संरचना साथै मेसिन उपकरणहरू समेत सम्झौता बमोजिम स्वतः स्थानीयकरण भएको मानिनेछ।

(८) यस कार्यविधिमा उल्लेख गरिए बाहेकका स्थानीयकरण सम्बन्धी अन्य व्यवस्था सार्वजनिक निजी साझेदारी इकाईको प्रस्ताव तथा सार्वजनिक निजी साझेदारी समन्वय समितिको सिफारिसमा कार्यपालिकाको निर्णय बमोजिम स्वीकृत भएका मापदण्ड तथा प्रावधान बमोजिम हुनेछन्।

**२३. भाडा तथा शुल्क उठाउनेः**

(१) सम्बन्धित योजनाका उपभोक्ताले प्रयोग वा उपयोग गरेको भौतिक संरचना, मेसिन, उपकरण तथा सेवा वापतको भाडा तथा सेवा शुल्क वापतको रकम सम्बन्धित योजनाको कार्यान्वयनका लागि गरिएको सम्झौतामा नगरपालिकाले आफै उठाउन पाउने वा उठाउने भनी उल्लेख गरिएका बाहेकको हकमा अनुमति प्राप्त सम्बन्धित निजी क्षेत्र वानिकाय आफैले उठाउन, असुल गर्न वा छुट दिन पाउनेछ।

(२) उपदफा (१) बमोजिम सम्बन्धित उपभोक्ताबाट उठाउने भाडा तथा सेवा शुल्क वापतको रकमको अधिकतम सीमा नगरपालिका र सम्बन्धित अनुमति प्राप्त निजी क्षेत्र वानिकायसंग गरिएको सम्झौतामा उल्लेख गरिएको प्रावधान बमोजिम तथा सम्झौतामा उल्लेख नगरिएको हकमा नगर सभाबाट पारित गरेको राजस्व तथा शुल्कको दर रेट बमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिमको भाडा तथा शुल्क सम्बन्धी व्यवस्था वा भाडा तथा शुल्कको दर रेट दुवै पक्षको सहमतिमा समय समयमा पुनरावलोकन गर्न सकिनेछ।

(४) उपदफा (३) बमोजिम सहमति हुन नसकि कुनै विवाद उत्पन्न भएमा यसै कार्यविधिमा भएको व्यवस्था बमोजिम विवादको समाधान गरिनेछ।

(५) उपदफा (४) बमोजिम विवाद समाधान गर्ने प्रयास गर्दा समेत विवाद समाधान हुन नसकेमा कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

**२४. घर/जग्गा/मेसिनरी तथा उपकरण प्राप्ति/प्रयोग तथा निर्माणः**

(१) योजना कार्यान्वयनको अनुमति प्राप्त निजी क्षेत्र वा निकायले उक्त योजना कार्यान्वयनका लागि आवश्यक पर्ने घर/जग्गा/मेसिनरी तथा

उपकरण तथा अन्य सामाग्रीआफैले खरिद गरी वा भाडा/लिज लगायतका अन्य सम्भाब्य उपायहरू समेत प्रयोग गरी व्यवस्था गर्नु पर्नेछ ।

**(२)** उपदफा (१) बमोजिमको कार्यका लागि सम्बन्धित पक्षबाट सहयोग माग भई आएमा सार्वजनिक निजी साझेदारी इकाईले समन्वयका साथ सम्भाब्य उपायका बारेमा आवश्यक सहयोग गर्नेछ ।

(३) अनुमति प्राप्त निजी क्षेत्र वा निकायले सम्भाव्यता अध्ययन समेत गरी योजना प्रस्ताव गर्नु पर्ने भएका कारण उपदफा (२) बमोजिमको कार्यका लागि सम्बन्धित समिति तथा नगरपालिकाका लागि यो व्यवस्था बाध्यकारी हुनेछैन ।

(४) योजना कार्यान्वयनको सिलसिलामा सम्बन्धित योजना स्थल वा त्यसको सम्झौतामा उल्लेख भएको दुरी वा नगरपालिकाले निर्धारण गरेको मापदण्ड भित्र कसैको घर/जग्गा वा अन्य कुनै संरचना पर्न गएमा, यस प्रकारका संरचना हटाउनु पर्ने परिस्थिति सिर्जना भएमा साथै उक्त क्षेत्र भित्र थप संरचना निर्माणमा प्रतिवन्ध लगाउनु पर्ने भएमा सम्बन्धित अनुमति प्राप्तनिजी क्षेत्र वा निकायले सार्वजनिक निजी साझेदारी इकाईमा अनुरोध/माग गरेको १५ दिन भित्र उक्त अनुरोध/मागका बारेमा स्थलगत अध्ययन तथा नापजाँच गरी गराई मापदण्ड बमोजिम यस प्रकारका संरचना हटाउनु पर्ने वा उक्त क्षेत्र भित्र अन्य कुनै संरचना निर्माण गर्न रोक लगाउनु पर्ने अवस्था देखिएमा सार्वजनिक निजी साझेदारी इकाईको राय सुझावका आधारमा सार्वजनिक निजी साझेदारी समन्वय समितिको सिफारिसमा कार्यपालिकाले वा प्रमुख प्रशासकीय अधिकृतले वा प्रमुख प्रशासकीय अधिकृतले अधिकार प्रत्यायोजन गरेको वा कार्य विवरणमा स्पष्ट जिम्मेवारी तोकिएको अधिकृत स्तरको कर्मचारीले सम्बन्धित पक्षलाई यस प्रकारका संरचना हटाउन वा निर्माण हुँदै गरेका भए निर्माण कार्य रोक्न र निर्मित वा निर्माणाधिन संरचना निश्चि त समय सीमा भित्र हटाउन आदेश दिन सक्नेछ वा हटाउन लगाउनेछ ।

(५) उपदफा (४) बमोजिम मापदण्ड विपरित बनेका संरचना सम्बन्धित पक्षले सार्वजनिक सूचना वा पत्र मार्फत जानकारी गराउँदा समेततोकिएको समय सीमा भित्र नहटाएमा प्रचलित कानुन बमोजिम नगरपालिकाले हटाउनेछ ।

(६) सम्बन्धित क्षेत्रमा निर्माण भएका संरचना हटाउँदा सम्बन्धित पक्षले कानुन बमोजिम क्षतिपूर्ति पाउने भए सो वापतको मनासिव माफिकको क्षतिपूर्ति तथा त्यस प्रकारका संरचना हटाउँदा लाग्ने वा लागेको खर्च सम्बन्धित अनुमति प्राप्त निजी क्षेत्र वानिकायले ब्यहोर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिमको क्षतिपूर्ति वापतको रकमको निक्र्यौल गर्न नगरपालिकाले सङ्घीयतथा प्रदेश सरकारका सम्बन्धित निकायका प्रतिनिधि साथै स्थानीय उपभोक्ताहरूको प्रतिनिधिर नगरपालिकाको अधिकृत स्तरको प्राविधिक कर्मचारी समेत रहने गरी सार्वजनिक निजी साझेदारी समन्वय समितिको पदाधिकारीको संयोजकत्वमा एक **"क्षतिपूर्ति निर्धारण कार्यदल /उपसमिति"** गठन गर्नेछ वा यसै कार्यविधिमा भएको व्यवस्था बमोजिम क्षतिपूर्ती मूल्याङ्कन कार्यदल/उपसमितिलाई सो कार्य सम्पन्न गर्न लगाउने छ । यसरी गठन भएको कार्यदल/उपसमितिले सम्बन्धित अनुमति प्राप्त निजी क्षेत्रको प्रतिनिधि समेतको रोहबरमा उल्लेखित संरचनाहरूहटाउँदा हुने क्षति तथा लाग्ने खर्चको लेखाजोखा वा अनुमान गर्नेछ ।

(८) उपदफा (७) बमोजिम गठित क्षतिपूर्ति निर्धारण कार्यदल /उपसमितिले वा क्षतिपूर्ति मूल्याङ्कन कार्यदल /उपसमितले जिम्मेवारी पाएको बढीमा १५ दिन भित्र वास्तविक क्षतिपूर्ति तथा संरचना हटाउदा लाग्ने लागत खर्च समेतको मूल्याङ्कन गरी सार्वजनिक निजी साझेदारी इकाई समक्ष प्रतिवेदन पेश गर्नेछ ।

(९) सार्वजनिक निजी साझेदारी इकाईले उक्त प्रतिवेदनको अध्ययन गरी आफ्नो राय समेत राखी आवश्यक निर्णयका लागि समन्वय समिति समक्षपेश गर्नेछ । यसरी प्राप्त भएको राय सहितको प्रतिवेदनका बारेमा समन्वय समितिले सम्बन्धित अनुमति प्राप्त निजी क्षेत्रसंग राय परामर्श समेत गरी सम्बन्धित पक्षलाई भएको क्षतिको आधारमा क्षतिपूर्ति गर्नु पर्ने रकम स्वीकृतिका लागि प्रमुख प्रशासकीय अधिकृत मार्फत कार्यपालिकामापेश गर्नेछ ।

(१०) नगरपालिकाले क्षतिपूर्ति सम्बन्धी प्रतिवेदनमा प्रचलित ऐन कानून बमोजिम केही संशोधन वा हेरफेर गरी वा नगरी स्वीकृति प्रदान गर्न सक्नेछ ।

(११) कार्यपालिकाबाट स्वीकृत भएको क्षतिपूर्ति सम्बन्धी प्रतिवेदन स्वीकृत भएको मितिले बढीमा १ महिना भित्र सम्बन्धित सरोकारवालालाई

बुझाउनु पर्नेछ । तर सम्बन्धित सरोकारवालाको सहमतिमा भुक्तानी अवधि बढाउन कुनै बाधा पर्ने छैन साथै भुक्तानी अवधि बढाएको कारणबाट कहि कतै विवाद उत्पन्न भएमा अनुमति प्राप्त निजी क्षेत्रस्वयं जवाफदेही हुनु पर्नेछ ।

(१२) उपदफा (१०) बमोजिम निर्धारण भएको क्षतिपूर्ति वापतको रकमका बारेमा सार्वजनिक निजी साझेदारी इकाईले सम्बन्धित सरोकारवालाई लिखित पत्र वा सार्वजनिक सूचना मार्फत जानकारी गराउनेछ ।

(१३) निर्धारण भएको क्षतिपूर्तिका बारेमा सम्बन्धित सरोकारवालालाई चित्त नबुझेमा जानकारी प्राप्त भएको मितिले १५ दिन भित्र सार्वजनिक निजी साझेदारी इकाई समक्ष चित्त नबुझ्नुको यथार्थ कारण र प्रमाण सहित उजुरी दिन सक्नेछ ।

(१४) उपदफा (१३) बमोजिम सार्वजनिक निजी साझेदारी इकाईमा प्राप्त उजुरी उपर आवश्यक अध्ययन तथा कार्वाहि गर्न सार्वजनिक निजी साझेदारी समन्वय समितिमा पेश गरिनेछ । यस प्रकारको उजुरी सम्बन्धी सम्बन्धित सरोकारवालासंग वार्ता गरी समस्याको उचित समाधान निकालिनेछ । कारणबस यस प्रकारको समाधान ननिस्किएमा सार्वजनिक निजी साझेदारी समन्वय समिति मार्फत कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

**२५. घर जग्गा आदिमा प्रवेश गर्न सक्नेः**

(१) सम्झौता बमोजिम सम्बन्धित योजना कार्यान्वयनको अनुमति प्राप्त निजी क्षेत्र वा निकायले योजना कार्यान्वयनको सिलसिलामा भौगोलिक सर्वेक्षण गर्न वा नाप नक्सा गर्न वा माटो लगायत अन्य प्राकृतिक स्रोत साधनको परीक्षण गर्न, सम्बन्धित स्थल तथा संरचनाको नाप नक्सा गर्न साथै उपरोक्त बमोजिमका कार्यका लागि उपकरण जडान गर्न तथा प्रयोग गर्न, जग्गा छुट्याउन तथा साँध किल्ला खडा गर्न वा निसाना लगाउने कार्यका लागि कुनै व्यक्ति/संस्था/निकाय/समुदायको घर, जग्गा, उद्योग, कलकारखाना, कार्यालय परिसर आदिमा सम्बन्धित सरोकारवालालाई पूर्व जानकारी दिई प्रवेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यका लागि अनुमति प्राप्त निजी क्षेत्र वा निकायलाई सार्वजनिक निजी साझेदारी समन्वय समितिले **प्रवेश अनुमतिपत्र** प्रदान गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको कार्यका लागि सम्बन्धित सरोकारवालालाई अनुमति प्राप्त निजी क्षेत्र वा निकायले अग्रिम जानकारी गराई सहमति प्राप्त गर्नु पर्नेछ।

(४) सम्बन्धित सरोकारवालाले उपदफा (३) बमोजिम जानकारी गराउँदा समेत सहमति प्रदान नगरेका कारण योजनाको कार्यान्वयनमा बाधा व्यवधान उत्पन्न हुने देखिएमासार्वजनिक निजी साझेदारी समन्वय समितिले नगर प्रहरी तथा आवश्यकता परेमा स्थानीय सुरक्षा निकायको सहयोगमा उक्त परिसर भित्र प्रवेश गर्ने वातावरण तयार गर्नु पर्नेछ।

(५) उपदफा (१) मा भएको व्यवस्था बमोजिम कुनै व्यक्ति/संस्था/निकाय/समुदायको घर, जग्गा, उद्योग, कलकारखाना, कार्यालय परिसरमा प्रवेश गर्दा साथै योजना कार्यान्वयका लागि आवश्यक कार्य गर्दा सम्बन्धित पक्षको कुनै धन सम्पति पुन: प्रयोगमा नआउने गरी हानी नोक्सानी भएमा वा योजना कार्यान्वयन गर्ने वा गराउने पक्षले सम्झौतामा भएको प्रावधान साथै ऐन कानून विपरितका कार्य गरे गराए वापत अर्को पक्षलाई क्षति पुग्न गएमा मूल्याङ्कनको आधारमा क्षति पुग्ने पक्षलाई पुर्याउने पक्षलाई मनासिव माफिकको क्षतिपूर्ती दिनु पर्ने छ।

(६) उपदफा (५) बमोजिम क्षतिपूर्ति माग गर्ने र क्षति पुर्याउने पक्ष बीच आपसि सहमतिमा हुन गएको क्षतिको अनुमान गरीसमाधानगर्नुपर्नेछ।

(७) उपदफा (६) बमोजिम सहमति हुन नसकेमा उक्त विषयको समाधानका लागि आवश्यक मूल्याङ्कनका लागि क्षतिपूर्ति मूल्याङ्कन कार्यदल/उपसमिति समक्ष पेश गरिनेछ।

(८) क्षतिपूर्ति मूल्याङ्कन कार्यदल/उपसमितिले पुग्न गएको क्षतिको लेखाजोखा वा मापन गरी परिमाणात्मक तथा मात्रात्मक विवरण सहित सार्वजनिक निजी साझेदारी इकाईमा पेश गर्नेछ।

(९) उपदफा (८) बमोजिमको प्रतिवेदनका आधारमा दुवै पक्ष बसी आपसी सहमतिमा समस्याको समाधान गर्न सकिने छ।

(१०) उपदफा ( ९) बमोजिम समाधान हुन नसकेमा यसको समाधान सार्वजनिक निजी साझेदारी इकईको सिफारिसमा सार्वजनिक निजी साझेदारी समन्वय समितिले वा समितिको सिफारिसमा कार्यपालिकाले गर्ने छ।

**२६. योजनाको सुरक्षाः**

(१) योजना तथा योजना स्थलको सुरक्षाको बन्दोवस्त तथा जिम्मेवारी सम्बन्धित अनुमति प्राप्त व्यक्ति/संस्था/निकाय/समुदाय स्वयंको हुनेछ।

(२) योजनाको प्रकृति र सम्बेदनशीलताका कारण उपदफा (१) बमोजिमको व्यवस्थाबाट पूर्ण हुन नसक्ने अवस्थाको सिर्जना भएमा सो बारेमा सम्बन्धित अनुमति प्राप्त निजी क्षेत्र वा निकायले  सुरक्षाको प्रत्याभूतिका लागि परिस्थितिको मूल्याङ्कन सहित आफूमा रहेको दायित्व र सुरक्षा सम्यन्त्रले मात्र सम्भव नरहने सम्बन्धी पर्याप्त पुष्ट्याई सम्बन्धी कारण समेत उल्लेख गरी थप सुरक्षा व्यवस्थापनका लागि सार्वजनिक निजी साझेदारी इकाई समक्ष निवेदन माग गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदनका बारेमा सार्वजनिक निजी साझेदारी इकाईले तत्काल नगर प्रहरी मार्फत अध्ययन गरी गराई वास्तविक अवस्थाको मूल्याङ्कन समेत गरी आवश्यकता र सुरक्षा सम्बेदनशीलता समेतका आधारमा सार्वजनिक निजी साझेदारी समन्वय समिति/प्रमुख प्रशासकीय अधिकृत/आवश्यकता परेमा कार्यपालिकाको समेत अनुमति लिई स्थानीय प्रशासन समेतको सहयोगमा सुरक्षाको सुनिश्चितता हुने व्यवस्था मिलाउनु पर्नेछ। सार्वजनिक निजी साझेदारी इकाई वा त्यस्को प्रमुखलाई कुनै अप्रिय घट्ना घट्न सक्ने अवस्था सिर्जना भएको लागेमा उक्त परिस्थितिबाट सुरक्षित हुनका लागि तत्काल सुरक्षाको वन्दोवस्ता गरी प्रमुख प्रशासकीय अधिकृत वा  सो भन्दा माथिको निकायलाई जानकारी गराउन अन्य व्यवस्थाले बाधा पुगेको मानिने छैन।

(४) उपदफा (३) बमोजिमको सुरक्षा व्यवस्थाका लागि पर्न जाने आर्थिक भारको व्यवस्था सम्बन्धित योजना कार्यान्वयनको अनुमति प्राप्तनिजी क्षेत्र वा निकायले  गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम भएको आर्थिक भार नगरपालिकाको तर्फबाट ब्यहोरिने छैन साथै उक्त भार व्यहोर्न नगरपालिका बाध्य हुने छैन।

**२७. विदेशी विनिमयको सुविधाः**

(१) योजना कार्यान्वयन गर्ने अनुमति प्राप्त निजी क्षेत्र वा निकाय ले योजना कार्यान्वयनको सिलसिलामा विदेशी विनिमयको आवश्यकता पर्ने भएमा कारण सहित सार्वजनिक निजी साझेदारी इकाई समक्ष निवेदन माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदकको मागका बारेमा आवश्यक अध्ययन गरी आवश्यकता परेको देखिएमा उक्त निवेदनलाई आवश्यक सिफारिस सहित सार्वजनिक निजी साझेदारी समन्वय समिति समक्ष पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम समितिले थप अध्ययन गरी आवश्यकताको पुष्ट्याइ समेत उल्लेख गरी आवश्यक निर्णयका लागि कार्यपालिका समक्ष पेश गर्नेछ ।

(४) सार्वजनिक निजी साझेदारी समन्वय समितिको सिफारिस राय समेतका आधारमा सम्बन्धित पक्षको माग बमोजिमको सहयोग कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

(५) कार्यपालिकाको बैठक बस्न ढिलाई हुने भएका कारण सम्बन्धित पक्षलाई योजना कार्यान्वयनमा बाधा पुग्ने देखिएमा आगामि कार्यपालिकाको बैठकबाट अनुमोदन गराउने गरी समितिका संयोजकको सहमतिमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यक सहयोगको व्यवस्था मिलाउन सक्ने छ ।

(६) नगरपालिकाको सहयोग र सहजीकरणबाट विदेशी विनिमयको व्यवस्था हुन नसकेमा सम्बन्धित अनुमति प्राप्त निजी क्षेत्र स्वयंले प्रचलित ऐन कानून बमोजिम बैकल्पिक उपायहरूको प्रयोग गरी व्यवस्थापन गर्न सक्नेछ ।

**२८. विष्फोटक पदार्थको प्रयोगः**

(१) यस नगरपालिका मार्फत सञ्चालनमा आएका सार्वजनिक निजी साझेदारी अन्तर्गतका योजनाको सफल कार्यान्वयनका लागि भौगोलिक जटिलताका कारण विष्फोटक पदार्थको प्रयोग गर्नु पर्ने अवस्था सिर्जना भएमा कारण सहित सम्बन्धित अनुमति प्राप्त निजी क्षेत्र वा निकाय ले सार्वजनिक निजी साझेदारी इकाई समक्ष आवश्यक सहयोगका लागि निवेदन माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको माग पत्र पठाउनु अघि स्थलगत अध्ययन गरी गराई योजनाको सम्बेदनशिलता र विष्फोटक पदार्थको प्रयोगले वातावरण र स्थानीय जनजीवनमा पार्ने प्रभाव साथै सम्भावित आर्थिक क्षति समेतको लेखा जोखा गरी प्राविधिक प्रतिवेदन तयार गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्राविधिक अध्ययन गर्दा गराउँदा साथै प्रतिवेदन तयार गर्दा लाग्ने आर्थिक भार सम्झौता बमोजिम भएको भए सोही बमोजिम तथा सम्झौतामा उल्लेख नभएको भए मूल्याङ्कनको आधारमा अनुमति प्राप्त निजी क्षेत्र वा निकायले व्यहोर्नु पर्नेछ।

(४) प्राप्त निवेदनका आधारमा स्थलगत अध्ययनका साथ वातावरणीय प्रभाव समेतको विचार गरी सम्बन्धित निकाय वा विभागमा सिफारिस गरिदिन सार्वजनिक निजी साझेदारी इकाईले प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम सिफारिस भई आएको निवेदन उपर आवश्यक परे थप जाँचबुझ समेत गरी प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित निकाय वा विभाग समक्ष आवश्यक विस्फोटक पदार्थ उपलब्ध गराईदिन सम्बन्धित पक्षलाई सिफारिस पत्र प्रदान गर्नेछ।

(६) योजना कार्यान्वयन गर्ने सिलसिलामा आवश्यक पर्ने विष्फोटक पदार्थ प्रयोग गर्न पाउने अनुमतिको प्रावधान प्रचलित कानून तथा सङ्घीय सरकारले तोके बमोजिम हुनेछ।

(७) सङ्घीय सरकारले विष्फोटक पदार्थको प्रयोग गर्न अनुमति प्रदान नगरेमा सम्बन्धित योजनाको कार्यान्वयनका लागि अनुमति प्राप्त निजी क्षेत्र वा निकायले बैकल्पिक व्यवस्था मार्फत योजना कार्यान्वयन गर्नु पर्नेछ।

(८) विष्फोटक पदार्थ प्रयोग गर्न पाउने अनुमति प्राप्त नभएको कारण देखाई सम्बन्धित निजी क्षेत्र वा निकायले सम्बन्धित योजनाको कार्यान्वयन नगर्ने वा ढिलो गर्ने वा प्रमाणीकरण माग गर्ने जस्ता कार्य गर्न गराउन पाउने छैन। यसको कारण देखाई योजनाको कार्यान्वयन ढिलो भएको वा तोकिएको समय सीमा भित्र सञ्चालनमा नआएमा त्यस्को कारणबाट हुने क्षतिको सम्पूर्ण जिम्मेवारी सम्बन्धित अनुमति प्राप्त निजी क्षेत्र वानिकायको हुनेछ।

(९) विष्फोटक पदार्थ उपलब्ध नभएको कारण जनाई योजनाको कार्यान्वयनमा ढिलाई गरेमा वा काम नगरेमा वा बिचैमा छाडेमा

यसबाट नगरपालिकालाई पर्न जाने क्षतिको मूल्याङ्कन यसै कार्यविधिको दफा २४ को (७) बमोजिम कार्यदल/उपसमिति गठन गरी सोही कार्यदल/उपसमितिले पेश गरेको मूल्याङ्कनका आधारमा सम्बन्धित कार्यान्वयन कर्ताबाट क्षतिपूर्ति भए बराबरको रकम सम्झौतामा उल्लेख भए बमोजिम नगरपालिकाले असुल उपर गर्न सक्नेछ।

**२९. सेवा सुविधा पाउने, तोक्नेतथा उलपब्ध गराउनेः**

(१) सार्वजनिक निजी साझेदारीमा सञ्चालन हुने योजना निर्माण, सञ्चालन तथा व्यवस्थापन वा सेवा प्रवाह सम्बन्धीको कार्य गरे वा गराए वापत योजनाको प्रकृति, यसले नगरपालिकाको आर्थिक, सामाजिक, भौतिक संरचनागत, वातावरणीय तथा संस्थागत विकासमा पुर्याउने दिगो योगदानसाथै सम्बन्धित योजनामा भएको वा हुने न्युन वा शून्य नगद लगानी साझेदारी समेतका आधारमा सम्बन्धित अनुमति प्राप्त वा प्राप्त गर्ने निजी क्षेत्र वा निकायले प्रचलित ऐन कानून तथा यसै कार्यविधिमा भएको व्यवस्था वा सम्झौतामा उल्लेख गर्ने गरी सार्वजनिक निजी साझेदारी समन्वयन समितिको सिफारिसमा कार्यपालिकाले निर्णय गरे बमोजिम तथा सम्झौतामा उल्लेख भए बमोजिम हुनेगरी संरक्षण, सुविधा, सहुलियत तथा छुट प्राप्त गर्न सक्नेछ।

(२) उपदफा (१) मा उल्लेख भएका सुविधा प्राप्त गर्न कानूनले बन्देज गरेको वा सीमा तोकेको वा सम्झौतामा उल्लेख नभएको अवस्थामा भने यस प्रकारका सेवा सुविधा माग दाबी गर्न पाईने छैन।

(३) प्रचलित कानून तथा सम्झौता विपरित सम्बन्धित अनुमति प्राप्त निजी क्षेत्र वा निकायले सुविधा माग गरेमा त्यस्तो सुविधा उपलब्ध गराउन नगरपालिका बाध्य हुनेछैन।

(४) सम्बन्धित योजनाको कार्यान्वयनको अनुमति प्राप्त निजी क्षेत्र वानिकायले उपभोक्तालाई उपलब्ध गराउने सेवा सुविधाका बारेमा सम्झौतामा उल्लेख भए बमोजिम आवश्यक सर्त तोक्न तथा लागु गर्न सक्नेछ।

(५) सम्बन्धित योजनाको अनुमति प्राप्त निजी क्षेत्र वा निकायले सम्झौतामा उल्लेख भएका सेवा सुविधाहरूउपभोक्तालाई उपलब्ध गराउनु पर्नेछ। सम्झौतामा उल्लेख भए बाहेकका सेवा सुविधा कुनै उपभोक्ताले लिन

नचाहेमा अनिवार्य गरिएका बाहेकका सेवा सुविधा अतिरिक्त शुल्क तिरी उपभोग गर्न वा लिन सम्बन्धित उपभोक्ता बाध्य हुनेछैन।

(६) सम्झौतामा उल्लेख भएका अतिरिक्तउपभोक्ताहरूको माग बमोजिमका सेवा सुविधा उपलब्ध गराउन सम्बन्धित योजनाकार्यान्वयनको अनुमति प्राप्त निजी क्षेत्र वानिकायबाध्य हुने छैन। तर स्वेच्छाले वा आपसी सहमतिमा सम्बन्धित उपभोक्ता वा उपभोक्ताहरूले पुर्याएको योगदानको कदर स्वरुप सम्बन्धित उपभोक्तालाई केही सुविधा तथा सहुलियत प्रदान गर्न यस व्यवस्थाले बाधा पुर्याएको मानिने छैन।

(७) उपदफा (६) बमोजिम सम्बन्धित योजनाको कार्यान्वयन कर्ताले आफ्नै स्वेच्छाले उपभोक्तालाई दिएको छुट सम्बन्धित कार्यान्वयन कर्ता स्वयंले व्यहोर्नु पर्नेछ। यस विषयमा नगरपालिकाको जवाफदेहिता रहने छैन।

## परिच्छेद- ७ (सात)
## विवाद समाधान सम्बन्धी व्यवस्था

### ३०. विवाद समाधान कार्यदल/उपसमिति

(१) सार्वजनिक निजी साझेदारी समन्वय समितिले सार्वजनिक निजी साझेदारीमा सञ्चालनमा आएका वा आउने योजनाको कार्यान्वयनका सिलसिलामा आउने विभिन्न प्रकृतिका विवादहरू सके सम्म आफ्नै तहबाट समाधान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै विवाद समाधान हुन नसकेमा वा नसक्ने भएमा वा गर्न नसकिएमा सम्बन्धित विवाद समाधान सम्बन्धी कार्य गर्न कार्य जिम्मेवारी समेत तोकी सार्वजनिक निजी साझेदारी समन्वय समितिले विवाद समाधान कार्यदल/उपसमिति गठन गर्न सक्नेछ।

(३) विवादको प्रकृति र तीनको समाधानका प्रक्रिया यसै कार्यविधिको दफा ३१,३२ र ३३ मा भएको व्यवस्था बमोजिम गरिने छ। यीनका अतिरिक्त थप व्यवस्था गर्नु पर्ने भएमा विवाद समाधान कार्यदल/उपसमितिले सार्वजनिक निजी साझेदारी समन्वय समितिको सहमतिमा निर्धारण गरेको विधि र प्रक्रिया समेत अवलम्बन गर्न सकिनेछ।

(४) यसै कार्यविधिमा भएको व्यवस्था समेतका आधारमा विवाद समाधान कार्यदलले विवाद समाधानका लागि आवश्यक कार्यविधि स्वयं निर्माण गरी वा तयार गरी सार्वजनिक निजी साझेदारी समन्वय समितिका संयोजक र प्रमुख प्रशासकीय अधिकृतको सहमति समेतका आधारमा कार्यान्वयनमा ल्याउन सक्नेछ।

**३१. आसय पत्र तथा प्रस्तावको छनौट तथा निर्णय सम्बन्धी विवादः**

(१) यस कार्यविधिमा भएको व्यवस्था बमोजिम सार्वजनिक निजी साझेदारीमा सञ्चालन हुने योजनाको कार्यान्वयनका लागि माग भई वा प्रस्तावको तर्फबाट स्वतह प्राप्त हुन आएकाआसय पत्र तथा प्रस्तावहरू छनौट गर्दा वा छनौटको निर्णय गर्दा आफुलाई अन्याय भएको वा क्षति पुगेको भनी कुनै प्रस्तावकले कारण समेत उल्लेख गरी उक्त निर्णयको पुनरावलोकनका लागि छनौट सम्बन्धी निर्णय भएको मितिले बढीमा ७ दिन भित्र सार्वजनिक निजी साझेदारी समन्वय समिति समक्ष लिखित निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर सार्वजनिक निजी साझेदारी समन्वय समितिले निवेदन प्राप्त भएको मितिले बढीमा ७ दिन भित्र छानविन गरी सम्बन्धित पक्षलाई अध्ययन तथा छानविन बाट प्राप्त निष्कर्ष सहित त्रुटी भएको नभएको बारेमा लिखित जानकारी गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम अध्ययन तथा छानविन गर्दा प्रचलित ऐन कानुन साथै यसै कार्यविधिमा उल्लेख भएको प्रावधान तथा व्यवस्थाका आधारमा कही कतै त्रुटि भएको पाईएमा सार्वजनिक निजी साझेदारीसमन्वय समितिले आवश्यक निर्णय गरी तत्काल सच्याउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको निर्णय गर्दा उक्त त्रुटीका कारण सम्बन्धित पक्षलाई कहि कतै क्षति पुगेको भएमा सम्बन्धित प्रस्तावकको आसय पत्र तथा प्रस्तावलाई योजना कार्यान्वयनको बाँकी प्रकृयामा समावेश गर्न मिल्ने भए समावेश गर्ने तथा समावेश गर्न नमिल्ने वा नसकिने भए पर्याप्त कारण समेत उल्लेख गरी साथै यस प्रकारको त्रुटिका कारण सम्बन्धित प्रस्तावकलाई कुनै प्रकारको आर्थिक क्षति पुगेको ठहर

भएमा उक्त क्षति वापतको रकम उपलब्ध गराउने समेतको विषय उल्लेख गरी सम्बन्धित निवेदकलाई लिखित जानकारी गराउनु पर्नेछ।

(५) उपदफा (४) मा भएको व्यवस्था बमोजिम सम्बन्धित निवेदनकर्तालाई सार्वजनिक निजी साझेदारीसमन्वय समितिले गरेको निर्णय चित्त नबुझेमा कार्यपालिकामा पुनरावेदनका लागि निवेदन दिन सक्नेछ।

(६) उपदफा (५)बमोजिम कार्यपालिकाले कानूनी सल्लाह तथा राय परामर्श समेत लिई उक्त निवेदन उपर आवश्यक निर्णय गर्नेछ।

(७) उपदफा (६) बमोजिम कार्यपालिकाको निर्णय समेत सम्बन्धित निवेदकलाई चित्त नबुझेमा कानूनी उपचारका लागि सम्बन्धित अदालतमा निवेदन दिन सक्नेछ। अदालतबाट भएको फैसला तथा निर्णय दुवै पक्षका लागि मान्य हुनेछ।

**३२. सम्झौता तथा कार्यान्वयन सम्बन्धी विवादः**

(१) सार्वजनिक निजी साझेदारीमा सञ्चालन गरिने योजना कार्यान्वयनका लागि उक्त योजना कार्यान्वयन गर्ने तथा गराउने साथै साझेदार/सरोकारवाला पक्षको सहमतिमा सम्झौता पत्रमा समेत खुलाई सम्झौता भई कार्यान्वयको अनुमति प्राप्त गरी कार्यान्वयनमा आएको अवस्थामा सम्झौताका कुनै पनि प्रावधान वा बुँदामा चित्त नबुझेको भनी कुनै पनि पक्षले कही कतै उजुर बाजुर गर्न पाईने छैन।

**(२)** उपदफा (१) मा उल्लेख गरिएको व्यवस्था बिपरित कुनै पक्षले उजुर बाजुर गरेमा यसै प्रावधान बमोजिम उक्त उजुरी बदर भागी हुनेछ।

(३) सम्झौता बमोजिम योजना कार्यान्वयन गर्दा सार्वजनिक निजी साझेदारी समन्वय समिति, नगरपालिका र सम्बन्धित योजनाको कार्यान्वयनको अनुमति प्राप्त निजी क्षेत्रबीच कार्यान्वयनको प्रकृया/गुणस्तर साथै सम्झौता बमोजिमका प्रावधान पालना नगरेको नगराएको भनि विवाद उत्पन्न भएमा सम्बन्धित पक्षले आपसी छलफल तथा सम्बाद गरी उक्त विवाद समाधान गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम विवाद समाधान हुन नसकेमा उक्त विवाद समाधानका लागि विवाद समाधान कार्यदल /उपसमिति समक्ष पेश गरिनेछ।

(५) योजना कार्यान्वयको सिलसिलामा उठेका विवादको समाधान सम्झौतामा उल्लेख भएकोमा सोही बमोजिम तथा सम्झौतामा उल्लेख

नभएको हकमा सम्बन्धित पक्षसंग आवश्यक छलफल तथा राय परामर्श गरी आपसी सहमति समझदारीमा वा विवाद समाधान कार्यदलले तयार गरेको विवाद समाधान कार्यविधिमा उल्लेख भएका प्रावधान बमोजिम हुनेछ।

(६) उपरोक्त प्रक्रिया तथा पद्धतिबाट विवाद समाधान गर्ने प्रयास गर्दा समेत कुनै एक वा दुवै पक्षलाई चित्त नबुझेका कारण उक्त विवादको समाधान हुन नसके उक्त विवादको अन्तिम टुङ्गो लगाउन दुवै पक्ष कानूनी उपचारका लागि सम्बन्धित अदालत जान सक्नेछन।

(७) उपदफा (६) बमोजिम सम्बन्धित विवादको विषयमा अदालतबाट भएको फैसला दुवै पक्षका लागि मान्य हुनेछ। सम्बन्धित अदालतको फैसलामा चित्त नबुझेमा तालुक अदालतमा पुनरावेदन गर्न पाउने अधिकार भने दुवै पक्षलाई सुरक्षित रहनेछ।

(८) विवाद समाधान कार्यदल/उपसमितिको काम कर्तव्य र अधिकार तथा जिम्मेवारी माथि उल्लेख गरिएका अतिरिक्त यसै कार्यविधिको दफा ३० को (१०) मा भएको व्यवस्था बमोजिम हुनेछ।

**३३. क्षतिपूर्ति व्यवस्थावपन:**

(१) सार्वजनिक निजी साझेदारी इकाईलाई कुनै पनि योजनाको हकमायोजना कार्यान्वयनको अनुमति प्राप्त पक्षबाट सम्झौतामा भएको प्रावधान साथै ऐन कानुन विपरितका कार्य गरे गराए वापत नगरपालिकालाई आर्थिक, भौतिक, सामाजिक, वातावरणीय तथा संस्थागत क्षति पुग्न गएको लागेमा वा योजना कार्यान्वयनको जिम्मेवारी पाएको पक्षबाट निजलाई नगरपालिकाको तर्फबाट क्षति भएको लागेमा निजलेआफ्नै तर्फबाट क्षतिको विवरण र मूल्याङ्कन समेतको प्रतिवेदन सहित थप क्षतिपूर्ति पाऊँ भनीसार्वजनिक निजी साझेदारी इकाई समक्ष निवेदन माग गरेमा यसरी हुन गएको क्षतिको मूल्याङ्कनका लागि सार्वजनिक निजी साझेदारी इकाईको सिफारिस बमोजिम सार्वजनिक निजी साझेदारी समन्वय समितिले कार्य जिम्मेवारी र समय सीमा समेत तोकी क्षतिपूर्ति मूल्याङ्कन सम्बन्धी ज्ञान प्राप्त वा विज्ञ व्यक्ति समेत समावेश गरी ३ देखि ५ सदस्यीयएक "क्षतिपूर्ति मूल्याङ्कन कार्यदल" गठनगर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन भएको कार्यदलले क्षति मूल्याङ्कन सम्बन्धि कार्यविधि यसै कार्यविधिका प्रावधान बमोजिम मूल्याङ्कन अवधिभरका लागि आफै तयार गर्न सक्नेछ।

(३) क्षतिपूर्ति मूल्याङ्कन कार्यदलले तोकिएको समय सीमा भित्र आफ्ने जिम्मेवारी बमोजिमको कार्य सम्पन्न गरी सार्वजनिक निजी साझेदारी इकाई समक्ष मूल्याङ्कन प्रतिवेदन पेश गर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त प्रतिवेदनको अध्ययन विश्लेषण गरी क्षतिपूर्ति पाउने पक्षलाई सम्बन्धित क्षति पुर्याउने पक्षबाट क्षतिपूर्ति भराउनका लागि निजले पाउने क्षति वापतको रकम वा जिन्सी सामान समेत उल्लेख गरी क्षतिपूर्तिका लागि आवश्यक निर्णय गर्न सार्वजनिक निजी साझेदारी समन्वय समिति समक्ष सिफारिस गर्नेछ।

(५) उपदफा (४) बमोजिम सार्वजनिक निजी साझेदारी समन्वय समितिले क्षतिपूर्ति वापतको नगद तथा जिन्सी समेतको पुनः अध्ययन गरी क्षतिपूर्ति वापत भरी भराउ गर्नु पर्ने मात्राको यकिन गरी स्वीकृतिका लागि सिफारिस सहित कार्यपालिकामा पेश गर्नेछ।

(६) सार्वजनिक निजी साझेदारी समन्वय समितिले गरेको सिफारिसका आधारमा कार्यपालिकाले आवश्यक निर्णय गर्नेछ।

(७) क्षतिपूर्तिका विषयमा दुवै पक्षको आपसी सहमतिमा समस्याको समाधान हुन गएमा क्षतिपूर्ति मूल्याङ्कन कार्यदलको गठन तथा उक्त कार्यदल मार्फत गर्ने भनी तोकिएका क्रियाकलाप गर्नै पर्ने बाध्यता रहनेछैन।

(८) आपसी सहमतिमा वा क्षतिपूर्ति मूल्याङ्कन कार्यदलको प्रतिवेदनका आधारमा कार्यपालिकाले गरेको निर्णयका आधारमा क्षति पुर्याउने सम्बन्धित पक्षले अर्को पक्षलाई पुग्न गएको मनासिव माफिकको क्षतिपूर्ति दिनु पर्नेछ।

(९) क्षतिपूर्तिका विषयमा आपसी सहमति हुन नसकेमा वा उपदफा (६) बमोजिम कार्यपालिकाले गरेको निर्णयले आफूले पाउनु पर्ने क्षति वापतको क्षतिपूर्ति नपुगेको वा माग गरिए भन्दा कम भएको देखिएमा दुवै पक्ष एकै ठाउँमा बसी आवश्यक परामर्श र छलफल गरी आपसी सहमतिबाट उक्त क्षतिपूर्ति सम्बन्धी समस्या समाधान गर्नु पर्नेछ।

(१०) उपदफा (९) बमोजिम समेत क्षतिपूर्ति वापतको समस्या समाधान हुन नसकेको हकमा यसै कार्यविधिको दफा ३२ को (४) देखि (७) सम्मका प्रावधान क्रमशः आकर्षित हुनेछन् ।

(११) क्षतिपूर्ति मूल्याङ्कन कार्यदलको काम कर्तव्य र अधिकार तथा जिम्मेवारी माथि उल्लेख गरिएका अतिरिक्त यसै कार्यविधिको दफा ३४ को (७) मा भएको व्यवस्था बमोजिम हुनेछ ।

## परिच्छेद ८ (आठ)
## संस्थागत संरचना साथै समिति सम्बन्धी व्यवस्था

**३४. संस्थागत संरचनाः**

(१) सार्वजनिक निजी साझेदारी अन्तर्गतविर्तामोड नगरपालिकाले कार्यान्वयनमा ल्याउने तथा ल्याएका विकास निर्माण र सेवा प्रवाह सम्बन्धी योजनाहरूको सफल कार्यान्वयन तथा व्यवस्थापन गर्न नगर कार्यपालिकाको मातहत रहने साथै प्रचलित ऐन कानून बमोजिम नगर कार्यपालिकाको प्रत्यक्ष निर्णय निर्देशन बमोजिम परिचालन हुने गरी नगर कार्यपालिकाले देहाय बमोजिमको संस्थागत संरचना निर्माण गरी कार्यान्वयनमा ल्याउने छ ।

(२) उपदफा (१) बमोजिम को संस्थागत संरचनाको व्यवस्था देहाय बमोजिम हुनेछ ।

१. सार्वजनिक निजी साझेदारी समन्वय समिति
२. लेखाजोखा कार्यदल
३. सार्वजनिक निजी साझेदारी इकाई
४. विवाद समाधान कार्यदल/उपसमिति
५. क्षतिपूर्ति मूल्याकङ्न कार्यदल
६. अनुगमन, सुपरिवेक्षण तथा सहजीकरण समिति

(३) **सार्वजनिक निजी साझेदारी समन्वय समितिः** उपदफा (२) बमोजिम नगर कार्यपालिकाले सार्वजनिक निजी साझेदारी समन्वय समितिको गठन गर्ने छ साथै उक्त समितिको काम , कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछ ।

**१. समितिको गठनः**

क. नगरपालिकाको प्रमुख संयोजक

ख. नगरपालिकाको उपप्रमुख सह संयोजक

ग. कार्यपालिका बाट गठन भएका विषयगत समितिका संयोजकहरू सदस्य

घ. कार्यपालिकाका सदस्यहरू मध्येबाट कार्यपालिकाले मनोनित गरेको १ जना महिला सदस्य

ङ. प्रमुख प्रशासकीय अधिकृत सदस्य

च. कार्यपालिकाले तोकेको सार्वजनिक निजी साझेदारी सम्बन्धिको विज्ञ १ जना सदस्य

छ. सार्वजनिक निजी साझेदारी कार्यक्रमहरूको जिम्मेवारी प्राप्त शाखा प्रमुख/कर्मचारी १ जना सदस्य सचिव

नोटः उपरोक्त च. बमोजिमको सदस्यको हकमा भने कुनै एक निस्चित योजनाका लागि सम्बन्धित वषयको विज्ञको आवश्यकता पर्ने भएमा सम्बन्धी विषयको विज्ञलाई निस्चित समयको लागि मनोनित गर्न सकिनेछ साथै यस समितिले सार्वजनिक निजी साझेदारीका नीतिगत, प्रक्रियागत साथै कार्यान्वयनका सिलसिलामा आइपर्ने वा परेका प्राविधिक समस्याको समाधानका लगि सम्बन्धित विषयमा आवश्यक राय परामर्श वा विषय विज्ञताको आवश्यकता महशुस गरेमा सम्बन्धित विषयमा छलफल तथा परामर्शका लागि स्थानीय, राष्ट्रिय वा अन्तराष्ट्रिय स्तरका विषय विज्ञलाई बैठकमा आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गरेर वा अन्य बैकल्पिक उपायहरू अवलम्बन गरी राय सुझाव समेत लिन सक्नेछ।

**२. सार्वजनिक निजी साझेदारी समन्वय समितिको काम, कर्तव्य र जिम्मेवारीः**

क. आफू मातहतका समिति/इकाई/कार्यदल संग समन्वय र साझेदारी गर्ने।

ख. सार्वजनिक निजी साझेदारीमा कुनै आकस्मिक योजना तथा लगानीकर्ता प्राप्त भएमा सोको बारेमा यथार्थ विवरण सहित कार्यपालिकालाई लिखित वा मौखिक जानकारी गर्ने गराउने।

ग. सम्भाव्य स्थानीय/राष्ट्रिय/अन्तराष्ट्रिय साझेदार तथा लगानीकर्ताहरूको खोजी गर्ने साथै आवश्यकता परेमा नगरपालिका स्तरीय लगानी गोष्ठी वा सम्मेलनको आयोजना गर्ने ।

घ. सम्भाव्य साझेदार तथा लगानीकर्ताहरूसंग नियमित सम्पर्क/समन्यव/बैठक/छलफल लगायतका सम्भाव्य सबै उपायहरू अवलम्बन गर्ने गराउने ।

ङ. आफू मातहतका समिति/ उपसमिति/इकाई/कार्यदल साथै स्थानीय/राष्ट्रिय/अन्तराष्ट्रिय साझेदार तथा लगानीकर्ताहरूबाट प्राप्त हुन आएका सुझावहरूका बारेमा अध्ययन गरी उपयुक्त सुझावहरूलाई तत्काल कार्यान्वयनमा लैजाने ।

च. कार्यविधिमा भएको व्यवस्था बमोजिम योजनाको प्रारम्भिक तथा कार्यान्वयन सम्झौता अघि उक्त सम्झौता पत्रका कुनै प्रावधानमा परिमार्जनको आवश्यकता महशुस भएमा प्रमुख प्रशासकीय अधिकृतलाई सुझाव दिने ।

छ. प्रचिलित ऐन तथा कानून र यसै कार्यविधिमा उल्लेख भएका अतिरिक्त सार्वजनिक निजी साझेदारीमा सञ्चालन गरिने योजनाहरूको सफल कार्यान्वयनका लागि समितिले गरेका वा समितिको बैठकमा आएका सुझाव समेतका आधारमा आवश्यक थप कार्य गर्ने ।

ज. आफू मातहतका कार्यदल तथा इकाईहरूको प्रभावकारी कार्य सम्पादनका लागि इकाई तथा कार्यदल /उपसमितिको कार्य विवरण तथा सम्बन्धित कार्यदल वा इकाईमा रही आवश्यक कार्य गर्ने पदाधिकारी तथा कर्मचारीको कार्य विवरण बनाई कार्यान्वयनमा ल्याउने ।

झ. आफू मातहतका कार्यदल /उपसमिति तथा इकाई प्रमुखहरूसंग कार्य सम्पादन सम्झौता गर्ने ।

ञ. आफू मातहतका कार्यदल /उपसमिति तथा इकाई र उक्त कार्यदल/उपसमिति तथा इकाईमा रही जिम्मेवारी निर्वाह गर्ने पदाधिकारी तथा कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन गरी प्रमुख प्रशासकीय अधिकृत मार्फत आवश्यक छलफल/समीक्षा तथा निर्णयका लागि कार्यपालिकामा पेश गर्ने गराउने ।

ट. योजनाहरूको पहिचान र छनौटका लागि सार्वजनिक निजी साझेदारी इकाईलाई आवश्यक मार्गदर्शन दिने ।

ठ. सार्वजनिक निजी साझेदारी इकाई बाट पहिचान तथा छनौट भई आएका योजनाहरू थप अध्ययन गर्नु पर्ने देखिएमा सो समेत गरी साथै लेखाजोखा कार्यदलबाट लेखाजोखा समेत गराई स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्ने गराउने

ड. कार्यपालिकाबाट स्वीकृत भएका योजनाहरूको खरिद प्रक्रिया तयारी गर्ने गराउने।

ढ. सार्वजनिक निजी साझेदारी मार्फत सञ्चालन गर्ने योजनाको सम्झौताका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने गराउने।

ण. सम्झौता भएका योजनाहरूको कार्यान्वयनका लागि अनुमति पत्र प्रदान गर्ने गराउने।

त. सार्वजनिक निजी साझेदारीमा सञ्चालनमा रहेका योजनाहरूको अनुगमन तथा सुपरिवेक्षणका लागि अनुगमन तथा सुपरिवेक्षण समितिसंग समन्वय गर्ने गराउने।

थ. आफ्नो कार्य जिम्मेवारीलाई प्रभावकारी सञ्चालन व्यवस्थापन गर्न आवश्यकताका आधारमा छोटो अवधिका लागि उपसमिति वा कार्यदल गठन गरी तीनको काम, कर्तव्य र जिम्मेवारी तोक्ने।

द. यसै कार्यविधिमा सार्वजनिक निजी साझेदारी समन्वय समितिले गर्ने भनि तोकिए बमोजिमका सम्पूर्ण कार्य गर्ने गराउने।

ध. स्थानीय सरकार सञ्चालन ऐन , सार्वजनिक निजी साझेदारी तथा लगानी ऐनर नियमावली, विर्तामोड नगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन साथै नगर सभा तथा कार्यपालिकाबाट तोकिए बमोजिमका अन्य कार्य गर्ने गराउने।

(४) **लेखाजोखा कार्यदलः** उपदफा (२) बमोजिम नगर कार्यपालिकाले लेखाजोखा कार्यदलको गठन गर्नेछ साथै उक्त कार्यदलको काम , कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछ। सार्वजनिक निजी साझेदारी सम्बन्धी विषय तथा उपविषयगत योजनाको लेखाजोखा सम्बन्धी कार्यको हकमा यो समिति सार्वजनिक निजी साझेदारी समन्वयन समिति र कार्यपालिका प्रति उत्तरदायी हुनेछ।

क. प्रमुख प्रशासकीय अधिकृत संयोज क

ख. आर्थिक प्रशासन शाखा प्रमुख सदस्य

ग. आर्थिक विकास शाखा प्रमुख सदस्य

घ. सामान्य प्रशासन शाखा प्रमुख सदस्य

ङ. शहरी पूर्वाधार विकास शाखा प्रमुख सदस्य सचिव

नोटः आवश्यकताका आधारमा पूर्वाधार विकास वा सार्वजनिक निजी साझेदारी विज्ञ लाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

**२. लेखाजोखा कार्यदलको काम, कर्तव्य र जिम्मेवारीः**

क. सार्वजनिक निजी साझेदारी इकाईबाट सम्भाव्यता अध्ययनका साथ परियोजना प्रस्ताव तयारीको कार्य सम्पन्न भई सार्वजनिक निजी साझेदारी समन्वय समिति मार्फत कार्यदलमा लेखाजोखाका लागि प्राप्त हुन आएका योजनाको विस्तृत अध्ययन गरी सम्बन्धित योजनाको लागत, कार्यान्वयन पछि प्राप्त हुने प्रतिफल साथै यसले स्थानीयबासिको आर्थिक तथा साम fजिक जीवनमा पार्ने प्रभाव समेतका विषयमा अध्ययन तथा मूल्याङ्कन गरी कार्यान्वयनमा लैजान उपयुक्त रहे नरहेको लेखाजोखा गर्ने ।

ख. सम्भाव्तया अध्ययन भई कार्यान्वयनमा लैजान उपयुक्त देखिएका योजना कार्यान्वयनमा लैजादा विध्यमान प्रचलित कानूनी र व्यवहारिक पक्ष समेतका आधारमा आईपर्नसक्ने जोखिम साथै यसरी आईपर्न सक्ने जोखिम व्यवस्थापनमा अपनाउनु पर्ने सम्भावित उपायहरूका बारेमा थप लेखाजोखा गर्ने ।

ग. सम्बन्धित योजनाको कार्यान्वयनबाट नगरपालिकालाई दिगो रुपमा प्राप्त हुने लाभ र आर्थिक दायित्वका बारेमा अध्ययन गरी सार्वजनिक निजी साझेदारी इकाई मार्फत सार्वजनिक निजी साझेदारी समन्वय समितिमा आफ्नो राय पेश गर्ने ।

घ. कार्यदल मार्फत लेखाजोखा गरिएका योजनाहरूको लेखाजोखा प्रतिवेदन साथै प्राप्त विवरणहरूको अभिलेख दुरुष्त राख्ने तथा राख्ने व्यवस्था मिलाउने ।

ङ. कार्यदलले लेखाजोखा गरेको सम्बन्धित योजनाका विषयमा सार्वजनिक निजी साझेदारी इकाई वा सार्वजनिक निजी साझेदारी समन्वय समिति वा कार्यपालिकाले थप केहि बुझ्न चाहेमा उक्त विषयको लेखाजोखाबाट प्राप्त विवरणका बारेमा सम्बन्धित समिति तथा कार्यपालिकाको बैठकमा उपस्थित भएर वा लिखित पत्र प्राप्त भएको अवस्थामा लिखित जवाफ मार्फत थप प्रस्ट पार्ने ।

च. सार्वजनिक निजी साझेदारी समन्वय समितिको सिफारिसमा वा अन्य कुनै पनि प्रकारले कार्यपालिकाले कानून सम्मत लिखित वा मौखिक रुपमा दिएको निर्देशनको पालना गर्ने गराउने ।

(५) **सार्वजनिक निजी साझेदारी इकाईः** उपदफा (२) सार्वजनिक निजी साझेदारी अवधारणा अन्तर्गत कार्यान्वयनमा आउने योजनाहरूको सम्भाव्यता अध्ययन गर्न ,लगानीकर्ताको पहिचान र छनौट गर्न साथै सार्वजनिक निकायहरूसंगसंस्थागत समन्वय र साझेदारी विकास गर्ने समेतका कार्य गर्न नगर कार्यपालिकाले देहाय बमोजिम सार्वजनिक निजी साझेदारी इकाईको गठन गर्ने छ साथै उक्त इकाईको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछ ।

१. **सार्वजनिक साझेदारी इकाईको गठनः**

क. शहरी पूर्वाधार विकास वा सार्वजनिक निजी साझेदारीको विषय हेर्ने शाखाको शाखा प्रमुख संयोजक

ख. नगर कार्यपालिकाका सम्पूर्ण शाखाका शाखा प्रमुखहरू सदस्य

ग. प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी सदस्य सचिव

नोटः कुनै विषयगत क्षेत्र वा उपविषय क्षेत्र का विषयमा आवश्यक राय परामर्शका लागि सम्बन्धित विषयगत शाखा अन्तर्गतका उपशाखा/केन्द्र/इकाईका प्रमुखहरूलाई आमन्त्रित सदस्यको रुपमा बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

२. **सार्वजनिक निजी साझेदारी इकाईको काम, कर्तव्य र जिम्मेवारीः**

क. सार्वजनिक निजी साझेदारी मार्फत कार्यान्वयन गर्न सकिने योजनाहरूका बारेमा निजी क्षेत्र ,स्थानीय उपभोक्ता, उद्योग बाणिज्य सङ्घ, टोल विकास संस्था, सामाजिक संघ संस्था, बजार व्यवस्थापन समिति, विद्यालय व्यवस्थापन समिति, सामाजिक अगुवा लगायतका स्थानीय सरोकारवालाहरूसंग राय परामर्शका लागि छलफल, अन्तरक्रिया तथा गोष्ठीको आयोजना गर्ने ।

ख. नगरपालिकाको नीति बमोजिम आवधिक, मध्यमकालीन तथा वार्षिक योजना साथै आयोजना बैंकमा समावेश भएका वा अन्य सम्भावित योजनाहरूको पहिचान गरी पहिचान भएका योजनाहरू मध्ये सार्वजनिक निजी साझेदारीमा निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न

सकिने योजनाहरू सम्बन्धित विषयगत शाखा/उपशाखा/केन्द्र/इकाईहरूबाट साथै सार्वजनिक सूचना मार्फत माग गर्ने ।

ग. सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन तथा सञ्चालन व्यवस्थापन गर्न सकिने योजनाहरूको पहिचान, प्रारम्भिक छनौट, प्रास्तावको अध्ययन तथा छनौट, अनुमतिपत्र, हक हस्तान्तरण र बरबुझारथ सम्बन्धी कार्यहरू सार्वजनिक निजी साझेदारी समन्वय समितिको निर्देशन बमोजिम गर्ने ।

घ. सम्बन्धित योजनाहरू सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्नुपर्ने आधार र कारणको थप मूल्याङ्कन गर्ने गराउने ।

ङ. योजनाको सम्भाव्यता अध्ययन तथा परियोजना प्रस्ताव तयार गर्ने गराउने ।

च. प्रारम्भिक रुपमा पहिचान तथा छनौट भएका योजनाहरूको सूची लेखाजोखा कार्यदल समक्ष पेश गर्ने ।

छ. लेखाजोखा कार्यदलबाट आवश्यक लेखाजोखा गरी प्राप्त हुन आएका योजनाहरूमा सुझाव सहित प्राप्त भएको हकमा सोहि बमोजिम आवश्यक संशोधन गरी तथा सुझाव रहित प्राप्त भएका भए आवश्यकताका आधारमा परिमार्जन गरी वा नगरी सार्वजनिक निजी साझेदारी समन्वय समिति समक्ष पेश गर्ने ।

ज. यस कार्यविधिमा उल्लेख भएका बाहेकका सार्वजनिक निजी साझेदारी समन्वय समितिबाट कार्यान्वयनका लागि प्राप्त भएका योजनाहरूको लागि खरिद प्रक्रिया सम्बन्धी कार्यविधि वा निर्देशिकामा उल्लेख भए बमोजिमका प्रशासनिक तथा व्यवस्थापकीय कार्य सम्पन्न गर्ने गराउने ।

झ. योजनाको कार्यान्वयनका लागि आवश्यक कागजात तयार गर्ने गराउने ।

ञ. आशय पत्र माग गर्ने, प्रस्ताव आह्वान गर्ने, प्रस्तावको मूल्याङ्कन गर्ने, प्रस्तावदाताको छनौट गरी स्वीकृतिका लागि सार्वजनिक निजी साझेदारी समन्वय समिति समक्ष विवरण सहित पेश गर्ने ।

ट. आवश्यकता परेको अवस्थामा छनौट भएका प्रस्तावकसंग सम्बन्धित प्रस्ताव बमोजिमको योजनाको सफल र परिणाममुखी कार्यान्वयनका लागि वार्ता तथा छलफल गर्ने ।

ठ. योजनाको प्रारम्भिक तथा कार्यान्वयन सम्झौताका लागि आवश्यक आधरगत विवरण सहितका कागजात तयार गरी सार्वजनिक निजी साझेदारी समन्वय समिति समक्ष पेश गर्ने ।

ड. कारणबस सम्झौता रद्द गर्नु पर्ने अवस्था सिर्जना भएमा आवश्यक विवरण सहित रद्द गर्न सिफारिस गर्ने तथा योजनाको स्वामित्व ग्रहण गर्ने लगायतका कार्यका लागि सार्वजनिक निजी साझेदारी समन्वय समिति समक्ष पेश गर्ने ।

ढ. योजनाको कार्यान्वयनका लागि सम्बन्धित तह तथा निकायसंग नियमित रुपमा आवश्यक समन्वय गर्ने गराउने ।

ण. योजनाको सम्झौतामा सार्वजनिक निजी साझेदारी इकाईले गर्ने भनी तोकिएका सम्पूर्ण कार्य कार्यान्वयन गर्ने गराउने ।

त. कार्यविधि वा निर्देशिकामा तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

**(६) विवाद समाधान कार्यदल /उपसमितिको गठनः** योजना कार्यान्वयनको सिलसिलामा आएका विवादहरू सकेसम्म सार्वजनिक निजी साझेदारी समन्वय समितिले आफै वा उपदफा (४)बमोजिमको सार्वजनिक निजी साझेदारी इकाई वा उपदफा (५) बमोजिमको लेखाजोखा कार्यदल मार्फत समाधान गर्नेछ । कारणबस यस प्रकारको प्रयासबाट समाधान हुने अवस्था नदेखिएमा वा नसेकमा कार्य जिम्मेवारी र समय सीमा समेत तोकी यसै कार्यविधिको अधिनमा रहिसार्वजनिक निजी साझेदारी समन्वय समितिले ३ सदस्यीय (एक जना कानूनी क्षेत्रको विज्ञ हुन अनिवार्य रहने गरी) विवाद समाधान कार्यदल/उपसमितिको गठन गर्न सक्नेछ ।

**१. विवाद समाधान कार्यदल /उपसमितिको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछन् ।**

क. सार्वजनिक निजी साझेदारी अन्तर्गत सञ्चालनमा आउने तथा आएका योजनाहरूको कार्यान्वयनको सिलसिलामा कही कतै विवाद उत्पन्न भएमा उक्त विवाद हुनुको मुख्य कारण, विवाद सिर्जना गर्ने पक्षको चाहाना र विवादको गहिराई समेतका आवश्यक विषय बस्तुको अध्ययन तथा खोजी गर्ने ।

ख. कार्यदल गठनका समयमा तोकिएको भए सोही बमोजिम तथा नतोकिएको हकमा भने विवाद समाधान सम्बन्धी कार्यविधि आफै तयार गरी कार्यान्वयनमा ल्याउने ।

ग. सम्बन्धित पक्षसंग वार्ता तथा छलफल गरी समस्या समाधानको अधिकतम प्रयत्न गर्ने साथै समस्या समाधान गर्ने गराउने ।

घ. विवाद समाधानका लागि गरिएका प्रयास तथा कार्य साथै त्यसबाट प्राप्त निष्कर्ष सहितको प्रतिवेदन सार्वजनिक निजी साझेदारी समन्वय समिति समक्ष पेश गर्ने ।

ङ. विवाद समाधानका विषयमा यसै कार्यविधिमा उल्लेख भएका अतिरिक्त सार्वजनिक निजी साझेदारी समन्वय समितिले तोके वा निर्धारण गरेका प्रावधान र व्यवस्था बमोजिम गर्ने गराउने ।

**(७)** **क्षतिपूर्ति मूल्याङ्कन कार्यदलः** योजना कार्यान्वयनको सिलसिलामा कही कतै कुनै पक्षलाई क्षति पुग्न गएमा उक्त क्षति सम्बन्धी समस्या सकेसम्म सार्वजनिक निजी साझेदारी समन्वय समितिले आफै वा वा उपदफा (४)बमोजिमको सार्वजनिक निजी साझेदारी इकाई वा उपदफा (५) बमोजिमको लेखाजोखा कार्यदल मार्फत सम्बन्धित पक्षसंग छलफल तथा वार्ता गरी समाधान गर्नेछ । कारणबस यस प्रकारको प्रयासबाट समाधान हुन नसेकमा कार्य जिम्मेवारी र समय सीमा समेत तोकी यसै कार्यविधिको बमोजिम सार्वजनिक निजी साझेदारी समन्वय समितिले ३ देखि ५ सदस्यीय (एक जना विषय विज्ञ हुन अनिवार्य रहने गरी) क्षतिपूर्ति मूल्याङ्कन कार्यदलको गठन गर्न सक्नेछ ।यसै कार्यविधि मा उल्लेख भएका अतिरिक्त क्षतिपूर्ति मूल्याङ्कन कार्यदलको काम, कर्तव्य तथा जिम्मेवारी देहाय बमोजिम हुनेछ ।

क. स्थलगत अध्ययन तथा अवलोकन गर्ने ।

ख. आवश्यकताका आधारमा स्थलगत नापजाँच गर्ने गराउने ।

ग. प्रचलित दर रेटका आधारमा क्षति तथा क्षतिपूर्ति मूल्याङ्कन गरी तथा सोको प्रतिवेदन समेत तयार गरी सार्वजनिक निजी साझेदारी समन्वय समिति समक्ष पेश गर्नेछ ।

घ. क्षतिपूर्ति मूल्याङ्कन सम्बन्धी समितिले कार्यदल गठनका समयमा उल्लेख गरेका प्रावधान बमोजिमका कार्य गर्ने ।

ङ. क्षतिपूर्ति मूल्याङ्कनका लागि कार्यविधिमा उल्लेख भएका तथा समितिले निर्धारण गरेका प्रावधानका अतिरिक्त सम्बन्धित विषयमा थप प्रावधान तथा कार्यविधि तयार गर्नु परेमा कार्यविधि तयार पारी सार्वजनिक निजी साझेदारी समन्वय समितिबाट स्वीकृत गराई कार्यान्वयनमा ल्याउने ।

(८) **अनुगमन, सुपरिवेक्षण तथा सहजीकरण समितिः** यस कार्यविधि बमोजिम कार्यान्वयनमा आउने योजनाहरूको कार्यान्वयन तथा अनुगमन र सहजीकरण गर्नका लागि अनुगमन,सुपरिवेक्षण तथा सहजीकरण समितिको व्यवस्था रहने छ । यस समितिको गठन साथै काम, कर्तव्य र जिम्मेवारी देहा बमोजिम हुने छ ।

१. **समितिको गठनः** यस समितिको गठन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ को (४) को ख को (५) मा भएको व्यवस्था बमोजिम उपप्रमुखको संयोजकत्वमा गठन भएको अनुगमन तथा सुपरिवेक्षण समितिले गर्नेछ।

२. यस समितिको काम, कर्तव्य र अधिकार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ (१) बमोजिम कार्यपालिकाले स्वीकृत गरेको नियमावलीमा भएको व्यवस्थाका अतिरिक्त देहाय बमोजिम हुनेछ ।

क. सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्ने गरी गरिएको सम्झौताको अध्ययन गरी योजनाको निर्माण, सञ्चालन तथा व्ययस्थापन गर्ने गरी अनुमति प्राप्त पक्ष र नगरपालिकाको तर्फबाट गरिनु पर्ने कार्य र सर्तबन्देजका बारेमा जानकार हुने ।

ख. सार्वजनिक निजी साझेदारी अन्तर्गत सञ्चालनमा रहेका योजनाहरूको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन सम्बन्धी कार्य गर्न अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन चेक लिष्ट तयार गरी कार्यान्वयनमा ल्याउने ।

ग. अनुगमन तथा सुपरिवेक्षण समितिले पेश गरेको प्रतिवेदन सार्वजनिक निजी साझेदारी समन्वय समितिले वा सार्वजनिक निजी साझेदारी समन्वय समितिको सहमतिमा अनुगमन तथा सुपरिवेक्षण समितिले आवश्यक छलफल, समीक्षा तथा निर्णयका लागि कार्यपालिका समक्ष पेश गर्ने ।

घ. अनुगमन तथा सुपरिवेक्षण समितिले अनुगमन तथा सुपरिवेक्ष      णका बखत सम्बन्धित योजनाको कार्यस्थलमा सम्झौता विपरितका कार्य भए गरेको पाईएमा सम्बन्धित अनुमति प्राप्त निजी क्षेत्रलाई तत्काल सुधार गर्न तथा सच्याउन निर्देशन दिन सक्नेछ। यसरी दिइएको निर्देशनको विषय बस्तुको बारेमा सार्वजनिक निजी साझेदारी समन्वय समिति मार्फत सम्बन्धित योजनाको कार्यस्थलमा भईरहेका कमी कमजोरी सच्याउने कार्यमा तत्काल लिखित जानकारी गराउन तथा पहल गर्न सार्वजनिक निजी साझेदारी इकाईलाई निर्देशन दिने व्यवस्था मिलाउने।

ङ. सार्वजनिक निजी साझेदारी इकाईले प्राप्त निर्देशनका आधारमा आवश्यकता परेमा स्थलगत अनुगमन समेत गरी यस प्रकारका कमी कमजोरी सच्याउन तथा आउने दिनमा त्यस प्रकारका कमी कमजोरी दोहोरिन नदिन सम्बन्धित पक्षलाई मौखिक तथा लिखित जानकारी तथा निर्देशन दिनु पर्नेछ साथै यसरी दिएको निर्देशनका बारेमा अनुगमन तथा सुपरिवेक्षण समिति र सार्वजनिक निजी साझेदारी समन्वय समितिलाई समेत जानकारी गराउने।

च. सार्वजनिक निजी साझेदारी इकाईले लिखित जानकारी गराउँदा वा निर्देशन दिदा समेत उक्त निर्देशन बमोजिमका कार्य सम्बन्धित पक्षले नगरेमा आवश्यक कार्वाही वा कार्यान्वयन का लागि सार्वजनिक निजी साझेदारी समन्वय समितिलाई लेखी पठाउने।

छ. सार्जजनिक निजी साझेदारी समितिबाट यस समस्याको समाधान हुन सकेमा सोही बमोजिम तथा हुन नसकेमा अन्तिम कारवाहीका लागि सार्वजनिक निजी साझेदारीसमन्वय      समितिले सम्बन्धित पक्षलाई उपयुक्त कार्वाहीका लागि कार्यपालिकामा लेखी पठाउन सक्नेछ।

ज. अनुगमन तथा सुपरिवेक्षण सम्बन्धी थप कार्य नगर सभा            तथा कार्यपालिकाले गरेका निर्णय तथा निर्देशनमा भएको व्यवस्था बमोजिम हुनेछ।

झ. कुनै पनि योजनाको अनुगमन तथा सुपरिवेक्षण गर्दा गराउँदा कहि कतै समस्या वा विवाद उत्पन्न भएमा वा परियोजनाको लागत र प्रकृतिका आधारमा थप विज्ञ सहितको बाह्य परामर्शदाताबाट गराउन समेत उपयुक्त रहेको देखिएमा अनुगमन तथा सुपरिवेक्षण समितिको

सिफारिसमा कार्यपालिकाबाट निर्णय गरी गराई दोस्रो वा तेस्रो पक्षबाट समेत अनुगमन तथा सुपरिवेक्षण गर्न गराउन सकिनेछ।

**३५. संस्थागत संरचनाहरूको अन्तरसम्बन्ध र समन्वयः**

(१) दफा ३४ बमोजिम गठन गरिएका संस्थागत संरचना अनुसार सार्वजनिक निजी साझेदारी समन्वय समितिकार्यपालिका प्रति;अनुगमन तथा सुपरिवेक्षण समिति,लेखाजोखा कार्यदल र सार्वजनिक निजी साझेदारी इकाई सार्वजनिक निजी साझेदारी समन्वय समिति मार्फत कार्यपालिका प्रतिसाथै सार्वजनिक निजी साझेदारी मार्फत गठन भएका कार्यदल तथा उपसमितिहरू सार्वजनिक निजी साझेदारीसमन्वय समिति प्रति पूर्ण रुपले उत्तरदायी रहनेछन्। सम्बन्धित समिति,कार्यदल र उपसमिमितहरूको कार्य जिम्मेवारी साथै आदेश वा निर्देशन वा समन्वयको श्रृंखला (Chain of Command)समेत सोही बमोजिम रहनेछ।

(२) उपदफा ( १) बमोजिम आदेश वा निर्देशन वा समन्वय को श्रृंखलाअन्तर्गत जेसुकै उल्लेख गरिएको भए तापनि लेखाजोखा कार्यदल र सार्वजनिक निजी साझेदारी इकाईको सम्बन्ध दुवै तहको सहकार्यमा आधारित रहीसमन्वयात्मक र एक अर्काका परिपुरकको रुपमा रहनेछ।

(३) सार्वजनिक निजी साझेदारीसमन्वय समितिको प्रशासनिक कार्य सार्वजनिक निजी साझेदारीइकाईले गर्नेछ भने सार्वजनिक निजी साझेदारी इकाईबाट पेश भएका योजनाको उपयुक्तताको लेखाजोखा लेखाजोखा कार्यदललेगर्नेछ।

(४) योजना कार्यान्वयनको सिलसिलामा कही कतै कुनै विशेष प्रकृतिका समिति/उपसमिति/इकाई तथा कार्यदलको गठन गर्नु पर्ने आवश्यकता देखिएमा उक्त समितिहरू गठन गरी सञ्चालन गर्दा आर्थिक व्ययभार धान्न सक्ने अवस्था रहेमा मात्र सार्वजनिक निजी साझेदारीसमन्वय समिति आफैले वा यस समितिको सिफारिसमा कार्यपालिकाले तीनको कार्य जिम्मेवारी समेत तोकीनिश्चिरत समयको लागि वा योजनाको कार्यान्वयन अवधि सम्मका लागि गठन गर्न सक्नेछन्।

(५) माथिका दफा तथा उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्घीय तथा प्रदेश सरकारबाट निर्माण भएका वा हुने सार्वजनिक निजी साझेदारी सम्बन्धी ऐन कानूनले योजनाको प्रकृति र लागतका

आधारमा सम्बन्धित योजनाको लेखाजोखा गर्न, विवाद समाधान गर्न साथै क्षतिपूर्ति मूल्याङ्कन गर्नका लागि कुनै खास संयन्त्रबाट गर्ने व्यवस्था गरेको अवस्थामा भने यस प्रकारका कार्यहरू सम्बन्धित संयन्त्रबाटै गर्ने व्यवस्था हुनेछ।

(६) उपदफा ( ५) बमोजिमको संयन्त्रको कार्य जिम्मेवारी/कार्यविधि सम्बन्धित ऐन कानूनमा उल्लेख भएको भए सोही बमोजिम तथा नभएको भए सम्बन्धित संयन्त्र आफैले तयार पारेको तथा सार्वजनिक निजी साझेदारी इकाईको सिफारिसमा सार्वजनिक निजी साझेदारी समन्वय समितिबाट स्वीकृत भएको कार्यविधि बमोजिम हुनेछ।

**३६. विज्ञको व्यवस्थाः**

(१) सार्वजनिक निजी साझेदारीमा सञ्चालन हुने योजना /योजनाहरूको कार्यान्वयनका लागि सम्बन्धित विषय क्षेत्रको विज्ञ व्यक्तिको आवश्यकता पर्ने भएमा निस्चित अवधिका लागि कार्यपालिकाको निर्णयानुसारकाररमा नियुक्तगरी काममा लगाउन सकिनेछ।

(२) उपदफा (१) बमोजिम करारमा नियुक्त हुने विज्ञको पारिश्रमिक , सेवा सुविधा साथै कार्य जिम्मेवारी कार्यपालिकाको निर्णयका आधारमा सम्झौतामा उल्लेख भए बमोजिम हुने छ।

## परिच्छेद – ९ (नौ)
## विविध

**३७. अन्तर सरकार तथा अन्तर स्थानीय तह बीच सहकार्य र साझेदारीः**

(१) विर्तामोड नगरपालिकाको सार्वजनिक निजी साझेदारी कार्यविधि, २०८२ मा रहेका प्रावधान साथै सार्वजनिक निजी साझेदारी सम्बन्धिका विषय आकर्षण हुने प्रचलित ऐन कानूनको परिधि भित्र रहीसङ्घीय तथा प्रदेश सरकार र तीनका निकाय, समिति, बोर्ड, प्राधीकरण लगायतका निकाय साथै विभिन्न स्थानीय तहसंगको सहकार्य र साझेदारी समेतमासार्वजनिक निजी साझेदारीमा योजनाको निर्माण,सञ्चालनतथा व्यवस्थापन गर्न तथा सेवा प्रवाह गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम सहकार्य र साझेदारीका मोडेल, तौर तरिका तथा प्रक्रिया विर्तामोड नगरपालिकाको सार्वजनिक निजी साझेदारी

कार्यविधि २०८ २ मा रहेका प्रावधान का अतिरिक्त प्रचलित ऐन कानुनको परिधि भित्र रही सम्बन्धित पक्षहरूको आपसी सहमति वा कार्यपालिकाको निर्णय बमोजिम समेत निर्धारण गर्न सकिनेछ ।

(३) अन्तर सरकार तथा अन्तर स्थानीय तहको सहकार्य र साझेदारीमा सञ्चालन हुने योजनाको निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि यस कार्यविधिमा व्यवस्था भएको संस्थागत संरचना अन्तर्गतको सार्वजनिक निजी साझेदारी समन्वय समिति (सानिसा)मातहत रहने गरी छुट्टै संयन्त्रको गठन तथा परिचालन गर्न सकिनेछ ।

(४) उपदफा (३) बमोजिमको संयन्त्रको कार्य जिम्मेवारी उक्त योजनाको निर्माण, सञ्चालन तथा व्यवस्थापनको कार्यावधिसम्मका लागि कार्यपालिका र सम्बन्धित साझेदार पक्षको आपसी सहमतिमा निर्धारण गर्न सकिनेछ ।

**३८. सुझाव तथा निर्देशन दिन सक्नेः**

(१) कार्यपालिका, सार्वजनिक निजी साझेदारी समन्वय समिति तथा सार्वजनिक निजी साझेदारी इकाई,अनुगमन तथा सुपरिवेक्षण समितिले आफू मातहतका अङ्गहरूलाई सम्बन्धित योजनाको सफल कार्यान्वयनका लागि आवश्यक निर्देशन दिन सक्नेछन् ।

(२) सार्वजनिक निजी साझेदारी इकाईले उपदफा (१) बमोजिम माथिल्लो निकाय वा तहबाट प्राप्त निर्देशनको अधिनमा रही वा स्वयंले सम्बन्धित योजनाको सफल कार्यान्वयनका लागि सम्बन्धित योजना कार्यान्वयन कर्तालाई कुनै निर्देशन तथा सुझाव दिन आवश्यक ठानेमा सम्बन्धित अनुमति प्राप्त निजी क्षेत्रलाई समय समयमा निर्देशन तथा सुझाव दिन सक्नेछ ।

**३९. लिज तथा भाडामा दिन सक्नेः**

(१) यस कार्यविधि बमोजिम निर्माण भएको संस्थागत संरचनामा आधारित रही आफू भन्दा माथिल्लो तहको अङ्ग वा तहबाट समेत सहमति लिई विर्तामोड नगरपालिकाको स्वामित्वमा रहेको कुनै जग्गा जमिन, घर तथा भवन, मेसिन तथा यन्त्र उपकरण साथै औजार योजना कार्यान्वयनको जिम्मेवारी वा अनुमति प्राप्त निजी क्षेत्र वा व्यक्ति/संस्था/निकाय/समुदायलाई सार्वजनिक निजी साझेदारीइकाईले आवश्यक प्रक्रिया पुरा गरी लिज वा भाडामा दिन सक्नेछ ।

(२) सम्बन्धित अनुमति प्राप्त निजी क्षेत्र वा निकायले माग गरेको आधारमा लिज वा भाडामा दिने जग्गा जमिन, घर तथा भवन, मेसिन तथा यन्त्र उपकरण साथै औजारको लिज वा भाडामा दिने अवधि र लिज वा भाडा वापतको रकम प्रचलित बजार भाउ बमोजिम प्राविधिक मूल्यङ्कन समेत गरी निर्धारण गरिनेछ ।

(३) उपदफा (२) बमोजिम निर्धारण भएको लिज वा भाडा दर नगरपालिकाको आर्थिक ऐन बमोजिमनगरसभाबाट स्वीकृत गरेको कर तथा राजस्वको दर रेट भन्दा फरक हुन गएमा सार्वजनिक निजी साझेदारी समन्वय समितिको सिफारिसमा कार्यपालिकाले आवश्यक निर्णय गरी कार्यान्वयनमा ल्याउन अनुमति दिन सक्नेछ । तर यस प्रकारको निर्णयलाई यस पछि लगत्तै बस्ने नगर सभाबाट अनुमोदन गर्न भने अनिवार्य हुनेछ ।

**४०. रित पुगेको मानिने**: प्रचलित ऐन कानून साथै विर्तामोड नगरपालिकाको सार्वजनिक निजी साझेदारी  कार्यविधि, २०८२ बमोजिम नगरपालिकाबाट योजना स्वीकृत भई जारी भएको अनुमति पत्र लगायतका अन्य पत्रहरू साथै सम्बन्धित पक्षसंग भएको समझदारी वा सम्झौताहरू रित पुगेको मानिनेछ ।

**४१. वार्षिक प्रतिवेदनः**

(१) सार्वजनिक निजी साझेदारी अन्तर्गत कार्यान्वयनको प्रयास गरिएका तथा कार्यान्वयनमा आएका योजना तथा गतिविधिका बारेमा आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र सार्वजनिक निजी साझेदारी समन्वय समितिले वार्षिक प्रतिवेदन तयार पारी कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा कार्यान्वयनमा आएका योजना, स्वीकृत भएको कुल लागत, योजना सञ्चालन गर्दा भएको खर्च, योजनाको कार्यान्वयनबाट प्राप्त उपलब्धि, योजना संख्या र भविश्यमा सुधार गर्नु पर्ने विषय समावेश भएको हुनुपर्नेछ ।

**४२. स्थानीय स्रोत साधन र जनशक्तिको उपयोगः**

(१) सार्वजनिक निजी साझेदारी मार्फत सञ्चालनमा आउने कुनै पनि योजनाको कार्यान्वयनका लागि अनुमति प्राप्त निजी क्षेत्र वा निकायले स्थानीय स्तरमा उपलब्धताको अवस्था रहेसम्म सम्बन्धित योजनाको

लागि आवश्यक स्रोत साधन तथा जनशक्तिको प्रयोग तथा उपयोग स्थानीय स्तरबाटै गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्थानीय स्तरमा उपलब्ध हुन नसक्ने अवस्था रहेमा स्वदेश भित्रका अन्य स्थानबाट व्यवस्थापन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम स्वदेश भित्र समेत उपलब्ध हुन नसक्ने परिस्थिति रहेमा वा स्वदेश भित्रबाट व्यवस्थापन गर्ने कार्य आफ्नो पहुँच तथा क्षमता भन्दा बाहिर रहन गएमा सार्वजनिक निजी साझेदारी इकाईलाई उक्त परिस्थितीको जानकारी गराएर प्रचलित ऐन कानुन बमोजिम विदेश लगायतका सम्भाव्य स्थान वा क्षेत्रबाट सम्बन्धित योजनाको अनुमति प्राप्त निजी क्षेत्र वा निकायले व्यवस्थापन गर्न सक्नेछ।

(४) योजनाको कार्यान्वयन गर्न अनुमति प्राप्त निजी क्षेत्र वा निकायले आफूलाई चाहिने स्रोत साधन तथा जनशक्तिको गुणस्तर तथा क्षमता परीक्षण गर्दा नगरपालिकासंग भएको सम्झौता बमोजिमको योजनाको गुणस्तर कायम गर्न वा नतिजा प्राप्त गर्न सक्ने अवस्था रहेको नदेखेमा उपदफा (१) मा उल्लेख भएको व्यवस्था बाध्यकारी भने मानिने छैन। तर यसको विवरण र पुष्ट्याईका आधार भने सार्वजनिक निजी साझेदारी इकाई मार्फत सार्वजनिक निजी साझेदारी समन्वय समितिलाई जानकारी गराउनअनिवार्य रहनेछ।

(५) उपदफा (४) बमोजिम स्थानीय स्तर वा स्वदेशमानै उपलब्ध स्रोत साधन तथा जनशक्तिको गुणस्तर क्षमता योजनाका आवश्यकता बमोजिम रहन गएको अवस्थामा उक्त स्रोत साधन तथा जनशक्तिको लागत सार्वजनिक खरिद ऐनलेनिर्धारण गरेको लागत मापदण्ड भित्रै पर्न गएमा स्थानीय स्तर तथा स्वदेशबाट खरिद गरी व्यवस्थापत गर्न भने अनिवार्य रहनेछ।

**४३. संयुक्त कम्पनी स्थापित गर्न सक्नेः**

(१) प्रचलित ऐन कानूनको अधिनमा रहि योजनाको सफल र परिणाममुखी कार्यान्वयनका लागि नगरपालिका, निजी क्षेत्र, निकाय र सर्वसाधारण व्यक्ति समेतका दुई वा दुई भन्दा बढी पक्षको साझा लगानीमा नाफा घाटा बाँडफाँट हुने वा नहुने गरी पब्लिक लिमिटेड कम्पनीको रुपमा संयुक्त कम्पनी खोल्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको खोलिएको कम्पनी तोकिएको सम्बन्धित कार्यालय/विभागमा दर्ता गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दर्ता हुने वा भएको कम्पनीको शेयर संरचना, सञ्चालन तथा व्यवस्थापन प्रक्रिया र पद्धति, संस्थापक लगानीकर्ता र सर्वसाधारणलाई सुरक्षित गरिने शेयरको हिस्सा, सर्वसाधारणका लागि विक्रि गरिने शेयरमा स्थानीयबासीले पाउने अग्राधिकार/प्राथमिकता, सञ्चालक समितिको आकार र प्रतिनिधित्व, सम्बन्धित कम्पनीबाट हुने लाभांस तथा दायित्व बाँडफाँटसाथै शेयर किनबेच लगायतका सम्पूर्ण व्यवस्था सम्बन्धित कम्पनीको प्रवन्ध पत्र र नियमावली साथै कम्पनी ऐनमा तोकिए वा उल्लेख भए बमोजिम हुनेछन्।

(४) कम्पनीको दर्ता प्रक्रियाका लागि सम्बन्धित साझेदारहरूको संयुक्त बैठक बसी वा भेला गरी लगानीको सुनिश्चितता साथै प्रारम्भिक सञ्चालक समितिको संरचना समेत निर्माण गरी सञ्चालक समितिमा रहने व्यक्ति र प्रतिनिधत्व सुनिश्चित गर्नेछ।

(५) कम्पनी दर्ता गर्दा लाग्ने सम्पूर्ण खर्च लगानीकर्ताहरूले लगानीको मात्रा र अनुपातका आधारमा संयुक्त रुपमा व्यहोर्नु पर्नेछ।

(६) यसरी दर्ता गरिएको कम्पनी लिक्विडेसनमा नजादासम्म वा दर्ता खारेज नहुँदासम्म निरन्तर अविछिन्न उत्तराधिकारीवाला संस्थाको रुपमा कायम रहनेछ।

(७) उपदफा (१) र (२) बमोजिम दर्ता गरिएको कम्पनीको स्थापना सम्बन्धित योजना निर्माण, सञ्चालन तथा व्यवस्थापनको समयावधिसम्म मात्र भएमा उक्त अवधि पछि यस प्रकार दर्ता भएको कम्पनी कानुनी प्रक्रिया पुरा गरी सम्बन्धित निकायको स्वीकृतिमा दर्ता खारेज गर्न सकिनेछ वा आफ्नो नामको शेयर अन्य कुनै निजी क्षेत्र वा निकायलाई कानूनत विक्रि वितरण गरी आफ्नो लगानी फिर्ता लिई लगानी जिम्मेवारीबाट अलग हुन सक्ने छ।

**४४. अध्ययन प्रतिवेदनको अधिकारः**

(१) सार्वजनिक निजी साझेदारी अन्तर्गतका योजनाको कार्यान्वयन गर्ने सिलसिलामा कुनै पनि प्रस्तावकले सम्बन्धित योजनाको अध्ययन अनुसन्धान/सम्भाव्य अध्ययन तथा परियोजना प्रस्ताव तयार गरी प्रस्तावका साथ कार्यविधि बमोजिम निर्माण तथा गठन गरिएका

संस्थागत संरचना अन्तर्गतका कुनै पनि अङ्ग वा तहमा बुझाएको वा पेश गरेको अवस्था रहेमा उक्त अध्ययन प्रतिवेदन/सम्भाव्यता अध्ययन/परियोजना प्रस्ताव माथि सम्बन्धित प्रस्तावको पूर्ण स्वामित्व/अधिकार कायम रहनेछ।

(२) उपदफा (१) बमोजिम सम्बन्धित पक्षबाट प्राप्त यस प्रकारका प्रतिवेदन तथा यससंग सम्बन्धित अन्य कागजातहरू निज प्रस्तावकको लिखित स्वीकृति बिना अन्य कुनै कामको लागि प्रयोग गर्न, कुनै अनाधिकृत वा प्रतिस्पर्धीनिजी क्षेत्र वा निकाय लाई दिन साथै अन्य कुनै किसिमले सार्वजनिक गर्न वा प्रकाशन गर्न पाईने छैन।

(३) उपदफा (२) बमोजिमको कार्य विनाअनुमतीकहि कतै वा कसैबाट भए गरेको पाइएमा यस प्रकारको कार्य गर्ने व्यक्ति/पक्ष/तह/निकायलाई सार्वजनिक निजी साझेदारी इकाईलेवा योजना अनुगमन तथा सुपरिवेक्षण समितिले आवश्यक छनविन गरी कारबाहीका लागि सार्वजनिक निजी साझेदारी समन्वय समिति समक्ष लेखी पठाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त विवरण र सिफारिस पत्र समेतका आधारमा सम्बन्धित समितिले आवश्यक अनुसन्धान गरी सम्बन्धित कसुरदारलाई कारवाही गर्नु पर्ने अवस्था आएमा आवश्यक कारवाहीका लागि कार्यपालिका समक्ष सिफारिस गर्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त सिफारिसका आधारमा कार्यपालिकाले कारबाहीको प्रकृति, अवधि तथा मात्रा समेत निर्धाण गरी वा तोकी सम्बन्धित व्यक्ति/तह वा निकायलाई आवश्यक कारबाहीको निर्णय गर्नेछ।

(६) उपदफा (५) बमोजिमको निर्णयका आधारमा प्रमुख प्रशासकीय अधिकृतले कारबाही गर्नेछ।

(७) प्रचलित ऐन कानून बमोजिम वा नगरपालिकाको कार्य विभाजन नियमावलीमा यस प्रकारको कारबाहीको जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतलाई तोकिएको रहेछ भने सार्वजनिक निजी साझेदारी समन्वय समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले सोझै कारबाही गर्न कुनै वाधा पुगेको मानिने छैन।

(८) उपदफा (१) मा भएको व्यवस्था विपरितका कार्य कुनै जिम्मेवार व्यक्ति वा पदाधिकारीबाट भएको भएमा सम्बन्धित पक्षले उक्तव्यक्ति उपर बौद्धिक सम्पतिको अधिकार सम्बन्धी प्रावधान बमोजिम माथिल्लो

निकाय वा न्यायिक निरोपणका लागि सम्बन्धित निकाय समक्ष निवेदन दिन सक्नेछ।

(९) उपदफा (८) बमोजिमको निवेदन उपर सम्बन्धित निकाय वा तह वा कार्यालयले गरेको निर्णय अन्तिम हुनेछ।

**४५. निलम्बन गर्न तथा हटाउन सक्नेः**

(१) यस कार्यविधि बमोजिम निर्माण भएका संरचना अन्तर्गतका समिति, इकाई, कार्यदल, उपसिमित लगायतका पदाधिकारीहरूले ऐन कानून विपरितका काम गरेको, आफूलाई प्राप्त जिम्मेवारी कुशलता पूर्वक सम्पादन नगरेको, सार्वजनिक निजी साझेदारीअन्तर्गत सञ्चालनमा रहेका कुनै पनि योजनालाई जानाजान क्षति पुर्याउने कार्य गरेको लगायतका अवस्था पाइएमा सम्बन्धित अङ्गको मातहतका कर्मचारीको हकमा सम्बन्धित समितिले र सार्वजनिक निजी साझेदारी इकाईका पदाधिकारीको हकमा सार्वजनिक निजी साझेदारीसमन्वय समितिले, सार्वजनिक निजी साझेदारीसमन्वय समितिका पदाधिकारीको हकमा कार्यपालिकाले निलम्बन गर्न वा निलम्बनका लागि कारण सहित नियमनकारी निकायमा लेखी पठाउन तथा घट्नाको प्रकृति र परिवेश समेतका आधारमा जिम्मेवारीबाट हटाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम जिम्मवारीबाट मुक्त गरिएको वा निलम्बन गरिएको कर्मचारी वा पदाधिकारीको स्थानमा योजना कार्यान्वयनमा बाधा पुग्न नदिने गरी सम्बन्धित कारबाही गर्ने अधिकार प्राप्त अङ्ग वा निकायबाट आफू भन्दा माथिको तहबाट स्वीकृति लिनु पर्ने भए सो समेत गरी पदपूर्ति गर्नु पर्नेछ।

**४६. ऐन कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका विषयको हकमा यसै बमोजिम र उल्लेख नभएका विषयको हकमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ र सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन २०७५ साथै सार्वजनिक निजी साझेदारी तथा लगानी नियमावली, २०७७ बमोजिम हुनेछ।

**४७. संशोधन तथा परिमार्जनः** यस कार्यविधिमा समय सापेक्ष संशोधन तथा परिमार्जन गर्नु पर्ने भएमा सार्वजनिक निजी साझेदारीसमन्वय समितिको सिफारिसमा कार्यपालिकाको निर्णय बमोजिम संशोधन तथा परिमार्जन गर्न सकिनेछ।

**४८. अमान्य वा निस्कृय हुनेः** यस कार्यविधिमा उल्लेख भएका विषय तथा प्रावधानहरूप्रचलित ऐन कानूनसंग बाझिन गएमा बाझिएको हद सम्म स्वतः अमान्य हुनेछन्।

**अनुसूची १ (एक)**
**कार्यविधि २०८२ को दफा ६ सँग सम्बन्धित**
**(सार्वजनिक निजी साझेदारीका ढाँचाहरू)**

**१. पूर्वाधारयुक्त संरचान निर्माण, सञ्चालन तथा व्यवस्थापनका ढाँचाहरूः**

क. निर्माण तथा हस्तान्तरण

ख. निर्माण, सञ्चालन व्यवस्थापन तथा हस्तान्तरण

ग. निर्माण, स्वमित्वकरण, सञ्चालन व्यवस्थापन तथा हस्तान्तरण

घ. निर्माण, हस्तान्तरण तथा सञ्चालन व्यवस्थापन

ङ. लिज तथा भाडा, सञ्चालन व्यवस्थापन तथा हस्तान्तरण

च. लिज तथा भाडा, निर्माण, सञ्चालन व्यवस्थापन तथा हस्तान्तरण

छ. विकास, सञ्चालन व्यवस्थापन तथा हस्तान्तरण

ज. सार्वजनिक निजी साझेदारी ऐन तथा नियमावली साथै नगरपालिकाले तोकेका अन्य ढाँचाहरू

**२. सामाजिक तथा आर्थिक विकास र सेवा प्रवाहका योजनाको साझेदारी ढाँचाहरूः**

क. सामाजिक सेवा करार

ख. बजारीकरण करार

ग. विशेष सेवा करार

घ. राजश्व सङ्कलन तथा व्यवस्थापन करार

ङ. सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५ तथा नियमावली, २०७७ साथै नगरपालिकाले तोकेका अन्य ढाँचाहरू

## अनुसूची – २ (दुई)

## (कार्यविधि, २०८२ को दफा ४ को (५) सँग सम्बन्धित)

## सम्भाव्यता अध्ययन/परियोजना प्रस्ताव फारमको ढाँचा(न्युनतम आधार)

१. पृष्ठभूमिः

२. लक्ष्यः

३. उद्देश्यः

४. संभावना र अवसरहरुः

५. समस्या तथा चुनौतीहरुः

६. रणनीति तथा कार्यनीतिः

७. सम्भावित लगानीको मात्राः
   ७.१ पूँजीगत लगातः
   ७.२ सञ्चालन लागतः

८. नाफा नोक्सान हिसावः
   ८.१ आम्दानीः
   ८.२ खर्चः
   ८.३ मूनाफाः
   ८.४ मूनाफा वितरणको मात्रा र प्रकृयाः

९. स्रोतको सम्भावना र साझेदारी साथै स्रोत व्यवस्थापनको विधिः

१०. योजनाको कार्यान्वयनबाट प्राप्त हुने नतिजा, असर र प्रभावहरुः

११. योजना सञ्चालन अवधिः

नोटः नाफा रहित योजनाको हकमा भने नाफा बाँडफाँट को व्यवस्था राख्न आवश्यक रहने छैन।

सम्भाव्यता अध्ययन/परियोजना प्रस्ताव तयार गर्ने

.......................................

नाम थरः

ठेगानाः

संस्था भए संस्थाको नाम र ठेगाना तथा छापः

संस्थाको कार्य अनुभवः यो विषय प्रस्तावको अन्त्यमा समावेश गर्न सकिनेछ।

अध्ययन गरिएको वर्षः

प्रस्ताव पेश गरिएको मितिः ...................................

## अनुसूची- ३ (तीन)

## (कार्यविधि, २०८२ को दफा ५ को (१) सँग सम्बन्धित)

## योजनाको प्राथमिकिकरणको ढाँचा तथा अङ्कभार

२. प्राथमिकता निर्धारण गर्दा प्रदान गरिने क्षेत्रगत अङ्क भार

| क्र.सं. | योगदान गणनाका आधार | शिर्षक | पूर्णाङ्क | | |
|---|---|---|---|---|---|
| | | | १५ अङ्क | १० अङ्क | ५ अङ्क |
| १ | प्रत्यक्ष र उल्लेखनीय योगदान गर्ने भएमा | अति उत्तम | १५ | १० | ५ |
| २ | अप्रत्यक्ष र उल्लेखनीय योगदान गर्ने भएमा | उत्तम | १० | ५ | ३ |
| ३ | कम वा सामान्य योगदान गर्ने भएमा | सामान्य | ५ | ३ | १ |
| ४ | न्यून योगदान गर्ने भएमा | न्यून | ० | ० | ० |

ख. प्राथमिकता निर्धारणका आधार

| क्र.सं. | प्राथमिकता निर्धारणका क्षेत्र | अधिकतम प्राप्त गर्ने अङ्कभार |
|---|---|---|
| १ | आर्थिक विकासमा योगदान पुर्याउने | १५ |
| २ | दिगो विकास लक्ष्यमा योगदान पुर्याउने | १५ |
| ३ | बढी जनसंख्या लाभान्वित हुने साथै पर्याप्त रोजगारी सिर्जना हुने | १५ |
| ४ | आयोजना सम्पन्न हुने अवधि छोटो हुने | १५ |
| ५ | आर्थिक, सामाजिक र वातावरणीय जोखिम कम हुने | १० |
| ६ | नगरपालिकाको लगानी र दीर्घकालिन दायित्व कम हुने | १० |
| ७ | निजी क्षेत्रको लगानी र व्यवस्थापन रहने साथै सार्वजनिक निजी साझेदारी संस्कृतिको विकासमा योगदान पुग्ने | १० |
| ८ | सामाजिक समावेशीकरण सहित विपन्न र सीमान्तकृत समुदायलाई फाईदा पुग्ने | ५ |
| ९ | प्रत्यक्ष वा अप्रत्यक्ष लाभहरू बढी हुने साथै आधारभूत सेवा सुविधा विस्तार हुने | ५ |
| **कुल प्राप्ताङ्क** | | **१००** |

**ग. प्राथमिकता क्रमः**

सम्बन्धित विषयगत योजनाहरूको प्राथमिकता निर्धारण गर्दा उपरोक्त क. मा उल्लेख भएको योगदान बमोजिम विषयगत प्राथमिकता निर्धारणका क्षेत्रमा प्राप्त गरेको अधिकतम अङ्कभारको कुल प्राप्ताङ्क गणना गरी देहाय बमोजिम आधारमा प्राथमिकता क्रम रहनेछ।

| क्र.सं. | कुल प्राप्ताङ्क | प्राथमिकता क्रम |
|---|---|---|
| १ | पूर्णाङ्कको ७५ प्रतिसत वा सो भन्दा माथि | प्रथम (P1) |
| २ | पूर्णाङ्कको ७५ प्रतिसत भन्दा कम | दोस्रो (P2) |

घ. योजनाहरूको विवरण, प्राप्ताङ्क र प्राथमिकता सहितको सूचिः

| क्र.सं. | विषय क्षेत्रगत योजनाहरूको नाम | प्राप्ताङ्क | प्राथमिकता क्रम | कैफियत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | | | |
| १.१ | | | | |
| १.२ | | | | |
| २.१ | सामाजिक विकास | | | |
| २.२ | | | | |
| ३ | संरचनागत पूर्वाधार निर्माण | | | |
| ३.१ | | | | |
| ३.२ | | | | |
| ४ | वन तथा वातावरण | | | |
| ४.१ | | | | |
| ४.२ | | | | |
| ५ | संस्थागत विकास | | | |
| ५.१ | | | | |
| ५.२ | | | | |

## अनुसूची – ४ (चार)
## (कार्यविधि, २०८२ को दफा १० को (१) सँग सम्बन्धित)
## आशय-पत्र माग गर्ने सूचना तथा आशय-पत्रको ढाँचा

**१. आशय-पत्र माग गर्ने सूचनः**

**विर्तामोड नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

विर्तामोड, झापा

**विषयः आशय पत्र माग गरिएको ।**

यस नगरपालिकाको मिति -------------- को निर्णय बमोजिम सूचीमा सम्लग्न गरिए बमोजिम वा ....................सम्बन्धी योजना/योजना/परियोजना/कार्यक्रमहरू सार्वजनिक निजी साझेदारीमा निर्माण/सञ्चालन तथा व्यवस्थापन गरिने भएकोले इच्छुक तथा योग्य व्यक्ति, संस्था, फर्म, कम्पनी, निकाय तथा समुदायबाट यो सूचना प्रकाशन भएको मितिले १५ दनि भित्र ............... अनलाईन मार्फत वा यस कार्यालयको ........ शाखामा ......... सोझै दर्ता गरी आशय पत्र पेश गर्नुहुन अनुरोध गरिन्छ । यस बारेमा केहि बुझ्नु परेमा नगरपालिकाको ........ शाखामा वा फोन नं. ...........सम्पर्क गर्नुहुन समेत सूचीत गराईन्छ ।

**आशयपत्र माग गरिएको सूचनाका साथ उल्लेख गरिने विषयहरू**

१. योजनाको नामः ......................................

२. प्रस्तावित योजनाको संक्षिप्त विवरणः

३. प्रस्तावित योजनाको खर्च व्यहोर्ने स्रोतः

४. आशय पत्र पेश गर्नेको योग्यताः

५. आशय पत्र पेश गर्ने फर्म वा कम्पनी वा निकाय भएमा सोको सङ्गठनात्मक संरचना तथा विवरणः

६. संयुक्त उपक्रमको रुपमा योजना कार्यान्वयन गर्ने भए संयुक्त उपक्रममा सहभागि हुनेहरूको नाम, ठेगाना, विवरण साथै उक्त उपक्रममा मूख्य भूमिका निर्वाहा गर्नेको नाम र पदः

७. बिगत ५ बर्षमा कार्यान्वयन गरेका वा सम्पन गरेका वा सञ्चालन व्यवस्थापन गरेका समान प्रकृतिका  काम र स्थान

८. बैक्तिगत परामर्शको हकमा विगत ३ बर्षमा सम्पन्न गरेका समान प्रकृतिका कामको विवरण र स्थानः

९. प्रस्तावित योजना कार्यान्वयनमा समावेश हुने प्रमुख जनशक्तिको योग्यता र अनुभव सहितको विवरणः

१०. प्रस्तावित योजना सम्पन्न गर्न लाग्ने अनुमानित समय सिमाः

११. आशय पत्र पेश गर्नेको बैक्तिगत विवरण सहितका कागजातहरुः

१२. योजनाको प्रकृति अनुसार कार्यपालिकाको निर्णय बमोजिम थप गर्न सकिने अन्य विषयहरुः

नोटः आफूले गर्न चाहेका योजना एक भन्दा बढी भएमा प्रत्यक योजनाको अलग अलग विवरण तयार पारी एकै खाम भित्र राखि पेश गर्नु पर्नेछ ।

**३. आशय पत्रपेश गर्ने पत्रको व्यहोरा**

**श्री विर्तामोड नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

विर्तामोड, झापा

**विषयः आशयपत्र पेश गरेको बारे ।**

उपरोक्त विषयमा त्यस कार्यालयको मिति --------- मा -------- प्रकाशित सूचना वा प्राप्त पत्र बमोजिमको ब्यहोरा अवगत भयो । त्यस कार्यालयले सार्वजनिक निजी साझेदारीमा निर्माण/सञ्चालन तथा व्यवस्थापन गर्ने सूचीमा सम्लग्न रहेका वा योजना शिर्षकमा समावेश गरिएका योजन/योजनाहरू निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न ------------ निवासी/ठेगाना भएको म/हामि/संस्था श्री ................................ इच्छुक रहेकोले त्यस कार्यालय बाट आशय पत्रका साथ माग भए बमोजिमका आवश्यक विवरण तथा कागजातहरू यसै साथ सम्लग्न राखि आवश्यक सूचीकरणका लागि पेश गरेको व्यहोरा अनुरोध गर्दछु ।

## आशय पत्र पेश गर्नेको विवरण

हस्ताक्षरः ----------------------------

हस्ताक्षर कर्ताको नाम थर ----------------------

पदः ---------------------------------------

प्रस्तावक व्यक्ति भए निजको ठेगानाः -------------------------------

संस्था/कम्पनी/फर्म दर्ता भएको भए दर्ता नं. ---------------------

दर्ताभएको कार्यालय वा निकायः ------------------

सम्लग्न विवरण तथा कागजातहरूको सूची

| क्र.सं. | सम्लगन विवरण तथा कागजातको विषय | थान/संख्या | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
